# निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना : निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, सहभागीतामूलक, पहुँचयोग्य र पारदर्शी रुपले व्यवस्थापन एवं सञ्चालन गराउनका लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## भाग-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "निर्वाचन सञ्चालन तथा व्यवस्थापन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अनुगमनकर्ता" भन्नाले निर्वाचनको काम कारबाही र आचारसंहिता कार्यान्वयन भए वा नभएको अनुगमन गर्न आयोगले खटाएको अनुगमनकर्ता सम्झनु पर्छ र सो शब्दले त्यसरी अनुगमन गर्न आयोगले गठन गरेको अनुगमन टोली वा अनुगमन समितिलाई समेत जनाउँछ ।

(ग) "अन्तिम मतदाता नामावली" भन्नाले दफा १९ वा ३३ बमोजिम प्रकाशन गरिएको अन्तिम मतदाता नामावली सम्झनु पर्छ ।

(घ) "अल्पसङ्ख्यक समुदाय" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको अल्पसङ्ख्यक समुदाय सम्झनु पर्छ र सो शब्दले त्यसरी नतोकिए सम्मको लागि राष्ट्रिय जनगणनाको आधारमा संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (क) को अधीनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका समुदायलाई समेत जनाउँछ ।

(ङ) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(च) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ ।

(छ) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ज) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(झ) "उम्मेदवार" भन्नाले निर्वाचनको लागि उम्मेदवारको रुपमा मनोनयन भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा ८५ बमोजिम उम्मेदवारको अन्तिम बन्दसूचीमा नाम समावेश भएको व्यक्तिलाई समेत जनाउँछ ।

(ञ) "उम्मेदवारको बन्दसूची" भन्नाले प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनको लागि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारी

दिने प्रयोजनका लागि राजनीतिक दलले दफा ८३ बमोजिम आयोग समक्ष पेश गरेको बन्दसूची सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "नाम दर्ता अधिकारी" भन्नाले दफा ४ बमोजिम आयोगले तोकेको प्रमुख नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारी सम्झनु पर्छ ।

(ड) "निर्वाचन" भन्नाले संविधान तथा यस ऐन बमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य वा स्थानीय तहका सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ढ) "निर्वाचन अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ण) "निर्वाचन अधिकृत" भन्नाले दफा ५८ बमोजिम आयोगले नियुक्त गरेको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत सम्झनु पर्छ ।

(त) "निर्वाचन कार्यक्रम" भन्नाले दफा ५७ बमोजिमको निर्वाचन कार्यक्रम सम्झनु पर्छ ।

(थ) "निर्वाचन कार्यालय" भन्नाले निर्वाचन आयोग सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(द) "निर्वाचन क्षेत्र" भन्नाले प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनका लागि संविधानको धारा २८६ को उपधारा (५) बमोजिम निर्धारण गरिएको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(ध) "निर्वाचन प्रतिनिधि" भन्नाले दफा १२६ बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधि सम्झनु पर्छ ।

(न) "निर्वाचन अवधि" भन्नाले निर्वाचन हुने मिति भन्दा एकसय बीस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि सम्झनु पर्छ ।

तर एकसय बीस दिनभन्दा कम अवधि रहने गरी निर्वाचन मिति घोषणा भएमा त्यसरी घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिनेछ ।

(प) "प्रतिनिधि सभा" भन्नाले संविधानको धारा ८४ बमोजिम गठन हुने प्रतिनिधि सभा सम्झनु पर्छ ।

(फ) "प्रदेश सभा" भन्नाले संविधानको धारा १७६ बमोजिम गठन हुने प्रदेश सभा सम्झनु पर्छ ।

(ब) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(भ) "मतगणना अधिकृत" भन्नाले दफा १०४ बमोजिमको मतगणना अधिकृत सम्झनु पर्छ ।

(म) "मतदाता" भन्नाले सम्बन्धित निर्वाचनको प्रयोजनको लागि तयार गरिएको अन्तिम मतदाता नामावलीमा नाम रहेको व्यक्ति सम्झनु पर्छ ।

(य) "मतदाता परिचयपत्र" भन्नाले दफा २४ बमोजिम आयोगले उपलब्ध गराएको मतदाता परिचयपत्र सम्झनु पर्छ ।

(र) “मतदान अधिकृत” भन्नाले दफा ६२ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ ।

(ल) “मतदान केन्द्र” भन्नाले दफा ८७ बमोजिमको मतदान स्थलमा रहेको मतदान केन्द्र सम्झनु पर्छ ।

(व) “मतपत्र” भन्नाले दफा ८८ बमोजिमको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा त्यस्तो उपकरणमा जडित डिजिटल मतपत्रलाई समेत जनाउँछ ।

(श) “मतपेटिका” भन्नाले दफा ८९ बमोजिमको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत सङ्केतलाई अभिलेख गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँछ ।

(ष) “राजनीतिक दल” भन्नाले संविधान तथा राजनीतिक दल सम्बन्धी प्रचलित कानून बमोजिम निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ र सो शब्दले एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने दलहरुको समूहलाई समेत जनाउँछ ।

(स) “राष्ट्रिय सभा” भन्नाले संविधानको धारा ८७ बमोजिम गठन हुने राष्ट्रिय सभा सम्झनु पर्छ ।

(ह) “वडा अध्यक्ष” भन्नाले स्थानीय तहको वडा अध्यक्ष सम्झनु पर्छ ।

(क्ष) “सङ्घीय संसद” भन्नाले प्रतिनिधि सभा र राष्ट्रिय सभा सम्झनु पर्छ ।

(त्र) “सचिव” भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

(ज्ञ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(कक) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

कख) “स्थानीय तहको सदस्य” भन्नाले स्थानीय तहको वडा सदस्य तथा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्षलाई समेत जनाउँछ ।

## भाग -२

## मतदाता नामावली सम्बन्धी व्यवस्था

### परिच्छेद -१

### मतदाता नामावली

३. मतदाता नामावली सङ्कलन वा अद्यावधिक गर्ने : (१) आयोगले प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यको निर्वाचनको लागि आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका स्थानीय तहको वडाको मतदाता नामावली सङ्कलन गर्ने तथा त्यसको अद्यावधिक गर्ने कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावली सङ्कलन र त्यसको अद्यावधिक गर्ने कार्य निर्वाचन कार्यालय मार्फत नियमित रुपमा गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले मतदाताको सहज पहुँचको लागि विशेष अभियानको रुपमा आयोगले तोकेको स्थान र समयमा मतदाता नामावली सङ्कलन गर्ने

व्यवस्था मिलाउन सक्नेछ । यसरी मतदाता नामावली सङ्कलन गर्दा स्थानीय तहको कुनै एक वडाको मतदाता नामावली एकै पटक सङ्कलन गर्नु पर्नेछ ।

(४) मतदाता नामावली सङ्कलन वा अद्यावधिक गर्दा अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँचको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) मतदाता नामावली सङ्कलन गर्दा सोह्र वर्ष उमेर पूरा गरेको नेपाली नागरिकको नाम सङ्कलन गर्न सकिनेछ । यसरी सङ्कलन भएको विवरणको आधारमा अठार वर्ष उमेर पूरा भएको व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गरिनेछ ।

(६) मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. <u>नाम दर्ता अधिकारी</u> : (१) दफा ३ बमोजिम मतदाताको नाम तथा अन्य आवश्यक विवरण सङ्कलन गर्न, मतदाता नामावली तयार वा अद्यावधिक गर्न र तत् सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि आयोगले प्रत्येक जिल्लामा एकजना प्रमुख नाम दर्ता अधिकारी र आवश्यकता अनुसार नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारी तोक्न सक्नेछ ।

(२) नाम दर्ता अधिकारीलाई सहयोग पुऱ्याउन आयोगले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारीलाई खटाउन वा काममा लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमका कर्मचारी खटाउँदा कर्मचारी अपुग भएको अवस्थामा सामुदायिक विद्यालयका शिक्षकलाई समेत खटाउन वा काममा लगाउन सकिनेछ ।

(४) नाम दर्ता अधिकारीको कार्यालय आयोगले तोकेको स्थानमा रहनेछ ।

५. <u>मतदाताको रुपमा नाम दर्ता</u> : देहायको नेपाली नागरिकको नाम दफा ३ बमोजिम मतदाता नामावलीमा दर्ता गरिनेछ :-

(क) अठार वर्ष उमेर पूरा भएको वा मतदान हुने अघिल्लो दिनसम्ममा अठार वर्ष पूरा हुने, र

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "मतदान हुने अघिल्लो दिन" भन्नाले दुई भन्दा बढी चरणमा निर्वाचन हुने गरी निर्वाचन मिति तोकिएको अवस्थामा पहिलो चरणमा हुने मतदानको अघिल्लो दिन सम्झनु पर्छ ।

(ख) स्थानीय तहको सम्बन्धित वडामा स्थायी बसोबास गरेको ।

६. <u>स्थायी बसोबास गरेको मानिने</u> : (१) दफा ५ को खण्ड (ख) को प्रयोजनको लागि कुनै स्थानीय तहको सम्बन्धित वडामा बस्दै आएको बसोबासलाई स्थायी बसोबास गरेको मानिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको अवस्थालाई समेत स्थायी बसोबास गरेको मानिनेछ :-

(क) जनप्रतिनिधि निर्वाचित भई आफ्नो पदावधिको समयमा आफ्नो नाम दर्ता भएको स्थानीय तहको सम्बन्धित वडामा अनुपस्थित रहेको अवस्था,

(ख) कुनै व्यक्ति व्यापार, व्यवसाय, रोजगार, अध्ययन, अध्यापन, सरकारी वा गैरसरकारी सेवा, औषधि उपचार वा अन्य कुनै काम विशेष वा कारणले वा कानून बमोजिम थुना वा कैदमा रहेको कारणले आफ्नो नाम दर्ता भएको वडामा अनुपस्थित रहेको अवस्था ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थालाई स्थायी बसोबास गरेको मानिने छैन :-

(क) कुनै उद्योग, व्यापार वा पेशा सञ्चालन गर्ने वा कार्यालय राख्ने प्रयोजनको लागि घर भाडा लिई बसेको अवस्था,

(ख) सरकारी, अर्धसरकारी तथा गैर सरकारी संस्थाको कार्यालयमा कार्यरत कर्मचारी र त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारीका लागि बनाइएको आवास गृह, सैनिक, प्रहरी वा सशस्त्र प्रहरी ब्यारेक, अस्थायी शिविर तथा आवास गृह, औद्योगिक प्रतिष्ठान तथा त्यस्तो प्रतिष्ठानमा काम गर्ने कर्मचारी तथा कामदार बस्नको लागि बनाइएको बासस्थान, अस्पताल, चिकित्सालय, नर्सिङ्ग होम, विद्यालय, क्याम्पस तथा छात्रावास, अनाथालय, वृद्धाश्रम, कारागार तथा यस्तै अन्य स्थानमा बसेको अवस्था ।

७. अन्य स्थानको मतदाताको नाम दर्ता गर्न सकिने : (१) दफा ५ बमोजिम कुनै स्थानीय तहको वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति वैवाहिक कारणले वा बसाईं सराईं गरी सोही वा अर्को स्थानीय तहको वडामा बसोबास गरेमा त्यस्ता व्यक्तिको नाम निज बसी आएको स्थानीय तहको सम्बन्धित वडामा दर्ता गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नाम दर्ता गराउँदा त्यस्तो व्यक्तिले नाम दर्ता अधिकारी समक्ष विवाह भएको वा बसाईं सरी आएको पुष्टि हुने प्रमाण र साविकमा गरेको नाम दर्ता सम्बन्धी प्रमाण पेश गर्नु पर्नेछ ।

८. दोहोरो नाम दर्ता गर्न नहुने : कुनै पनि व्यक्तिको नाम एक भन्दा बढी स्थानीय तह वा कुनै स्थानीय तहको एक भन्दा बढी वडाको मतदाता नामावलीमा दर्ता गर्नु वा गराउनु हुँदैन।

तर दफा ३५ बमोजिम अस्थायी मतदाता नामावली तयार गर्न यो व्यवस्थाले बाधा पार्ने छैन।

९. नाम दर्ता गर्न थप प्रमाण माग गर्न सक्ने : (१) दफा ३ बमोजिम कुनै व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्ने प्रयोजनको लागि विवरण सङ्कलन गर्दा नागरिकताको प्रमाणपत्र माग गरी त्यसको आधारमा नाम दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नागरिकताको प्रमाणपत्रबाट निजको जन्म वा उमेर वा बासस्थान खुल्न नसकेमा वा यकिन नभएमा नाम दर्ता अधिकारीले थप प्रमाणको रुपमा जग्गाधनी प्रमाणपूर्जा वा शैक्षिक योग्यताको प्रमाणपत्र वा राहदानी वा सवारी चालक अनुमतिपत्र माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग गरिएको प्रमाण पेश गर्न नसकेमा नाम दर्ता अधिकारीले त्यस्तो व्यक्तिसँग सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाको सिफारिस माग गर्न सक्नेछ ।

(४) उपदफा (१), (२) वा (३) बमोजिमका कागजात पेश गर्न नसक्ने व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गरिने छैन ।

१०. नाम दर्ता गर्ने र विवरण उपलब्ध गराउने कर्तव्य : मतदाता नामावली तयार गर्नको लागि आवश्यक पर्ने विवरण सहित आफ्नो स्थायी बसोबास रहेको स्थानीय तहको सम्बन्धित वडाको मतदाता नामावलीमा आफ्नो नाम तोकिए बमोजिम दर्ता गराउनु यस परिच्छेद बमोजिम मतदाता हुन योग्यता पुगेका प्रत्येक नेपाली नागरिकको कर्तव्य हुनेछ ।

११. विद्युतीय माध्यमबाट नाम दर्ता गर्न सकिने : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकेको मिति देखि विद्युतीय माध्यमबाट मतदाता नामावली दर्ता गर्न सक्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम दर्ता गर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. <u>मतदाता नामावली प्रकाशन</u> : मतदाता नामावली प्रकाशन गर्ने प्रक्रिया, स्थान र समय आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>सच्याउन दरखास्त दिने</u> : (१) दफा १२ बमोजिम प्रकाशित नामावलीमा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सच्याउनको लागि सम्बन्धित मतदाता वा निजको परिवारको सदस्यले सम्बन्धित नाम दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

<u>स्पष्टीकरण</u>ः यस उपदफा र दफा १७ को प्रयोजनको लागि “परिवारको सदस्य” भन्नाले एका सगोलमा बस्ने बाबु, आमा, पति, पत्नी, छोरा, छोरी, बाजे, बज्यै, नाति, नातिनी सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका निवेदन सम्बन्धमा नाम दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी सम्बन्धित प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदनमा आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो विवरण सच्याउनेछ ।

१४. <u>उजुरी दिन सक्ने</u> : (१) कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए प्रमाण सहित कुनै पनि व्यक्तिले नाम दर्ता अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीको कारबाही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. <u>दोहोरो नाम हटाउन निवेदन दिनु पर्ने</u> : (१) कुनै मतदाताको नाम एक भन्दा बढी स्थानको मतदाता नामावलीमा समावेश भएको देखिएमा एउटै स्थानीय तहको वडाभित्र भए सहायक नाम दर्ता अधिकारी समक्ष, एउटै जिल्लाभित्रको फरक फरक स्थानीय तहको वडामा भए जिल्लाको प्रमुख नाम दर्ता अधिकारी समक्ष र फरक फरक जिल्लाको स्थानीय तहको वडामा भए आयोग समक्ष आफू बसोबास गरेको स्थानको मतदाता नामावलीमा मात्र नाम राखी अन्य स्थानको मतदाता नामावलीबाट नाम हटाउन तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फरक फरक जिल्लाको स्थानीय तहको वडामा नाम समावेश भएको व्यक्तिले आयोग समक्ष निवेदन दिंदा सम्बन्धित नाम दर्ता अधिकारी मार्फत दिन सक्नेछ ।

१६. <u>दोहोरो नाम हटाउने</u> : (१) दफा १५ बमोजिम मतदाता नामावलीबाट नाम हटाउन कुनै मतदाताले निवेदन दिएमा जुन अधिकारी समक्ष निवेदन दिएको हो सोही अधिकारीले जाँचबुझ गरी व्यहोरा मनासिब देखिएमा निवेदकले रोजेको वडाको मतदाता नामावलीमा नाम कायम राखी अर्को मतदाता नामावलीबाट नाम हटाउनु पर्नेछ ।

(२) आयोगलाई कुनै मतदाताको नाम दोहोरो परेको जानकारी प्राप्त हुन आएमा त्यस्तो मतदाताको नाम निज स्थायी बसोबास गर्दै आएको स्थानीय तहको सम्बन्धित वडाको मतदाता नामावलीमा कायम गरी अन्य वडाको मतदाता नामावलीबाट हटाउन आयोगले सम्बन्धित नाम दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ ।

(३) नाम दर्ता अधिकारी स्वयंलाई कुनै मतदाताको नाम दोहोरो परेको जानकारी प्राप्त भएमा एउटै स्थानीय तहको वडामा भए सहायक नाम दर्ता अधिकारीले एउटै जिल्ला भित्रका फरक फरक स्थानीय तहको वडामा भए सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीले र फरक फरक जिल्लाको स्थानीय तहको वडामा भए आयोगले तोकेको अधिकारीले त्यस्तो मतदाताको नाम निज स्थायी बसोबास गर्दै आएको स्थानीय तहको सम्बन्धित वडाको मतदाता नामावलीमा कायम गरी अन्य वडाको मतदाता नामावलीबाट हटाउनु पर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम दोहोरो नाम हटाउनु अघि त्यस्तो मतदातालाई हालको स्थायी बसोबासको विवरण पेश गर्न अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । यसरी तोकिएको अवधिभित्र त्यस्तो मतदाताले विवरण पेश गरेमा सोको आधारमा हाल स्थायी बसोबास गरेको स्थानको मतदाता नामावलीमा नाम कायम गरी अर्को स्थानको मतदाता नामावलीबाट नाम हटाउनु पर्नेछ र त्यस्तो अवधिभित्र स्थायी बसोबासको विवरण पेश नगरेमा पछिल्लो पटक थप भएको स्थानलाई स्थायी बसोबास रहेको मानी सो स्थानको मतदाता नामावलीको नाम कायम गरी अर्को स्थानको मतदाता नामावलीबाट नाम हटाउनु पर्नेछ ।

(५) कुनै व्यक्तिको नाम मतदाता नामावलीबाट हटाइएमा त्यसको जानकारी तोकिए बमोजिम सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

१७. <u>मतदाता नामावलीबाट नाम हटाउने</u> : (१) मतदाता नामावलीमा नाम समावेश भएको कुनै व्यक्तिको मृत्यु भएमा वा कुनै व्यक्तिले नागरिकता त्याग गरेमा निजको एकाघर परिवारका सदस्यले प्रमाण सहित नाम दर्ता अधिकारी समक्ष सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि नाम दर्ता अधिकारीले तोकिए बमोजिम जाँचबुझ गर्दा त्यस्तो व्यहोरा मनासिब देखिएमा त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट तोकिए बमोजिम हटाउनु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदाता नामावलीमा नाम समावेश भएको कुनै व्यक्तिको मृत्यु भएको भनी सम्बन्धित स्थानीय तहको पञ्जिकाधिकारीको कार्यालयबाट वा कुनै व्यक्तिले नागरिकता त्याग वा बदर गरेको कुरा जिल्ला प्रशासन कार्यालयबाट प्रमाण सहितको जानकारी सम्बन्धित प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा प्राप्त भएमा नाम दर्ता अधिकारीले जाँचबुझ गरी त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट हटाउन सक्नेछ ।

(४) कुनै व्यक्तिको नाम मतदाता नामावलीबाट हटाइएमा त्यसको सूचना नाम दर्ता अधिकारीले सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा टाँस्नु पर्नेछ ।

१८. <u>मतदाता नामावली पेश गर्ने</u> : यस परिच्छेद बमोजिम प्रक्रिया पूरा गरिसकेपछि नाम दर्ता अधिकारीले मतदाता नामावली सम्बन्धी विवरण निर्वाचन कार्यालयको अभिलेखमा अद्यावधिक गरी त्यस्तो मतदाता नामावली आयोगमा पठाउनु पर्नेछ ।

१९. <u>अन्तिम मतदाता नामावली प्रकाशन</u> : (१) दफा १८ बमोजिम अद्यावधिक मतदाता नामावली प्राप्त भएको मितिले तोकिएको अवधि भित्र आयोगले केन्द्रीय डाटा बेसमा दोहोरिएको वा नदोहिरिएको यकिन (डुप्लिकेशन भेरिफिकेशन) गरी प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नामावली प्रकाशन गर्दा मतदाता नामावलीमा नाम दर्ता गराएको व्यक्तिको नाम छुटेको, दोहोरो परेको वा व्यहोरा फरक परेको सम्बन्धमा उजुरी गर्न तोकिए बमोजिमको समय दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयभित्र कसैको उजुरी परेमा सो सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ एवं संशोधन सहित अन्तिम मतदाता नामावली स्वीकृत गरी प्रकाशन गर्नु पर्नेछ र त्यस्तो नामावली निर्वाचन कार्यालय मार्फत सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त अन्तिम मतदाता नामावली सर्वसाधारणले हेर्न मिल्ने व्यवस्था स्थानीय तहले गर्नु पर्नेछ ।

(५) अन्तिम मतदाता नामावली प्रकाशन गर्दा प्रत्येक वर्ष चैत मसान्तलाई निर्दिष्ट मिति मानी सो मितिमा अठार वर्ष उमेर पूरा भएका नेपाली नागरिकको नाम त्यस्तो मतदाता नामावलीमा समावेश गरिनेछ ।

२०. अन्तिम मतदाता नामावली वेबसाइटमा राख्ने : आयोगले अन्तिम मतदाता नामावली सर्वसाधारणको जानकारी तथा मतदाताको पहुँचको लागि आफ्नो वेबसाइटमा राख्नु पर्नेछ ।

२१. विवरण उपलब्ध गराउनु पर्ने : (१) मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि देहायका निकाय वा अधिकारीबाट देहायका विवरण आयोगलाई उपलब्ध गराउनु पर्नेछ :-

(क) बसाईं सराईं, विवाह दर्ता तथा मृत्यु दर्ताको विवरण स्थानीय पञ्जिकाधिकारीले सम्बन्धित निर्वाचन कार्यालयमा,

(ख) नागरिकता त्याग गरेको विवरण जिल्ला प्रशासन कार्यालयले सम्बन्धित निर्वाचन कार्यालयमा ,

(ग) नागरिकता रद्द गरेको विवरण नेपाल सरकार, गृह मन्त्रालयले निर्वाचन आयोगमा ।

(२) उपदफा (१) बमोजिमको विवरण आयोगलाई उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

२२. विदेशमा रहेका व्यक्तिको नामावली सङ्कलन गर्ने : (१) आयोगले मतदाता नामावली तयार गर्ने प्रयोजनको लागि विदेशमा रहेका नेपाली नागरिकको नामावली सङ्कलन गर्न सम्भाव्यताका आधारमा आवश्यक प्रबन्ध गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण सङ्कलन गर्न आयोगले कुटनीतिक नियोग तथा अन्य निकायको सहयोग लिन सक्नेछ ।

२३. मतदाता नामावलीबाट नाम रद्द गर्ने : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि झुट्टा विवरणका आधारमा मतदाता नामावली तयार भई अन्तिम मतदाता नामावलीमा त्यस्तो नाम प्रकाशन भएको कुरा प्रमाणबाट स्पष्ट देखिन आएमा आयोगले त्यस्तो मतदाताको नाम रद्द गर्नेछ ।

तर त्यसरी नाम रद्द गर्नु अघि सम्बन्धित व्यक्तिलाई सफाइको मनासिब मौका दिनु पर्नेछ ।

२४. मतदाता परिचयपत्र उपलब्ध गराउने : (१) मतदान गर्ने प्रयोजनको लागि आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई निजको फोटोसहितको मतदाता परिचय पत्र उपलब्ध गराउनेछ ।

(२) मतदाता परिचय पत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. अदालतमा प्रश्न उठाउन नसकिने : देहायका विषयमा कुनै पनि अदालतमा प्रश्न उठाउन सकिने छैन :-

(क) अन्तिम मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषयमा, वा

(ख) नाम दर्ता अधिकारी वा निजले खटाएको अधिकार प्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा यस परिच्छेद बमोजिम सम्बन्धित अधिकारीले मतदाता नामावलीमा थपघट गरेको विषयमा ।

## परिच्छेद-२

## मतदाता नामावली सम्बन्धी विशेष व्यवस्था

२६. <u>राष्ट्रपति वा उपराष्ट्रपति निर्वाचनको लागि मतदाता नामावली तयार गर्नेः</u> (१) आयोगले सङ्घीय संसदको सदस्य तथा प्रदेश सभा सदस्य पदमा तत्काल कायम रहेका व्यक्तिको विवरणको आधारमा राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको लागि मतदाता नामावली तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावली तयार गर्दा आयोगले सङ्घीय संसदको सदस्य पदमा तत्काल कायम रहेका व्यक्तिको अद्यावधिक विवरण सङ्घीय संसद सचिवालयबाट र प्रदेश सभाको सदस्य पदमा तत्काल कायम रहेका व्यक्तिको अद्यावधिक विवरण सम्बन्धित प्रदेश सभा सचिवालयबाट माग गर्न सक्नेछ ।

२७. <u>राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि मतदाता नामावली तयार गर्ने</u> : (१) आयोगले सम्बन्धित प्रदेश सभा सदस्य पदमा तत्काल कायम रहेका तथा सम्बन्धित प्रदेश भित्रका अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख पदमा तत्काल कायम रहेका व्यक्तिको विवरणको आधारमा राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि मतदाता नामावली तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावली तयार गर्न आयोगले प्रदेश सभा सदस्यको पदमा तत्काल कायम रहेका व्यक्तिको अद्यावधिक विवरण सम्बन्धित प्रदेश सभा सचिवालयबाट र प्रदेश भित्रका अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख पदमा तत्काल कायम रहेका व्यक्तिको अद्यावधिक विवरण सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयबाट माग गर्न सक्नेछ ।

२८. <u>मतदाता नामावली प्रकाशन गर्ने</u> : (१) दफा २६ वा २७ बमोजिम तयार गरेको मतदाता नामावली आयोगले सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ र निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा त्यस्तो मतदाता नामावली आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावली प्रकाशन गर्दा मतदाता नामावलीमा नाम समावेश हुन छुटेको व्यक्तिले आ ̄नो नाम समावेश गर्नको लागि निवेदन दिने, मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि विवरण सच्याउन निवेदन दिने, मतदाता नामावलीमा नाम समावेश भएको कुनै व्यक्तिको विरोधमा उजुरी दिने मिति, समय र स्थान समेत उल्लेख गरी सूचना प्रकाशन गर्नु पर्नेछ ।

२९. <u>मतदाता नामावलीमा छुट नाम समावेश गर्ने</u> : (१) दफा २८ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम छुट भएको व्यक्तिले आ ̄नो नाम समावेश गर्नको लागि सो नामावली प्रकाशन गर्दा तोकिएको समयावधि भित्र निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावलीमा नाम समावेश गराउन निवेदन दिने व्यक्तिले राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको हकमा आफू सङ्घीय संसदको सदस्य वा प्रदेश सभाको सदस्य पदमा निर्वाचित भई कायम रहेको र राष्ट्रिय सभा सदस्यको निर्वाचनको हकमा आफू प्रदेश सभा सदस्य, अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख पदमा निर्वाचित भई कायम रहेको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले सम्बन्धित व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गर्नुपर्नेछ ।

३०. <u>नाम, थर, उमेर, पद आदि सच्याउने</u> : (१) दफा २८ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, उमेर, पद वा अन्य व्यहोरामा लेखाई वा छपाईको त्रुटि सच्याउन सम्बन्धित व्यक्तिले सो नामावली प्रकाशन गर्दा तोकिएको मिति, समय र स्थानमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले सम्बन्धित व्यक्तिको विवरण सच्याउनु पर्नेछ ।

३१. <u>मतदाताको विरोधमा उजुरी दिने</u> : (१) दफा २८ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको मतदाताको विरोधमा अर्को कुनै मतदाताले उजूर गर्न चाहेमा सो नामावली प्रकाशन गर्दा तोकिएको मिति, समय र स्थानमा प्रमाण सहित उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले त्यसरी दर्ता भएका उजुरीको सूची तयार गरी आफ्नो कार्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनामा जसको विरुद्ध उजुरी परेको हो त्यस्तो व्यक्तिले सो सूचनामा उल्लिखित समयावधि भित्र उजुरी खण्डन गर्ने आवश्यक सबुद प्रमाण पेश गर्नु पर्ने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ ।

३२. <u>उजुरीको जाँचबुझ गर्ने</u> : (१) दफा ३१ बमोजिमको उजुरी सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा निर्वाचन अधिकृतले दफा ३१ को उपदफा (२) बमोजिम सम्बन्धित व्यक्तिले सबुद प्रमाण पेश गरेको भए सो सम्बन्धमा समेत जाँचबुझ गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले कुनै सबुद प्रमाण संलग्न नभएको उजुरी उपर कुनै कारबाही गर्ने छैन ।

३३. <u>अन्तिम मतदाता नामावली प्रकाशन गर्ने</u> : (१) दफा ३१ बमोजिम उजुरी परेकोमा निर्वाचन अधिकृतले त्यस्तो उजुरीका सम्बन्धमा दफा ३२ बमोजिम जाँचबुझ गरी र उजुरी नपरेकोमा उजुरी गर्ने म्याद समाप्त भएपछि अन्तिम मतदाता नामावली तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अन्तिम मतदाता नामावली निर्वाचन अधिकृतले आयोगमा पठाउनु पर्नेछ र सो नामावली आयोगले आफ्नो वेबसाइटमा राख्नु पर्नेछ ।

३४. <u>मतदाता नामावली तयार गर्ने सम्बन्धी विशेष व्यवस्था</u> : (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको निर्वाचनको लागि निर्वाचन अधिकृतले गाउँसभा वा नगरसभाको सदस्य पदमा कायम रहेका व्यक्तिहरुको विवरण सङ्कलन गरी मतदाता नामावली तयार गर्नु पर्नेछ ।

(२) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको निर्वाचनको लागि निर्वाचन अधिकृतले जिल्ला सभाका सदस्य पदमा कायम रहेका व्यक्तिहरुको विवरण सङ्कलन गरी मतदाता नामावली तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको मतदाता नामावली सङ्कलन तथा प्रकाशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. <u>अस्थायी मतदाता नामावली तयार गर्ने</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनको लागि आयोगले छुट्टै अस्थायी मतदाता नामावली तयार गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अस्थायी मतदाता नामावलीमा दफा १९ बमोजिम कुनै स्थानीय तहको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका देहायका व्यक्तिको नाम समावेश गरिनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी,

(ख) नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालका सुरक्षाकर्मी,

(ग) कारागारमा रहेका थुनुवा वा कैदी,

(घ) निर्वाचन कार्यमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी,

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा प्रचलित कानून बमोजिम स्वीकृति लिई सञ्चालन भएको बाल सुधार गृह वा वृद्धाश्रममा बसेको व्यक्ति,

(च) आयोगले तोकेको अन्य व्यक्ति ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी बसोबास गरेको स्थानको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरिनेछ ।

(४) यस दफा बमोजिम तयार गरिएको अस्थायी मतदाता नामावली जुन निर्वाचनको लागि तयार गरिएको हो सो निर्वाचन सम्पन्न भए पछि स्वतः रद्द भएको मानिनेछ ।

(५) अस्थायी मतदाता नामावली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. अन्य प्रयोजनका लागि प्रमाणमा नलाग्ने : यस ऐन बमोजिम तयार गरिएको मतदाता नामावली वा दफा ३५ बमोजिमको अस्थायी मतदाता नामावली मतदानको प्रयोजनको लागि र प्रचलित कानूनमा विशेष व्यवस्था भएकोमा बाहेक अन्य प्रयोजनको लागि प्रमाणमा लाग्ने छैन ।

३७. अन्तिम मतदाता नामावलीमा थपघट तथा हेरफेर गर्न नहुने : यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक अन्तिम मतदाता नामावलीमा हेरफेर, थपघट गर्न वा सच्याउन सकिने छैन ।

३८. अन्तिम मतदाता नामावलीको प्रतिलिपि उपलब्ध गराउनु पर्ने : कुनै उम्मेदवारले अन्तिम मतदाता नामावलीको प्रतिलिपि माग गरेमा आयोगले तोकिए बमोजिमको दस्तुर लिई सो नामावलीको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

३९. मतदान गर्ने अधिकार हुने : (१) मतदाता परिचयपत्र प्राप्त प्रत्येक मतदातालाई प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहको सदस्यको निर्वाचनमा देहाय बमोजिम मतदान गर्ने अधिकार हुनेछ :

(क) प्रतिनिधि सभाको सदस्य वा प्रदेश सभाको सदस्यको निर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्रभित्रको स्थानीय तहको वडामा स्थायी बसोबास भएको व्यक्ति,

(ख) प्रमुख वा उपप्रमुखको निर्वाचनको लागि सम्बन्धित नगरपालिका भित्र स्थायी बसोबास भएको व्यक्ति,

(ग) अध्यक्ष वा उपाध्यक्षको निर्वाचनको लागि सम्बन्धित गाउँपालिका भित्र स्थायी बसोबास भएको व्यक्ति,

(घ) वडा अध्यक्ष वा नगरपालिका वा गाउँपालिकाको वडा सदस्यको लागि सम्बन्धित वडामा स्थायी बसोबास भएको व्यक्ति ।

(२) दफा ३३ बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको सङ्घीय संसद वा प्रदेश सभाको सदस्यलाई राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा मतदान गर्ने अधिकार हुनेछ ।

(३) दफा ३३ बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका सम्बन्धित प्रदेश सभाका सदस्य तथा सम्बन्धित प्रदेशका स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखलाई राष्ट्रिय सभा सदस्यको निर्वाचनमा मतदान गर्ने अधिकार हुनेछ ।

(४) दफा ३४ बमोजिम गाउँ कार्यपालिकाको सदस्य वा नगर कार्यपालिकाको सदस्यको निर्वाचनको लागि तयार गरिएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यलाई सो निर्वाचनमा मतदान गर्ने अधिकार हुनेछ ।

(५) दफा ३४ बमोजिम जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको निर्वाचनको लागि तयार गरिएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका सम्बन्धित जिल्ला सभाका सदस्यलाई सो निर्वाचनमा मतदान गर्ने अधिकार हुनेछ ।

(६) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएतापनि देहायका मतदाताले मतदान गर्न पाउने छैनन् :-

(क) मानसिक सन्तुलन ठीक नभएको,

(ख) निर्वाचन कसुर तथा सजाय सम्बन्धी सङ्घीय कानून बमोजिम कैदको सजाय पाई त्यस्तो सजाय भोगिरहेको वा त्यस्तो कानून बमोजिम एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको अवस्थामा त्यस्तो कैदको सजाय भोगिसकेको मितिले एक वर्षको अवधि भुक्तान नभएको ।

(७) उपदफा (२), (३), (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसद सदस्य, प्रदेश सभा सदस्य वा गाउँ सभा वा नगर सभाको सदस्य पदबाट निलम्बन भएको व्यक्ति राष्ट्रपति, उपराष्ट्रपति, राष्ट्रिय सभा सदस्य, गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य वा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको निर्वाचन प्रक्रियामा सहभागी हुन सक्ने छैन ।

४०. मतदाता प्रमाणित गरिदिने : कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको कुनै मतदाताले त्यस्तो व्यहोरा प्रमाणित गरी पाउँ भनी तोकिए बमोजिम निवेदन दिएमा निर्वाचन अधिकारीले त्यस्तो व्यहोरा तोकिए बमोजिम प्रमाणित गरिदिनु पर्नेछ ।

४१. सहयोग लिन सक्ने : (१) आयोग वा निर्वाचन कार्यालय वा नाम दर्ता अधिकारीले मतदाताको नामावली सङ्कलन गर्ने सिलसिलामा आवश्यकता अनुसार नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतको निकाय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अनुदानमा सञ्चालित संस्था वा सामाजिक सङ्घ, संस्था तथा अन्य निकाय र कुनै पनि व्यक्तिको सहयोग लिन सक्नेछ ।

(२) मतदाता नामावली सङ्कलन गर्दा आयोग वा निर्वाचन कार्यालय वा नाम दर्ता अधिकारीलाई आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४२. अन्य निकायमा रहेको विवरणलाई आधार लिन सकिनेः मतदाता नामावलीमा मतदाताको नाम यकिन गरी दोहोरो पर्न नदिने साथै सम्पूर्ण मतदाताको विवरण अद्यावधिक बनाई राख्ने प्रयोजनको लागि आयोगले अन्य सरकारी निकायमा रहेको विवरणलाई समेत आधार लिन सक्नेछ ।

## भाग -३

## निर्वाचन प्रणाली

### परिच्छेद-१

### राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन

४३. निर्वाचन प्रणाली : राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसदका सदस्य तथा प्रदेश सभाका सदस्यले दिएको मतको आधारमा संविधानको धारा ६२ वा ६९ को अधीनमा रही गर्नु पर्नेछ ।

४४. निर्वाचक मण्डल : (१) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको लागि सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डल रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसद वा प्रदेश सभाको कुनै सदस्यको पद रिक्त रहेको वा कुनै प्रदेश सभाको निर्वाचन नभएको कारणले मात्र निर्वाचक मण्डल गठन गर्न बाधा पुग्ने छैन ।

(३) उपदफा (१) बमोजिमको निर्वाचक मण्डलमा रहने सदस्यको मतभार अनुसूची -१ बमोजिम हुनेछ ।

## परिच्छेद-२

## प्रतिनिधिसभा सदस्य निर्वाचन

४५. निर्वाचन प्रणाली : प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि देहायको निर्वाचन प्रणाली अपनाइनेछः-

(क) एकसय पैसठ्ठी सदस्य सङ्ख्याको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली,

(ख) एकसय दश सदस्य सङ्ख्याको लागि समानुपातिक निर्वाचन प्रणाली ।

४६. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुनेछ ।

४७. समानुपातिक निर्वाचन प्रणाली : समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने र प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कूल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुनेछन् ।

## परिच्छेद-३

## राष्ट्रियसभा सदस्य निर्वाचन

४८. राष्ट्रियसभा सदस्य निर्वाचन प्रणाली : (१) राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि दफा ४९ बमोजिम प्रत्येक प्रदेशमा गठन हुने निर्वाचक मण्डलले गोप्य मतदानद्वारा प्रत्येक प्रदेशबाट देहाय बमोजिम आठ जना सदस्य निर्वाचित गर्नेछ :-

(क) महिला समूहबाट प्रतिनिधित्व गर्ने सदस्यको लागि दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने तीन जना,

(ख) दलित समूहबाट प्रतिनिधित्व गर्ने सदस्यको लागि दिइने एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने एक जना,

(ग) अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट प्रतिनिधित्व गर्ने सदस्यको लागि दिइने एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने एक जना,

(घ) खण्ड (क), (ख) र (ग) बाहेकका अन्य सदस्यको लागि दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने तीन जना ।

(२) उपदफा (१) को खण्ड (क) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको धारा ८६ को उपधारा (३) बमोजिम कायम भएको पदावधि समाप्त भई कुनै समूहको एक जना सदस्यको लागि मात्र निर्वाचन गर्नु पर्ने अवस्थामा वा सो खण्ड बमोजिम निर्वाचित कुनै सदस्यको पद जुनसुकै कारणले रिक्त भई उपनिर्वाचन हुँदा मतदाताले दिने एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने एक जना निर्वाचित हुनेछ ।

४९. निर्वाचक मण्डल : (१) राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि प्रत्येक प्रदेशमा देहायका मतदाता रहेको एक निर्वाचक मण्डल रहनेछ :-

(क) प्रदेश सभाका सदस्य,

(ख) अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेशमा प्रदेश सभाको सदस्य, अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुखको निर्वाचन हुन नसकेको वा अन्य कुनै कारणले पद रिक्त भएको कारणले मात्र निर्वाचक मण्डल गठन गर्न बाधा पुग्ने छैन ।

(३) उपदफा (१) बमोजिमको निर्वाचक मण्डलमा रहने सदस्यको मतभार अनुसूची-२ बमोजिम हुनेछ ।

## परिच्छेद -४

## प्रदेश सभा सदस्य निर्वाचन

५०. निर्वाचन प्रणाली : प्रदेश सभा सदस्यको निर्वाचनको लागि देहायको निर्वाचन प्रणाली अपनाइनेछ :-

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली,

(ख) समानुपातिक निर्वाचन प्रणाली ।

५१. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार प्रदेश सभा सदस्यमा निर्वाचित हुनेछ ।

५२. समानुपातिक निर्वाचन प्रणाली : समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्रत्येक प्रदेशको सम्पूर्ण क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने र प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कूल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रदेश सभा सदस्यमा निर्वाचित हुनेछन् ।

## परिच्छेद -५

## स्थानीय तहका सदस्य तथा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको निर्वाचन

५३. स्थानीय तहका सदस्यको निर्वाचन प्रणाली : (१) अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख वा वडा अध्यक्षको निर्वाचनमा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ ।

(२) स्थानीय तहको वडा समितिमा रहने दलित महिला तथा महिला सदस्यको निर्वाचनमा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ ।

(३) स्थानीय तहको वडा समितिमा रहने दुई वडा सदस्यको निर्वाचनमा दुई जनालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने दुई जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ ।

(४) गाउँ कार्यपालिकाको महिला सदस्यको निर्वाचनमा चार जनालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने चार जना महिला र नगर कार्यपालिकाको महिला सदस्यको निर्वाचनमा पाँच जनालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने पाँच जना महिला निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ ।

(५) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचनमा दुई जनालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने दुई जना र नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचनमा तीन जनालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने तीन जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ ।

५४. <u>जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यको निर्वाचन प्रणाली</u> : (१) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा एक जना दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्यको निर्वाचनमा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ ।

(२) जिल्ला समन्वय समितिको महिला सदस्यको निर्वाचनमा तीन जनालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने तीन जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ ।

(३) जिल्ला समन्वय समितिको अन्य सदस्यको निर्वाचनमा जति जना सदस्य निर्वाचित गर्नुपर्ने हो त्यति जनालाई दिइने एक-एक मतको आधारमा सबै भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ ।

५५. <u>निर्वाचक मण्डल</u> : जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख तथा सदस्यको निर्वाचनको लागि प्रत्येक जिल्लामा देहायका मतदाता रहेको एक निर्वाचक मण्डल रहनेछ :-

(क) जिल्ला भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष,

(ख) जिल्ला भित्रका नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख ।

## भाग -४

## निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

### परिच्छेद -१

### <u>निर्वाचन हुने मिति</u>

५६. <u>निर्वाचनको मिति तोक्ने</u> : (१) आयोगले नेपाल सरकारसँग परामर्श गरी निर्वाचनको मिति तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचनको मिति तोक्दा देहायको पदको निर्वाचन देहाय बमोजिम हुने गरी तोक्नु पर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन पदावधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अघि वा कुनै कारणले पदावधि समाप्त नहुँदै सो पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र सम्पन्न हुने गरी,

(ख) प्रतिनिधि सभा सदस्यको निर्वाचन प्रतिनिधि सभाको कार्यकाल पूरा हुनु भन्दा दुई महिना अघि सम्पन्न हुने गरी,

(ग) राष्ट्रिय सभा सदस्यको निर्वाचन संविधानको धारा ८६ को उपधारा (३) बमोजिम पदावधि समाप्त हुनु भन्दा दुई महिना अघि निर्वाचन सम्पन्न हुने गरी,

(घ) प्रदेश सभा सदस्यको निर्वाचन सो सभाको कार्यकाल पूरा हुनु भन्दा दुई महिना अघि सम्पन्न हुने गरी,

(ङ) स्थानीय तहका सदस्यको निर्वाचन गाउँ सभा वा नगर सभाको कार्यकाल पूरा हुनुभन्दा दुई महिना अघि नै सम्पन्न हुने गरी,

(च) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका सदस्यको निर्वाचन स्थानीय तहको निर्वाचन परिणाम प्राप्त भएको पन्ध्र दिन भित्र सम्पन्न हुने गरी,

(छ) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको निर्वाचन जिल्ला सभा गठन भएको पन्ध्र दिन भित्र सम्पन्न हुने गरी ।

(३) उपदफा (१) र उपदफा (२) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधिसभा विघटन भएकोमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन भएको छ महिनाभित्र निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ ।

(४) उपदफा (१) र उपदफा (२) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा १६८ को उपधारा (७) बमोजिम प्रदेश सभा विघटन भएकोमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभा विघटन भएको छ महिनाभित्र निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम राष्ट्रपति वा प्रदेश प्रमुख समक्ष सिफारिस गर्दा प्रधानमन्त्री वा मुख्यमन्त्रीले निर्वाचन मितिका सम्बन्धमा आयोगसँग परामर्श गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम निर्वाचनको मिति तोक्दा एउटै मितिमा निर्वाचन हुने गरी तोक्नु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यको निर्वाचन सुरक्षा, प्राकृतिक विपद वा मौसमको प्रतिकूलताको कारणले एउटै मितिमा सम्पन्न गर्न सम्भव नहुने भएमा त्यसको कारण खुलाई दुई वा दुई भन्दा बढी चरणमा निर्वाचन हुने गरी अलग-अलग मिति तोक्न बाधा पर्ने छैन ।

(८) उपदफा (७) बमोजिम एक भन्दा बढी चरणमा निर्वाचन हुने गरी निर्वाचन मिति तोक्दा सामान्यतयाः एउटा प्रदेशमा एकै चरणमा सम्पन्न हुने गरी तोक्नु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम अलग अलग मितिमा सम्पन्न भएको निर्वाचन उपदफा (२) को खण्ड (ख) वा (ङ) बमोजिम तोकिएको निर्वाचनको पहिलो मितिमा सम्पन्न भएको मानिनेछ ।

(१०) यस दफा बमोजिम निर्वाचनको मिति तोकेको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

५७. <u>निर्वाचन कार्यक्रमको सूचना</u> : (१) दफा ५६ बमोजिम निर्वाचनको मिति तोकेको सूचना प्रकाशन गर्दा आयोगले निर्वाचन कार्यक्रम समेत प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५६ को उपदफा (३) वा (४) बमोजिम निर्वाचन मिति तोकिएको अवस्थामा सोको सात दिनभित्र आयोगले निर्वाचन कार्यक्रम प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गर्दा निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता गर्ने, उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, उम्मेदवार मनोनयनपत्रको विरोधमा उजुरी दिने, मनोनयनपत्र जाँच गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र मतदान गर्ने मिति, समय र स्थान उल्लेख गर्नु पर्नेछ ।

तर राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा राजनीतिक दल दर्ता गर्ने तथा निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम उल्लेख हुने छैन ।

(४) उपदफा (१) बमोजिमको निर्वाचन कार्यक्रममा प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि उम्मेदवारको बन्दसूची आयोगमा पेश गर्ने, सो उपर दाबी विरोध गर्ने र उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गर्ने समेतको कार्यक्रम समेत समावेश गर्नु पर्नेछ ।

(५) निर्वाचन कार्यक्रमको सूचना सम्बन्धित निर्वाचन अधिकृतले निर्वाचन अधिकृतको कार्यालयमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(६) उपदफा (३) बमोजिमको निर्वाचन कार्यक्रममा राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको हकमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भए पछि र अन्य निर्वाचनको हकमा निर्वाचन चिन्ह प्रदान गरे पछि निर्वाचन प्रचार-प्रसारको लागि कम्तीमा देहाय बमोजिमको अवधि रहने गरी व्यवस्था गर्नु पर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको लागि सात दिन,

(ख) प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि एक्काइस दिन,

(ग) प्रदेश सभा सदस्यको निर्वाचनको लागि एक्काइस दिन,

(घ) राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि सात दिन,

(ङ) स्थानीय तहका सदस्यको निर्वाचनको लागि एक्काइस दिन ।

(७) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न, कुनै प्रकारको अन्तरक्रिया, गोष्ठी वा सेमिनार गर्न वा अन्य कुनै पनि प्रकारले प्रचार-प्रसार गर्न वा गराउन हुँदैन ।

## परिच्छेद-२

## निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारी

५८. निर्वाचन अधिकृतको नियुक्ति : (१) आयोगले देहायको निर्वाचनको लागि देहायका पदाधिकारीलाई निर्वाचन अधिकृत नियुक्त गर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको लागि न्याय परिषद्को परामर्शमा उच्च अदालतको न्यायाधीश,

(ख) राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि प्रत्येक प्रदेशमा न्याय परिषद्को परामर्शमा जिल्ला अदालतको प्रमुख जिल्ला न्यायाधीश,

(ग) प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यको निर्वाचनको लागि प्रत्येक जिल्लामा न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृत ।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको सदस्यको निर्वाचनको लागि आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका निजामती सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई समेत निर्वाचन अधिकृतमा नियुक्ति गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन एकै चरणमा हुने गरी निर्वाचन मिति तोकिएकोमा प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि नियुक्त भएको मुख्य निर्वाचन अधिकृतलाई प्रदेश सभा सदस्यको निर्वाचनको लागि समेत मुख्य निर्वाचन अधिकृतको रुपमा र प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि नियुक्त भएको निर्वाचन अधिकृतलाई प्रदेश सभाका सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको रुपमा समेत काम गर्ने गरी तोक्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै जिल्लामा एक स्थानीय तहमा मात्र अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख वा वडाअध्यक्ष पदको उपनिर्वाचन गर्नुपर्ने भएमा त्यस्तो उपनिर्वाचनको प्रयोजनको लागि सम्बन्धित जिल्लाको निर्वाचन अधिकारीलाई निर्वाचन अधिकृतको रुपमा नियुक्त गर्न सकिनेछ ।

५९. मुख्य निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार : (१) आयोगको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्लाभित्रको निर्वाचन क्षेत्रहरुको निर्वाचन सम्बन्धी कामको समन्वय र सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिनु मुख्य निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(२) मुख्य निर्वाचन अधिकृतले जिल्लाको सदरमुकाम रहेको निर्वाचन क्षेत्र वा स्थानीय तहको निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारको प्रयोग र पालना समेत गर्नेछ ।

तर सदर मुकाम रहेको स्थानीय तह एक भन्दा बढी निर्वाचन क्षेत्र पर्ने भएमा सो मध्ये आयोगले तोकेको निर्वाचन क्षेत्रको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको रुपमा काम गर्नु पर्नेछ ।

(३) मुख्य निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६०. निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार : (१) आयोग र मुख्य निर्वाचन अधिकृतको निर्देशनको अधीनमा रही यो ऐन, अन्य प्रचलित कानून बमोजिम स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा निर्वाचन सम्पन्न गर्न आवश्यक काम कारबाही गर्नु, गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(२) निर्वाचन अधिकृतले निर्वाचनको काम गर्न खटाएको कर्मचारीलाई आवश्यकता अनुसार आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनयनपत्र सदर वा बदर गर्ने, मतपत्र सदर वा बदर गर्ने तथा मतगणनाको अन्तिम परिणाम घोषणा गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मतदान केन्द्रमा मतगणनाको व्यवस्था गरिएको अवस्थामा सो प्रयोजनको लागि नियुक्त गरिएको वा तोकिएको मतगणना अधिकृतले मतपत्र सदर वा बदरको निर्णय गर्नेछ ।

(५) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६१. सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको नियुक्ति : (१) निर्वाचन अधिकृतले आयोगले तोके बमोजिमको सङ्ख्यामा सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(२) निर्वाचन अधिकृतले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा आवश्यकता अनुसार विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई समेत निर्वाचन सम्बन्धी काममा लगाउन वा खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदानको लागि मतदान केन्द्रमा कर्मचारी खटाउँदा कर्मचारीको हकमा निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निजको घर ठेगाना रहेको र कार्यरत रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी खटाउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही निर्वाचन सम्बन्धी काम गर्नु सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको कर्तव्य हुनेछ ।

६२. मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको नियुक्ति : (१) निर्वाचन अधिकृतले प्रत्येक मतदान केन्द्रमा एक जना मतदान अधिकृत तथा एक जना सहायक मतदान अधिकृत नियुक्ति गरी खटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृत वा सहायक मतदान अधिकृत खटाउँदा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा आवश्यकता अनुसार विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई समेत खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदान अधिकृत वा सहायक मतदान अधिकृत खटाउँदा कर्मचारीको हकमा निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निजको घर ठेगाना रहेको र कार्यरत रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी खटाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त मतदान अधिकृत र सहायक मतदान अधिकृतले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेश बमोजिम मतदान सम्बन्धी सम्पूर्ण काम स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गराउनु पर्नेछ ।

(५) मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## उम्मेदवार तथा मनोनयनपत्र

६३. उम्मेदवारको योग्यता : (१) देहायको योग्यता पूरा गरेको नेपालको नागरिक देहायको पदको निर्वाचनमा उम्मेदवार हुन सक्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको पदमा पैंतालीस वर्ष उमेर पूरा भएको,

(ख) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको पदमा पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) राष्ट्रिय सभा सदस्यको पदमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) स्थानीय तहको सदस्यको पदमा एक्काइस वर्ष उमेर पूरा भएको,

(ङ) राष्ट्रपति वा उपराष्ट्रपति, प्रतिनिधि सभा सदस्य वा राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि कुनै स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको,

(च) प्रदेश सभा सदस्यको निर्वाचनको लागि सम्बन्धित प्रदेश भित्रको कुनै स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको,

(छ) अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुखको निर्वाचनको लागि सम्बन्धित स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको,,

(ज) गाउँपालिका वा नगरपालिकाको वडाध्यक्ष वा वडा सदस्यको निर्वाचनको लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको ।

(झ) कुनै लाभको पदमा बहाल नरहेको ।

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य कुनै पद सम्झनु पर्छ ।

(२) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुनको लागि उपदफा (१) मा उल्लिखित योग्यताको अतिरिक्त त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक भएको हुनु पर्नेछ ।

६४. <u>उम्मेदवारको अयोग्यता</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :-

(क) दफा ६३ बमोजिमको योग्यता नभएको,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ग) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई सजाय भुक्तान गरेको मितिले दुई वर्ष पूरा नगरेको,

(घ) भ्रष्टाचार सम्बन्धी कसुरमा मुद्दा दायर भएको वा शुरु अदालतबाट भ्रष्टाचार ठहर भई पुनरावेदनको रोहमा मुद्दा विचाराधिन रहेको वा भ्रष्टाचार ठहर भई अन्तिम भएको,

(ङ) जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा कसूरदार ठहर भएको,

(च) कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको,

(छ) सङ्गठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) जातीय भेदभाव तथा छुवाछूत, बोक्सा बोक्सी वा बहुविवाह सम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(झ) खण्ड (घ), (ङ) र (च) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले पाँच वर्ष पूरा नभएको,

(ञ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर,

(ट) अदालत वा न्यायिक निकायको फैसलाले लागेको कैद वा जरिबाना असूल उपर हुन बाँकी भएको वा तिर्नु बुझाउनु पर्ने क्षतिपूर्ति नतिरेको,

(ठ) अन्तिम लेखा परीक्षणबाट रकम तिर्नु पर्ने गरी व्यक्तिगत रुपमा बेरुजु कायम भई त्यस्तो रकम नबुझाएको,

(ड) स्थानीय तह सदस्यको निर्वाचनको हकमा त्यस्तो स्थानीय तह अन्तर्गतको कुनै ठेक्कामा संलग्न भई त्यस्तो ठेक्का बमोजिमको कार्य सम्पन्न भईनसकेको,

(ढ) कैदमा बसेकोमा कैद बसेको अवधिभर,

(ण) मानसिक सन्तुलन ठीक नभएको,

(त) प्रचलित कानूनले अयोग्य भएको ।

६५. <u>उम्मेदवारको उमेरको गणना</u> : (१) निर्वाचनमा उम्मेदवार हुने व्यक्तिको उमेर गणना गर्दा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने मिति वा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि उम्मेदवारको बन्दसूची पेश गर्ने मितिसम्मको अवधिमा हुने उमेर गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उमेर गणना गर्दा सम्बन्धित व्यक्तिको पहिचान खुल्ने कागजातमा अलग अलग जन्ममिति उल्लेख भएकोमा जुन कागजातमा उल्लिखित जन्ममितिबाट निजको उमेर कम हुन्छ सोही आधारमा गणना गर्नु पर्नेछ ।

६६. <u>दोहोरो उम्मेदवार हुन नपाउने</u> : (१) प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा एक व्यक्तिले एक पटकमा कुनै एक निर्वाचन क्षेत्रका लागि मात्र उम्मेदवारी दिन सक्नेछ ।

(२) प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा एक व्यक्तिले एउटै निर्वाचन क्षेत्रमा कुनै एक राजनीतिक दल वा फरक-फरक राजनीतिक दलको तर्फबाट र स्वतन्त्र हैसियतमा समेत उम्मेदवारी दिन सक्ने छैन ।

(३) प्रतिनिधिसभा सदस्य वा प्रदेश सभा सदस्यको लागि हुने निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार हुन र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार भएको व्यक्तिको नाम समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा समावेश गर्न सकिने छैन ।

(४) प्रतिनिधिसभा सदस्य वा प्रदेश सभा सदस्यको लागि हुने निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ एउटै व्यक्तिको नाम एकभन्दा बढी राजनीतिक दलको बन्दसूचीमा समावेश गर्नु हुँदैन । त्यसरी एउटै व्यक्तिको नाम एक भन्दा बढी राजनीतिक दलको बन्दसूचीमा समावेश भएमा आयोगले त्यस्तो व्यक्तिको नाम त्यस्ता सबै राजनीतिक दलको बन्दसूचीबाट हटाउनेछ ।

(५) प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन एकै मितिमा हुने गरी निर्वाचनको मिति तोकिएको अवस्थामा कुनै व्यक्तिको नाम प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा समावेश भएमा आयोगले दुवै निर्वाचनको बन्दसूचीबाट त्यस्तो व्यक्तिको नाम हटाउनेछ ।

(६) प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन एकै मितिमा हुने गरी निर्वाचनको मिति तोकिएको अवस्थामा प्रतिनिधि सभा वा प्रदेश सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिले प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको निर्वाचनमा पहिलो हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवारी दिन सक्ने छैन ।

(७) प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन एकै मितिमा हुने गरी निर्वाचनको मिति तोकिएको अवस्थामा कुनै व्यक्तिले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनमा दुवै तर्फ उम्मेदवारी दिन सक्ने छैन ।

६७. उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने : (१) कुनै निर्वाचनको लागि उम्मेदवारीको अन्तिम नामावली प्रकाशन भई सकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने कसैलाई लागेमा सो विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई तीन दिनको म्याद दिई उजुरीको सम्बन्धमा स्पष्टीकरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्पष्टीकरण प्राप्त भएपछि वा म्यादभित्र स्पष्टीकरण प्राप्त नभएमा सोही व्यहोरा उल्लेख गरी निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम परेको उजुरी र तत्सम्बन्धी कागजात तथा प्रमाण यथाशीघ्र आयोगमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उजुरी र तत्सम्बन्धी कागजात प्राप्त भएपछि आयोगले चाहेमा सो विषयमा सम्बन्धित उम्मेदवारसँग वा अन्य कुनै निकाय वा अधिकारीसँग बुझ्न वा थप प्रमाण माग गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम उजुरी र तत्सम्बन्धी कागजात प्राप्त भएको तीन दिनभित्र आयोगले आवश्यक जाँचबुझ गरी उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ र त्यसरी निर्णय गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

६८. पद मुक्त हुने : (१) देहायको पदमा निर्वाचित कुनै व्यक्तिको अयोग्यता सम्बन्धमा उजुरी गर्नुपर्ने भएमा देहायको अदालतमा तोकिए बमोजिम उजुरी दिन सकिनेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपति पदको हकमा सर्वोच्च अदालतमा,

(ख) सङ्घीय संसद वा प्रदेश सभा सदस्य पदको हकमा सर्वोच्च अदालतको संवैधानिक इजलासमा,

(ग) स्थानीय तहको सदस्य पदको हकमा सम्बन्धित उच्च अदालतमा ।

(२) उपदफा (१) बमोजिम परेको उजुरी उपर सम्बन्धित अदालतबाट कुनै पदमा निर्वाचित व्यक्ति अयोग्य ठहरेमा निज त्यस्तो पदबाट मुक्त हुनेछ ।

(३) उपदफा (२) बमोजिम पदमुक्त भएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ र त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

६९. उम्मेदवारको मनोनयन : (१) दफा ६४ बमोजिम अयोग्यता नभएको नेपाली नागरिक तोकिए बमोजिम निर्वाचनमा उम्मेदवार हुन वा त्यस्तो व्यक्तिलाई उम्मेदवार मनोनयन गर्न सकिनेछ ।

(२) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको लागि उम्मेदवार मनोनयन गर्दा दफा ४४ बमोजिमको निर्वाचक मण्डलमा रहेका तीन जना प्रस्तावक र तीन जना समर्थक हुनु पर्नेछ ।

(३) उपराष्ट्रपतिको निर्वाचनको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "समुदाय" भन्नाले आदिवासी जनजाति, दलित, खस आर्य, मधेसी, थारू वा मुस्लिम समुदाय सम्झनु पर्छ ।

(४) राष्ट्रपति पदको लागि उपनिर्वाचन हुने भई उम्मेदवार मनोनयन गर्दा उपराष्ट्रपति पदमा बहाल रहेको व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ ।

(५) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन बाहेक अन्य निर्वाचनको लागि उम्मेदवार मनोनयन गर्दा देहाय बमोजिमका एक जना व्यक्ति प्रस्तावक र एक जना व्यक्ति समर्थक हुनु पर्नेछ :-

(क) प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको निर्वाचनमा सम्बन्धित निर्वाचन क्षेत्रको कुनै स्थानीय तहको वडाको मतदाता नामावलीमा नाम समावेश भएको,

(ख) राष्ट्रिय सभा सदस्यको निर्वाचनमा दफा ४९ बमोजिमको निर्वाचक मण्डलमा रहेको,

(ग) अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुखको निर्वाचनमा सम्बन्धित स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) वडा अध्यक्ष वा वडा सदस्यको निर्वाचनमा सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको,

(ङ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका महिला सदस्यको निर्वाचनमा सम्बन्धित गाउँ सभा वा नगर सभाको सदस्य,

(च) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचनमा सम्बन्धित स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको,

(छ) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको लागि सम्बन्धित जिल्ला सभाको सदस्य ।

(६) उपदफा (१) बमोजिम राजनीतिक दलले उम्मेदवार मनोनयन गर्दा अध्यक्ष र उपाध्यक्ष, प्रमुख वा उपप्रमुख वा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुखमध्ये कम्तीमा एक-एक जना महिला उम्मेदवार हुनु पर्नेछ ।

तर राजनीतिक दलले एउटा पदमा मात्र उम्मेदवारी दिने भएमा महिलालाई उम्मेदवार बनाउनु पर्नेछ ।

(७) राजनीतिक दलले वडा अध्यक्षको उम्मेदवारको मनोनयन गर्दा सम्बन्धित स्थानीय तहमा मनोनयन गर्ने सम्पूर्ण वडा अध्यक्ष मध्ये कम्तीमा एक तिहाई महिला हुनु पर्नेछ ।

(८) उपदफा (६) वा (७) विपरीत कुनै राजनीतिक दलले उम्मेदवारी दिएमा सो दलको दुवै पद वा सबै पदको उम्मेदवारी रद्द हुनेछ ।

(१०) कुनै पनि व्यक्तिलाई कुनै एक पदको निर्वाचनको लागि बढीमा दुई मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिनेछ ।

७०. <u>मनोनयनको औपचारिक पत्र प्रदान गर्ने अधिकारी सम्बन्धी व्यवस्था</u> : (१) राजनीतिक दलले आफ्नो तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्न त्यस्तो राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समितिले सो दलको कुनै तहको समितिको पदाधिकारीलाई तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमूनाको विवरण त्यस्तो राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिले तोकेको त्यस्तो समितिको पदाधिकारीले प्रमाणित गरी उम्मेदवारको लागि मनोनयनपत्र पेश गर्ने अन्तिम मिति भन्दा सात दिन अघि नै आयोगले तोकेको अवधिभित्र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरण उपलब्ध नगराउने राजनीतिक दलको उम्मेदवारलाई त्यस्तो दलको उम्मेदवार मानिने छैन ।

(४) उपदफा (२) बमोजिमको दस्तखत नमूना सहितको विवरण मनोनयन पत्र दर्ता गर्न तोकिएको मिति भन्दा अघि नै आयोगले सम्बन्धित निर्वाचन अधिकृत समक्ष पठाइसक्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम तोकिएको पदाधिकारीले सम्बन्धित राजनीतिक दलको तर्फबाट उम्मेदवार भएको व्यक्तिलाई दिएको औपचारिक पत्रको एक प्रति निर्वाचन अधिकृतलाई समेत पठाउनु पर्नेछ ।

७१. <u>मनोनयनपत्रको दर्ता</u> : (१) मनोनयनपत्र दाखिला गर्ने उम्मेदवार आफैं उपस्थित भई सम्बन्धित निर्वाचन अधिकृत समक्ष मनोनयनपत्र पेश गर्नुपर्नेछ ।

तर काबु बाहिरको कुनै परिस्थिति परी कुनै उम्मेदवार आफैं उपस्थित हुन नसकेको मनासिब कारण उल्लेख गरी प्रतिनिधि मुकरर गरी पठाएमा निजले मुकरर गरेको प्रतिनिधि मार्फत मनोनयनपत्र दर्ता गराउन सकिनेछ ।

(२) राजनीतिक दलले खडा गरेको उम्मेदवारको सम्बन्धमा त्यस्तो राजनीतिक दलको तर्फबाट दफा ७० बमोजिमको अधिकारीले दिएको औपचारिक पत्र र सम्पत्ति विविरण मनोनयनपत्र साथ पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको रीत नपुर्‍याई कुनै उम्मेदवारको मनोनयनपत्र पेश भएको अवस्थामा त्यस्तो उम्मेदवारलाई सो राजनीतिक दलको उम्मेदवारको रुपमा मान्यता दिइने छैन ।

(४) यस दफा बमोजिम पेश गरिने मनोनयनपत्रमा उम्मेदवार हुने व्यक्तिले आफू निर्वाचनमा उम्मेदवार हुन दफा ६४ बमोजिम अयोग्य नरहेको स्वघोषणा गरी निर्वाचन अधिकृतले खोजेका बखत उपस्थित हुने प्रतिबद्धता सहित आफ्नो मञ्जुरी लेखी सहीछाप गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम पेश भएको मनोनयनपत्र सम्बन्धित निर्वाचन अधिकृतले यस ऐन बमोजिम रीतपूर्वकको भए वा नभएको जाँचबुझ गरी रीतपूर्वकको भए दर्ता गरी सोको निस्सा मनोनयनपत्र दर्ता गर्न ल्याउने व्यक्तिलाई दिनु पर्नेछ ।

(६) कसैले यस ऐन बमोजिम हुनु पर्ने प्रस्तावक वा समर्थक नभएको, प्रस्तावक वा समर्थक दोहोरिएको, यस ऐन बमोजिमको धरौटी राखेको निस्सा नभएको, प्रस्तावक वा समर्थक वा उम्मेदवार हुने व्यक्तिको सहीछाप नभएको वा सम्पत्ति विवरण पेश नगरेको वा अन्य रीत नपुगेको मनोनयनपत्र दर्ता गर्न ल्याएमा निर्वाचन अधिकृतले रीत नपुगेको जति कुरा सच्याउन लगाई सच्याइएको मनोनयनपत्र दर्ता गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम कसैले यसरी रीत नपुगेको कुरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई त्यसको सूचना मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ ।

(८) यस दफा बमोजिम मनोनयनपत्र दर्ता गर्दा उम्मेदवार हुने व्यक्तिले निर्वाचन प्रयोजनको लागि प्रयोग गर्ने बैङ्क खाताको विवरण खुलाई सो निर्वाचनको प्रयोजनको लागि खर्च गर्ने रकम तथा आर्थिक सहयोग वापत प्राप्त रकम सो खातामा जम्मा गर्ने र निर्वाचन प्रयोजनको लागि खर्च हुने रकम सोही खाताबाट मात्र खर्च गर्ने कुराको प्रतिबद्धता समेत पेश गर्नु पर्नेछ ।

(९) मनोनयनपत्र साथ पेश गर्नुपर्ने अन्य कागजात तोकिए बमोजिम हुनेछ ।

(१०) निर्वाचन अधिकृतले मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्नेछ ।

७२. <u>सम्पत्ति विवरण पेश गर्ने</u> : (१) निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र पेश गर्दा तोकिए बमोजिमको ढाँचामा सिलबन्दी गरी आफू र आफ्नो परिवारका सदस्यको नाममा रहेको सम्पत्ति विवरण पेश गर्नु पर्नेछ र त्यस्तो विवरण गोप्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको सम्पत्ति विवरण पेश गरेको कुरा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भए पछि निर्वाचन अधिकृतले तोकिए बमोजिम खुलाउनु पर्नेछ ।

(३) निर्वाचित उम्मेदवारको सम्पत्ति विवरण निर्वाचन अधिकृतले आयोगमा र अन्य उम्मेदवारको सम्पत्ति विवरण निर्वाचन कार्यालयमा पठाउनु पर्नेछ ।

(४) निर्वाचनमा उम्मेदवार हुने व्यक्तिको सम्पत्ति विवरण तोकिएको अवधिसम्म सुरक्षित रुपमा राख्नु पर्नेछ र अनुसन्धान गर्ने निकायबाट माग गरेको बखत त्यस्तो निकायलाई आयोगले उपलब्ध गराउनु पर्नेछ ।

७३. दाबी विरोध गर्न सक्ने : दफा ७१ बमोजिम मनोनयनपत्र दर्ता भएको कुनै उम्मेदवारको योग्यताको सम्बन्धमा दाबी विरोध गर्न चाहने उम्मेदवार, निजको प्रतिनिधि वा सम्बन्धित कुनै मतदाताले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा प्रमाण सहित निर्वाचन अधिकृत समक्ष उजुरी दिन सक्नेछ ।

७४. मनोनयनपत्रको जाँच : (१) निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा उम्मेदवार वा निजले मुकरर गरी पठाएको प्रतिनिधि र सम्बन्धित उजुरकर्ताको उपस्थितिमा निर्वाचन अधिकृतले सम्पूर्ण उम्मेदवारको मनोनयनपत्र जाँच गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी उपस्थित हुनु पर्ने कुनै उम्मेदवार वा निजको प्रतिनिधि वा उजूरकर्ता उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्न र सो विषयमा कानून बमोजिम निर्णय गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपदफा (१) वा (२) बमोजिम निर्वाचन अधिकृतले उम्मेदवारको मनोनयनपत्र जाँच गर्दा दफा ७३ बमोजिम कुनै उम्मेदवारको विरोधमा उजूरी परेको भएमा सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले देहायको अवस्थामा मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगन गर्न सक्नेछ र यसरी स्थगन भएकोमा सोको जानकारी आयोगलाई दिनु पर्नेछ :-

(क) मनोनयनपत्र जाँच गर्ने समयमा सो स्थानमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भएमा, वा

(ख) प्राकृतिक विपद्को कारणले काबू बाहिरको परिस्थिति उत्पन्न भएमा ।

(५) उपदफा (३) बमोजिम मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगन भएकोमा आयोगले कुनै निर्देशन दिएको भए सो समेतको आधारमा निर्वाचन अधिकृतले समय र स्थान तोकी यथासम्भव छिटो मनोनयनपत्रको जाँच गर्नु पर्नेछ ।

(६) मनोनयनपत्रको जाँच सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७५. मनोनयनपत्र बदर हुने अवस्था : (१) देहायको कुनै अवस्थामा मनोनयनपत्र बदर हुनेछ :-

(क) संविधान र यस ऐन बमोजिम उम्मेदवार अयोग्य भएमा,

(ख) उम्मेदवार हुने व्यक्ति, निजको प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा किर्ते सहीछाप भएमा,

(ग) निर्वाचन कार्यक्रमको सूचनामा निर्धारित समयभित्र मनोनयनपत्र दर्ता नभएमा,

(घ) दफा ६९, ७०, ७१ वा ७२ मा लेखिए बमोजिम मनोनयनपत्र दाखिला नभएमा,

(ङ) दफा १३२ बमोजिम धरौटी दाखिला नगरेमा,

(च) यस ऐन बमोजिम अन्य रीत नपुगेको भएमा ।

(२) दफा ६६ विपरीत दोहोरो उम्मेदवारी दिएकोमा त्यस्तो उम्मेदवारको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको देहाय बमोजिमको मनोनयनपत्र बदर हुनेछः-

(क) दफा ६६ को उपदफा (१) विपरीत उम्मेदवारी दिएकोमा त्यसरी उम्मेदवारी दिएको सबै निर्वाचन क्षेत्रको मनोनयनपत्र,

(ख) दफा ६६ को उपदफा (२) विपरीत उम्मेदवारी दिएकोमा सबै मनोनयनपत्र,

(ग) दफा ६६ को उपदफा (३) विपरीत उम्मेदवारी दिएकोमा पहिलो हुने निर्वाचन प्रणाली तर्फको मनोनयनपत्र,

(घ) दफा ६६ को उपदफा (६) विपरीत उम्मेदवारी दिएकोमा पहिलो हुने निर्वाचन प्रणाली तर्फको मनोनयनपत्र,

(ङ) दफा ६६ को उपदफा (७) विपरीत उम्मेदवारी दिएकोमा दुवै निर्वाचन तर्फको पहिलो हुने निर्वाचन प्रणाली तर्फको मनोनयनपत्र ।

(३) उपदफा (१) वा (२) बमोजिम मनोनयनपत्र बदर भएमा निर्वाचन अधिकृतले त्यसको आधार र कारण समेत खुलाई निर्णय गर्नु पर्नेछ र सोको सूचना आफ्नो कार्यालयमा प्रकाशन गरी आयोगलाई जानकारी दिनु पर्नेछ ।

७६. उम्मेदवारको नामावली : (१) निर्वाचन अधिकृतले मनोनयनपत्र जाँच गरिसकेपछि कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारको नामावली तयार गरी त्यसको एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी आयोगमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारीको आधारमा आयोगले आफ्नो वेबसाइटमा उम्मेदवारको नामावली प्रकाशन गर्नु पर्नेछ ।

७७. नाम फिर्ता लिने : (१) कुनै उम्मेदवारले उम्मेदवारको नामावलीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको समयभित्र उम्मेदवार आफैंले निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिएको कुनै उम्मेदवारको नाम फिर्ता लिने गरी दफा ७० को उपदफा (१) बमोजिम तोकिएको पदाधिकारीले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको अवधिभित्र लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम फिर्ता लिएको सूचना निर्वाचन अधिकृत समक्ष दाखिला भइसकेपछि त्यस्तो सूचना बदर गर्न वा फिर्ता लिन सकिने छैन ।

(४) उपदफा (१) वा (२) बमोजिम दाखिला भएको सूचनाको बारेमा निर्वाचन अधिकृत विश्वस्त भएमा त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाउनु पर्नेछ र यसरी नाम हटाइएको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र सो को जानकारी आयोगमा पठाउनु पर्नेछ ।

७८. उम्मेदवारको अन्तिम नामावली : (१) उम्मेदवारको नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारको अन्तिम नामावली तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र त्यसको एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

(२) उम्मेदवारको अन्तिम नामावलीमा उम्मेदवारको नाम नेपाली वर्णानुक्रम अनुसार लेखिनेछ र कुनै उम्मेदवार राजनीतिक दलको तर्फबाट मनोनीत भएकोमा सम्बन्धित राजनीतिक दलको नाम समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उम्मेदवारको अन्तिम नामावली आयोगले आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ ।

७९. <u>निर्विरोध निर्वाचित</u> : (१) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा कुनै पदका लागि जति सङ्ख्यामा निर्वाचित हुने हो त्यति नै सङ्ख्या वा सो भन्दा कम उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले त्यस्ता उम्मेदवार सो पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा कम उम्मेदवार मात्र कायम भएको अवस्थामा बाँकी पद रिक्त रहेको मानिनेछ ।

८०. <u>निर्वाचन चिन्ह</u> : (१) निर्वाचनको लागि राजनीतिक दल, राजनीतिक दलको उम्मेदवार र अन्य उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिन्ह आयोगले निर्धारण गर्नेछ ।

तर राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा भाग लिने उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने छैन ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको निर्वाचन चिन्ह राजनीतिक दल, राजनीतिक दलका उम्मेदवार र अन्य उम्मेदवारलाई तोकिए बमोजिम प्रदान गरिनेछ ।

(३) उपदफा (२) बमोजिम कुनै राजनीतिक दललाई प्रदान गरिएको निर्वाचन चिन्ह त्यस्तो राजनीतिक दल वा राजनीतिक दलका उम्मेदवार बाहेक अरु कसैले पनि प्रयोग गर्न पाउने छैन ।

(४) कुनै उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिसकेपछि त्यस्तो उम्मेदवारले आफ्नो राजनीतिक दल त्याग गरेमा वा अर्को राजनीतिक दलमा प्रवेश गरेमा निजलाई प्रदान गरिएको निर्वाचन चिन्ह परिवर्तन हुने छैन र त्यस्तो उम्मेदवार निर्वाचित भएमा सम्बन्धित राजनीतिक दलले निजले दल त्याग गरेको वा निज अर्को राजनीतिक दलमा प्रवेश गरेको प्रमाण सहित आयोगमा उजुरी दिएको अवस्थामा बाहेक निज निर्वाचित भएको पदमा बहाल रहनेछ ।

(५) यस दफा बमोजिम कुनै उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा राजनीतिक दलको उम्मेदवारलाई उपदफा (१) बमोजिम त्यस्तो राजनीतिक दलको लागि निर्धारण गरिएको निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा आयोगले निर्धारण गरेको निर्वाचन चिन्हको समूहबाट निर्वाचन अधिकृतले तोकिए बमोजिम प्रदान गर्नेछ ।

(७) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फ निर्वाचन चिन्ह प्रदान गर्दा आयोगले सम्बन्धित राजनीतिक दलको लागि निर्धारण गरेको निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

८१. <u>उम्मेदवारको मृत्यु भएमा</u> : (१) मनोनयनपत्र दर्ता भईसकेपछि उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनु अघि वा प्रकाशन भएपछि राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा मनोनयन भएको वा अन्य निर्वाचनमा राजनीतिक दलबाट मनोनयन भएको कुनै उम्मेदवारको मृत्यु भई त्यसको लिखित सूचना निर्वाचन प्रतिनिधि वा सम्बन्धित राजनीतिक दलबाट निर्वाचन अधिकृतलाई प्राप्त भएमा र सो कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निजले त्यस्तो निर्वाचनसँग सम्बन्धित अन्य कार्यक्रम तुरुन्त स्थगन गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ र त्यसको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

तर प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गतको समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको मृत्यु भएमा निर्वाचन कार्यक्रम स्थगन हुने छैन ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएमा आयोगले उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनु अघि उम्मेदवारको मृत्यु भएकोमा त्यस्तो निर्वाचनको मतदानको कार्यक्रममा असर नपर्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी कार्यक्रम र उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मृत्यु

भएकोमा मतदान गर्ने मिति लगायत यस परिच्छेद बमोजिमको अन्य कार्यक्रम पुनः निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उम्मेदवारको मृत्यु भई निर्वाचनको कार्यक्रम स्थगित भएकोमा निर्वाचन कार्यक्रमको सूचनामा लेखिए बमोजिम मतदानको लागि देहाय बमोजिमको अवधि बाँकी भएमा सोही कार्यक्रमको समयावधिभित्र मतदानको काममा बाधा नपुग्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी काम पूरा गर्ने गरी आयोगले निर्वाचन कार्यक्रम निर्धारण गर्नु पर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको हकमा कम्तीमा सात दिन,

(ख) प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनको हकमा कम्तीमा दश दिन,

(ग) स्थानीय तहका सदस्य, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख वा सदस्यको निर्वाचनको हकमा कम्तीमा सात दिन ।

(४) उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम स्थगित भएकोमा पहिले मनोनयनपत्र पेश गरेको उम्मेदवारले पुनः मनोनयनपत्र दाखिला गर्नुपर्ने छैन र राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन बाहेक अन्य निर्वाचनमा मृत्यु भएको उम्मेदवार जुन राजनीतिक दलको उम्मेदवारको मृत्यु भएको हो सोही राजनीतिक दलको तर्फबाट मात्र पुनः उम्मेदवार मनोनयन गर्न सकिनेछ ।

८२. उम्मेदवारको परिचयपत्र : दफा ७८ बमोजिम उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेको उम्मेदवारलाई निर्वाचन अधिकृतले तोकिए बमोजिम उम्मेदवार परिचयपत्र दिनेछ ।

## परिच्छेद-४

## समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूची

८३. उम्मेदवारको बन्दसूची तयार गर्ने : (१) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलले आफ्नो राजनीतिक दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवारको बन्दसूची तयार गर्नु पर्नेछ ।

(२) उम्मेदवारको बन्दसूची तयार गर्दा प्रत्येक राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने कूल सदस्य सङ्ख्याको कम्तीमा पच्चीस प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी बन्दसूची तयार गर्नु पर्नेछ ।

(३) राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कूल उम्मेदवारको कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नु पर्नेछ ।

(४) राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा समानुपातिक निर्वाचन प्रणाली तर्फ निर्धारित कूल सदस्य सङ्ख्याभन्दा बढी हुने गरी उम्मेदवारको नाम समावेश गर्न पाउने छैन ।

(५) राजनीतिक दलले यस दफा बमोजिम उम्मेदवारको बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याको आधारमा प्रतिनिधि सभा सदस्यको निर्वाचनको हकमा अनुसूची-३ मा उल्लेख भए बमोजिम र प्रदेश सभा सदस्यको निर्वाचनको हकमा अनुसूची-४ मा उल्लेख भए बमोजिम प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा तोकिएको ढाँचामा तयार गर्नु पर्नेछ ।

(६) राजनीतिक दलले बन्दसूची तयार गर्दा अपाङ्गता भएका व्यक्तिलाई समेत समावेश गर्नु पर्दछ ।

(७) उपदफा (५) बमोजिम प्रत्येक समावेशी समूहको सूची तयार गर्दा त्यस्तो सूचीको क्रममा महिला र पुरुष वा पुरुष र महिलाको नाम क्रमशः उल्लेख गर्नु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम नाम उल्लेख गर्दा पहिलो समूहको पहिलो नम्बरमा पुरुष उम्मेदवार भएमा दोस्रो समूहको पहिलो नम्बरमा महिला र पहिलो समूहको पहिलो नम्बरमा महिला उम्मेदवार भएमा दोस्रो समूहको पहिलो नम्बरमा पुरुष उम्मेदवारको नाम समावेश गरी अन्य समावेशी समूहको हकमा समेत सोही बमोजिम सूची तयार गर्नु पर्नेछ ।

(९) राजनीतिक दलले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको समयभित्र उम्मेदवारको बन्दसूची आयोगमा पेश गर्नु पर्नेछ र त्यसरी बन्दसूची आयोगमा पेश भए पछि उम्मेदवारको मनोनयन भएको मानिनेछ ।

(१०) उपदफा (८) बमोजिम आयोगमा पेश भएको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिले सो राजनीतिक दलको तर्फबाट उम्मेदवार हुन मञ्जुर गरेको मञ्जुरीनामा र त्यस्तो उम्मेदवारको सम्पत्ति विवरण समेत पेश गर्नु पर्नेछ ।

(११) उपदफा (९) बमोजिमको मञ्जुरीनामामा त्यस्तो उम्मेदवारले निर्वाचन प्रयोजनको लागि प्रयोग गर्ने बैङ्क खाताको विवरण उल्लेख गरी सो निर्वाचनको प्रयोजनको लागि खर्च गर्ने रकम तथा आर्थिक सहयोग वापत प्राप्त रकम सो खातामा जम्मा गर्ने र निर्वाचन प्रयोजनको लागि सोही खाताबाट मात्र खर्च गर्ने कुराको प्रतिबद्धता समेत गरेको हुनु पर्नेछ ।

(१२) उपदफा (८) बमोजिम राजनीतिक दलबाट प्राप्त उम्मेदवारको बन्दसूची आयोगले यस ऐन बमोजिम तयार भए नभएको यकिन गरी सो बमोजिम तयार नभएको भए सम्बन्धित राजनीतिक दललाई सात दिनभित्र सच्याउन सूचित गर्नु पनेछ ।

(१३) उपदफा (११) बमोजिम आयोगबाट उम्मेदवारको बन्दसूची सच्याउन सूचित भएपछि सम्बन्धित राजनीतिक दलले सो बमोजिम उम्मेदवारको बन्दसूची संशोधन गरी सात दिनभित्र आयोगमा पठाउनु पर्नेछ र यसरी संशोधन नगरेमा आयोग आफैंले प्राप्त नामावलीको आधारमा संशोधन गरी क्रमसङ्ख्या निर्धारण गर्नेछ ।

(१४) उपदफा (८) बमोजिम उम्मेदवारको बन्दसूची पेश भएको तर निर्वाचन सम्पन्न भइनसकेको अवस्थामा कुनै उम्मेदवारको मृत्यु भएमा राजनीतिक दलले त्यस्तो बन्दसूचीमा अर्को उम्मेदवार समावेश गरी उम्मेदवार मनोनयन गर्नु पर्नेछ ।

(१५) उपदफा (१४) बमोजिम उम्मेदवार मनोनयन गर्दा मृत्यु भएको उम्मेदवार जुन समावेशी आधारमा मनोनयन गरिएको हो सोही समावेशी आधारमा अर्को उम्मेदवार मनोनयन गर्नु पर्नेछ ।

८४. उम्मेदवारको बन्दसूची उपर दाबी विरोध : (१) दफा ८३ बमोजिम प्राप्त उम्मेदवारको बन्दसूची आयोगले जाँचबुझ गरी आयोगको कार्यालय तथा वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारको बन्दसूची प्रकाशन गर्दा आयोगले त्यस्तो सूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको संविधान वा यस ऐन बमोजिम योग्यता नभएको सम्बन्धमा सात दिनभित्र दाबी विरोध गर्न सकिने व्यहोराको सूचना समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिम प्रकाशित बन्दसूची आवश्यकता अनुसार सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रकाशित उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको संविधान वा यस ऐन बमोजिम योग्यता नपुगेको भनी कुनै मतदाताले निर्वाचन कार्यक्रमको सूचनामा उल्लेख गरेको समयभित्र प्रमाण सहित आयोगमा दाबी विरोध सहितको निवेदन पेश गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम दाबी विरोधको निवेदन प्राप्त भएमा आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझबाट बन्दसूचीमा नाम समावेश भएको व्यक्तिको संविधान वा यस ऐन बमोजिम योग्यता पुगेको नदेखिएमा आयोगले सोही व्यहोरा जनाई त्यस्तो उम्मेदवारको नाम त्यस्तो सूचीबाट हटाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बन्दसूचीबाट नाम हटाएको विवरण आयोगले तोकिए बमोजिम प्रकाशन गर्नु पर्नेछ ।

८५. अन्तिम बन्दसूची प्रकाशन गर्ने : (१) दफा ८४ को उपदफा (४) बमोजिम परेको दाबी विरोध सम्बन्धमा सो उपदफा बमोजिमको कार्य सम्पन्न भएपछि र दाबी विरोध नपरेमा दाबी विरोध गर्ने म्याद समाप्त भएपछि आयोगले उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गर्नेछ र त्यस्तो बन्दसूची आयोगले प्रमाणित गरी सम्बन्धित राजनीतिक दललाई पठाउनु पर्नेछ ।

(२) यस दफा बमोजिम उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन भए पछि आयोगले सम्बन्धित उम्मेदवारले दफा ८३ को उपदफा (१०) बमोजिम सम्पत्ति विवरण पेश गरेको कुरा खुलाउनु पर्नेछ ।

८६. उम्मेदवारको बन्दसूची मान्य हुने अवधि : (१) दफा ८५ को उपदफा (१) बमोजिम प्रकाशित बन्दसूची प्रतिनिधि सभा वा प्रदेश सभाको कार्यकालभर मान्य हुनेछ ।

तर प्रतिनिधि सभा वा प्रदेश सभा गठन भइसकेपछि राजनीतिक दलले कुनै उम्मेदवारको नाम हटाउन लेखी पठाएमा आयोगले बन्दसूचीबाट त्यस्तो उम्मेदवारको नाम हटाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणाली तर्फ कम्तीमा एक पद हासिल नगरेको राजनीतिक दलले पेश गरेको बन्दसूची निर्वाचनको अन्तिम परिणाम प्रकाशन भए पछि मान्य रहने छैन ।

(३) समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित कुनै सदस्यको पद संविधानको धारा ८९ बमोजिम रिक्त भएमा निजको स्थानमा सम्बन्धित राजनीतिक दलको सिफारिसमा तोकिए बमोजिम अर्को सदस्य निर्वाचित हुनेछ ।

(४) उपदफा (३) बमोजिम राजनीतिक दलले सिफारिस गर्दा पद रिक्त भएको उम्मेदवार जुन समावेशी आधारमा मनोनयन गरिएको हो सोही समावेशी आधारमा उम्मेवारको बन्दसूचीमा रहेको माथिल्लो क्रमको उम्मेदवारको नाम सिफारिस गर्नु पर्नेछ ।

(५) उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नाम हटेको अवस्थामा बाहेक राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदको सदस्य, प्रदेश सभा सदस्य, स्थानीय तहको सदस्यको निर्वाचनमा उम्मेदवार हुन सक्ने छैन ।

(६) प्रतिनिधि सभा वा प्रदेश सभामा रहेको कुनै राजनीतिक दल प्रचलित कानून बमोजिम विभाजन भई अर्को राजनीतिक दल गठन भएमा त्यसरी गठन भएको नयाँ राजनीतिक दलले साविकको राजनीतिक दलले पेश गरेको बन्दसूचीमा रहेका उम्मेदवार मध्ये आफ्नो दलमा रहने उम्मेदवारको सूची पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम नयाँ राजनीतिक दलले पेश गरेको बन्दसूचीमा रहेका उम्मेदवारले आयोगले तोकेको समयमा आयोगमा उपस्थित भई सनाखत गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम नयाँ राजनीतिक दलमा रहेको व्यहोरा सनाखत गर्ने व्यक्तिको नाम आयोगले त्यस्तो नयाँ राजनीतिक दलको बन्दसूचीमा कायम गरी साविकको राजनीतिक दलको बन्दसूचीबाट हटाउनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम आयोगमा सनाखत गर्न उपस्थित नभएमा वा उपस्थित भई नयाँ राजनीतिक दलमा उम्मेदवार हुन मञ्जुर नगरेमा त्यस्तो व्यक्तिको नाम साविकको राजनीतिक दलको उम्मेदवारको बन्दसूचीमा नै कायम रहनेछ ।

## परिच्छेद-५

## मतदान स्थल, मतदान केन्द्र, मतपत्र र मतपेटिका

८७. मतदान स्थल र मतदान केन्द्र : (१) आयोगले निर्वाचनका लागि मतदान स्थल तोक्दा मतदाताको सङ्ख्या, सुविधा तथा सुरक्षाको अवस्थालाई ध्यान दिई सकभर मतदातालाई पायक पर्ने गरी सार्वजनिक स्थानमा तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतदान स्थल तोक्दा एउटा गाउँपालिका वा नगरपालिकाको प्रत्येक वडामा कम्तीमा एउटा मतदान स्थल पर्ने गरी तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको मतदान स्थल थपघट गर्न आवश्यक देखिएमा निर्वाचन अधिकारीले त्यसरी थपघट गर्नुपर्ने आवश्यकता र औचित्य सहित आयोगमा लेखी पठाउन सक्नेछ र आयोगले त्यस्तो व्यहोरा मनासिब ठानेमा मतदान स्थल थपघट गर्न सक्नेछ ।

(४) निर्वाचन अधिकृतले आवश्यक ठानेमा आयोगको पूर्व स्वीकृति लिई मतदातालाई सुविधाजनक वा पायक पर्ने ठाउँमा मतदान स्थल सार्न सक्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम मतदान स्थल तोकिएको, थपघट गरिएको वा सारिएको सूचना आयोगले आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(६) एउटा मतदानस्थलको क्षेत्रभित्र आवश्यकता अनुसार एक वा एकभन्दा बढी मतदान केन्द्र रहन सक्नेछन् ।

(७) यस दफा बमोजिम तोकिएको मतदान स्थल र मतदान केन्द्र अपाङ्गतामैत्री हुनु पर्नेछ ।

(८) मतदाताको सङ्ख्या, सुरक्षा र सुविधाको दृष्टिकोणबाट मतदान स्थल, मतदान केन्द्र वा मतदान कक्ष तोक्ने आधार, प्रक्रिया र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८८. मतपत्र : (१) आयोगले निर्वाचनका लागि मतपत्रको व्यवस्था गर्नु पर्नेछ ।

(२) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनका लागि प्रयोग गरिने मतपत्रमा उम्मेदवारले प्राप्त गरेको निर्वाचन चिन्ह छापिनेछ । यस्तो चिन्ह मतपत्रमा समावेश गर्दा उम्मेदवारको नामको नेपाली वर्णानुक्रमको आधारमा समावेश गरिनेछ ।

(३) सङ्घीय संसद सदस्य, प्रदेश सभा सदस्य, स्थानीय तहका सदस्य वा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यको निर्वाचनको लागि प्रयोग गरिने मतपत्रमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको निर्वाचन चिन्ह छापिनेछ ।

(४) उपदफा (३) बमोजिम मतपत्रमा निर्वाचन चिन्ह राख्दा देहायको क्रममा राख्नु पर्नेछ :-

(क) निर्वाचन हुनुभन्दा तत्काल अघि कायम रहेको वा निर्वाचन हुँदाका बखत कायम रहेको प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलले प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मतको आधारमा क्रमशः बढी मत प्राप्त गर्ने राजनीतिक दलको उम्मेदवारको निर्वाचन चिन्ह,

(ख) खण्ड (क) बमोजिम प्रतिनिधि सभामा प्रतिनिधित्व नगर्ने राजनीतिक दलको हकमा आयोगमा दल दर्ता भएको क्रमको आधारमा सो राजनीतिक दलको उम्मेदवारको निर्वाचन चिन्ह,

(ग) स्वतन्त्र उम्मेदवारको हकमा नेपाली वर्णानुक्रमको आधारमा उम्मेदवारको निर्वाचन चिन्ह ।

(५) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्रमा निर्वाचन चिन्ह राख्दा उपदफा (४) को खण्ड (क) र (ख) को क्रममा राख्नु पर्नेछ ।

(६) प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा सोभन्दा बढी राजनीतिक दलहरु एकीकरण भएको वा गाभिएकोमा उपदफा (४) को खण्ड (क) को प्रयोजनको लागि त्यसरी एकीकरण हुनु वा गाभिनु अघि त्यस्ता राजनीतिक दलहरुले प्राप्त गरेको कूल मत सङ्ख्यालाई हाल कायम भएको राजनीतिक दलले प्राप्त गरेको मत सङ्ख्या मानिनेछ ।

(७) मतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८९. <u>मतपेटिका तथा अन्य निर्वाचन सामग्री</u> : (१) मतदानको लागि आयोगले तोके बमोजिमको मतपेटिका तथा निर्वाचन सामग्री प्रयोग गरिनेछ ।

(२) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अनुरुप हुने निर्वाचनको लागि आयोगले छुट्टाछुट्टै मतपेटिकाको व्यवस्था गर्नु पर्नेछ ।

(३) मतपेटिका सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## मतदान

९०. <u>मतदानको समय</u> : मतदान गर्ने समय आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

९१. <u>मतदान</u> : (१) सम्बन्धित निर्वाचनको लागि मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले सम्बन्धित मतदान केन्द्रमा मतदान गर्नु पर्नेछ ।

(२) मतदाताले मतदान गर्न तोकिए बमोजिम मतपत्र लिई सोको लागि राखिएको मतपेटिकामा मतदान गर्नु पर्नेछ ।

(३) दफा ३५ बमोजिमको अस्थायी मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले आयोगले तोकेको मतदान केन्द्रमा मतदान गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि मात्र मतदान गर्न सक्नेछ ।

(५) मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताको नामबाट त्यस्तो मतदाता बाहेक अन्य कुनै व्यक्तिले मतदान गर्न पाउने छैन ।

(६) कुनै पनि मतदाताले एउटै निर्वाचनमा एकभन्दा बढी पटक वा एकभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न पाउने छैन ।

(७) कुनै पनि मतदातालाई निजले कसलाई मतदान गरेको हो भन्ने व्यहोराको प्रश्न सोधिने छैन र निजले कसैलाई पनि त्यस्तो व्यहोरा प्रकट गर्नु हुँदैन।

९२. <u>मतदानको प्रक्रिया</u> : (१) मतदान केन्द्रमा मतदानको लागि उपस्थित मतदातालाई मतदान अधिकृतले तोकिए बमोजिमको रीत पुऱ्याई मतपत्र दिनेछ ।

(२) मतदातालाई मतपत्र दिनुअघि मतदान अधिकृतले मतदाता नामावलीमा तोकिए बमोजिमको सङ्केत जनाई आयोगले निर्धारण गरे बमोजिमको मतपत्र दिनेछ ।

(३) मतदाताले मतपत्रमा गोप्य तवरले तोकिए बमोजिमको छाप वा चिन्ह लगाई सो मतपत्र मतपेटिकामा खसाल्नु पर्नेछ ।

(४) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा मतदाताले मतदान गर्दा मतपत्रमा आफूले रोजेको कुनै एक जना उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा छाप वा चिन्ह लगाई त्यस्तो मतपत्र मतपेटिकामा खसाल्नु पर्नेछ ।

(५) राष्ट्रिय सभा सदस्यको निर्वाचनमा मतदाताले मतदान गर्दा जतिजना उम्मेदवार छनोट गर्नु पर्ने हो, त्यति नै सङ्ख्यामा आफूले रोजेको उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा छाप वा चिन्ह लगाई मतपेटिकामा खसाल्नु पर्नेछ ।

(६) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनमा मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा मतपत्रमा आफूले रोजेको कुनै एक जना उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा आफूले रोजेको कुनै एक राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा छाप वा चिन्ह लगाई मतपेटिकामा खसाल्नु पर्नेछ ।

(७) स्थानीय तहका सदस्यको निर्वाचनमा मतदाताले मतदान गर्दा मतपत्रमा प्रत्येक पदमा जतिजना उम्मेदवार निर्वाचित गर्नु पर्ने हो त्यति नै सङ्ख्यामा आफुले रोजेको उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा गोप्य रुपमा छाप वा चिन्ह लगाई मतपेटिकामा खसाल्नु पर्नेछ ।

९३. <u>विद्युतीय उपकरण प्रयोग गरी मतदानको व्यवस्था मिलाउन सक्ने</u> : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले विद्युतीय उपकरण प्रयोग गरी मतदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युतीय उपकरण प्रयोग गरी मतदान गर्ने मतपत्रको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम विद्युतीय उपकरण प्रयोग गरी मतदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९४. <u>नाम ढाँटी मतदान गर्न नहुने</u> : (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नाममा मतदान गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै व्यक्ति आफ्नो नाम ढाँटी अर्को मतदाताको नाममा मतदान गर्न आएमा उम्मेदवार, निजको प्रतिनिधि वा सोही मतदान केन्द्रको कुनै मतदाताले एक सय रुपैयाँ धरौटी राखी मतदान अधिकृत समक्ष विरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विरोध गरेमा मतदान अधिकृतले त्यस सम्बन्धमा आवश्यक कुरा बुझी तत्काल निर्णय गर्नु पर्नेछ र यसरी पर्न आएको विरोध र त्यसको निर्णय तोकिए बमोजिमको निर्णय किताबमा जनाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको विरोध ठीक ठहरेमा मतदान अधिकृतले त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनेछ र विरोध गलत देखिएमा त्यस्तो धरौटी रकम जफत हुनेछ ।

(५) उपदफा (२) बमोजिमको विरोध ठीक ठहरेमा त्यसरी नाम ढाँटी मतदान गर्न आउने व्यक्तिलाई मतदान अधिकृतले दफा १५४ को उपदफा (३) बमोजिम तत्काल जरिबाना गरी मतदानस्थलबाट तुरुन्त निष्काशन गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम जफत भएको धरौटी रकम मतदान अधिकृतले निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ र निर्वाचन अधिकृतले त्यस्तो रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

९५. मतदान केन्द्रमा प्रवेश : (१) मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्ति बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन :-

(क) मतदान गर्न बाँकी मतदाता,

(ख) उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(घ) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(ङ) आयोग, निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति,

(च) मतदाताको साथमा रहेको पाँच वर्षसम्मको बालक,

(छ) दृष्टिविहीन, शारीरिक रुपले अशक्त वा अपाङ्ग भएको वा अति वृद्धावस्थाको कारणले आफैं मत सङ्केत गर्न नसक्ने मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य वा त्यस्तो मतदाताले इच्छाएको व्यक्ति ।

(२) उपदफा (१) बमोजिमका व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिँदा मतदान अधिकृतले निर्धारण गरेको समयमा र निजले निर्धारण गरेको कार्यविधि पूरा गरेर मात्र प्रवेश अनुमति दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदान केन्द्रको सुरक्षार्थ खटिएको सुरक्षाकर्मी बाहेक कुनै प्रकारको हतियार साथ लिएको व्यक्ति, लागू पदार्थ वा मादक पदार्थ सेवन गरेको व्यक्ति वा धूमपान गरीरहेको व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

(४) मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदान गर्न बाँकी रहेका मतदाता बाहेक मतदानको समय समाप्त भएपछि अन्य मतदाताले मतदान केन्द्रमा प्रवेश गर्न वा त्यहाँ रहन पाउने छैनन् ।

९६. अशक्त मतदाताले मतदान गर्ने : (१) दृष्टिविहीन, शारीरिक अशक्तता, अपाङ्गता वा अति वृद्धावस्थाको कारणले कुनै मतदाता आफैंले मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन आफ्नो एकाघरको परिवारको सदस्य वा त्यस्तो मतदाताले इच्छाएको व्यक्तिलाई साथमा लैजान मतदान अधिकृत समक्ष अनुमति मागेमा निजको परिचय खुल्ने प्रमाणको आधारमा त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन सक्नेछ ।

तर कुनै पनि व्यक्तिलाई सम्बन्धित परिवारको सदस्यको सहयोगीको रुपमा बाहेक एक जना भन्दा बढी मतदाताको सहयोगीको रुपमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिइने छैन ।

(२) आयोगले दृष्टिविहीन मतदाताको लागि ब्रेललिपिमा मतपत्रको व्यवस्था मिलाउन सक्नेछ ।

९७. <u>निरीक्षण गर्न सक्ने</u> : (१) कुनै मतदाता मत सङ्केत गर्ने स्थानमा मनासिब समयभन्दा बढी समयसम्म बसेमा वा मतदान अधिकृतलाई कुनै शंका लागेमा मतदान अधिकृतले निजको मतदान गर्ने समय पूरा भएको जनाउ दिई मत सङ्केत गर्ने स्थानबाट बाहिर निस्कन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश त्यस्तो मतदाताले पालना नगरेमा मतदान अधिकृत निजले मत सङ्केत गर्ने स्थानमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण गर्दा कुनै कैफियत देखिएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मतदान स्थलबाट तुरुन्त निष्काशन गर्नेछ र त्यस्तो मतदातालाई यस ऐन बमोजिम कारबाही समेत हुनेछ ।

९८. <u>मतपेटिका वा विद्युतीय उपकरण नोक्सान भएमा वा तोडफोड गरिएमा</u> : (१) कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका वा मतदान गर्न राखिएको विद्युतीय उपकरण दुर्घटनावश नोक्सान भएमा वा कसैले जानाजान तोडफोड गरेमा वा अन्य कुनै कारणले नोक्सान भएमा मतदान अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई तुरुन्त जानकारी गराई त्यस घटनाको प्रतिवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान रद्द गरी त्यसको प्रतिवेदन आयोगमा दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान गर्ने मिति र समय तोकी सोको सूचना त्यस्तो मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

९९. <u>विशेष परिस्थितिमा मतदान स्थगन गर्न सकिने</u> : (१) कुनै मतदान केन्द्रमा हुलदङ्गा वा असामान्य परिस्थिति उत्पन्न भई वा कुनै कारणले विद्युतीय उपकरण सञ्चालन हुन नसकी वा कुनै उपद्रव वा प्राकृतिक विपद् वा काबूबाहिरको कुनै कारणले मतदानको काम हुन नसक्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजले त्यस्तो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगन गरी सोको सूचना सोही मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ र त्यसको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगन भएको व्यहोराको जानकारी निर्वाचन अधिकृतले तुरुन्त आयोगलाई र मुख्य निर्वाचन अधिकृतलाई दिनु पर्नेछ र आयोगले अन्यथा निर्देशन दिएमा बाहेक निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोकी सोको सूचना त्यस्तो मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

१००. <u>मतदान केन्द्रको अनधिकृत कब्जा</u> : (१) देहायको अवस्थामा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदातालाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदातालाई मतदान गर्न नदिएमा,

(ख) कसैले मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा, मतदातालाई मतदान गर्नबाट बञ्चित गर्ने नियतले बाटो वा गौंडा छेकी रोकेमा, मतदान स्थल, मतदान केन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, मतदाता परिचयपत्र कब्जा गरेमा, खोसेमा,

(ग) कसैले मतदान प्रकृयामा अवरोध पुऱ्याउने वा मतदातालाई मतदान गर्नबाट वञ्चित गर्ने नियतले मतदान कार्य सञ्चालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई

आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामग्री खोसेमा वा बिगारेमा वा अन्य कुनै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भई मतदान सम्बन्धी कार्यलाई निरन्तरता दिन नसकिने भएमा मतदान अधिकृतले तत्काल मतदान स्थगित गरी त्यसको प्रतिवेदन निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले आयोगलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भए पछि आयोगले वा आयोगबाट कुनै निर्देशन प्राप्त भएमा निर्वाचन अधिकृतले आयोगको निर्देशन बमोजिम उपदफा (१) बमोजिमको घटनाको जाँच गर्न सक्नेछ र त्यस्तो जाँचको प्रतिवेदनको आधारमा आयोगले वा आयोगको निर्देशन अनुसार निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मतदान रद्द भएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान गर्ने मिति र समय तोकी सोको सूचना त्यस्तो मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

१०१. मतपेटिका बन्द र हस्तान्तरण गर्ने : (१) मतदान समाप्त भएपछि मतदान अधिकृतले तोकिए बमोजिमको रीत पुऱ्याई मतपेटिका सिलबन्दी गरी सुरक्षित रुपमा निर्वाचन अधिकृतलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले मतदान केन्द्रमा नै मतगणनाको व्यवस्था गरी त्यसको सूचना प्रकाशन गरेको अवस्थामा त्यस्तो मतदान केन्द्रको मतगणना गरी सोको परिणाम सहितको विवरण, मतदानमा प्रयोग भएको मतपत्र तथा मतदान तथा मतगणना सम्बन्धी अन्य सामग्री निर्वाचन अधिकृतलाई हस्तान्तरण गर्नु पर्नेछ ।

१०२. विदेशमा रहेका मतदाताले मतदान गर्ने : (१) आयोगले विदेशमा रहेका र दफा २२ बमोजिमको मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई सम्बन्धित मुलुकस्थित नेपाली कूटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै मतदान गर्न पाउने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदानको व्यवस्था मिलाइएकोमा त्यस्ता मतदाताले समानुपातिक तर्फको निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा तोकिए बमोजिम मतदान गर्न सक्नेछन् ।

(३) यस दफा बमोजिम मतदानको व्यवस्था मिलाउने तथा त्यसरी मतदान भएको मतपत्रको गणना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम मतदान गर्ने व्यवस्था गरिएको मुलुकको विवरण नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

## परिच्छेद -७

## मतगणना र निर्वाचन परिणाम

१०३. मतगणनाको सूचना : (१) मतगणना अधिकृतले मतदान समाप्त भएपछि अविलम्ब मतगणना कार्य गर्नु पर्नेछ र उम्मेदवार, निजको प्रतिनिधि वा राजनीतिक दलको प्रतिनिधि सो मतगणना स्थलमा उपस्थित हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणनाको कार्य प्रारम्भ गर्नु अघि मतगणना गर्ने समयको सूचना उम्मेदवार वा राजनीतिक दलको प्रतिनिधिको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उम्मेदवार, उम्मेदवारको प्रतिनिधि वा राजनीतिक दलको प्रतिनिधि उपस्थित हुन नआएको कारणले मात्र मतगणना गर्ने काममा बाधा पुगेको मानिने छैन ।

१०४. मतगणना अधिकृतले मतगणना गर्नु, गराउनु पर्ने : (१) दफा १०३ को उपदफा (२) बमोजिम सूचना प्रकाशन भएकोमा यस ऐनमा उल्लिखित मतगणना अधिकृतको सम्पूर्ण काम, कर्तव्य र अधिकार मतदान अधिकृतले नै पालना र प्रयोग गर्नु पर्नेछ ।

(२) मतगणना अधिकृतले मतदान समाप्त भएपछि अबिलम्ब मतगणनाको कार्य आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा गर्नु, गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम मतगणना शुरु गर्नु अघि मतगणना अधिकृतले निर्वाचन अधिकृतसँग समन्वय गर्नु पर्नेछ र निजको निर्देशन बमोजिम मतगणना गर्नु पर्नेछ ।

(४) मतगणना अधिकृतले मतगणना प्रारम्भ गर्नु अघि प्रत्येक मतपेटिकामा मतदान भएको मतपत्र तोकिए बमोजिम मतदान भएको सूचीसँग भिडाई यकिन गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदान भएको सूची र मतपेटिकामा भएको मतपत्रको सङ्ख्या फरक परेमा रितपूर्वक सिलबन्दी भएको मतपेटिकामा रहेको मतपत्रलाई वास्तविक सङ्ख्या मानी गणना गर्नु पर्नेछ ।

१०५. पुनः मतदान गर्नु पर्ने भएमा मतगणना गर्न नहुने : दफा १०४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निर्वाचन अधिकृतको कार्यक्षेत्रसँग सम्बन्धित कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नुपर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदानको कार्य समाप्त नभएसम्म त्यस्तो निर्वाचन अधिकृतको कार्यक्षेत्र अन्तर्गतको अन्य मतदान केन्द्रको मतगणना प्रारम्भ गर्नु हुँदैन ।

१०६. छुट्टा छुट्टै मतगणना गर्नुपर्ने : (१) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको मतगणना गर्दा सङ्घीय संसदका सदस्यले दिएको मत र प्रदेश सभाका सदस्यले दिएको मत छुट्टाछुट्टै गणना गर्नु पर्नेछ ।

(२) राष्ट्रिय सभा सदस्यको निर्वाचनको मतगणना गर्दा प्रदेश सभाका सदस्यले दिएको मत र अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखले दिएको मत छुट्टाछुट्टै गणना गर्नु पर्नेछ ।

(३) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनको मतगणना गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणना छुट्टाछुट्टै गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम हुने मतगणना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०७. मतगणना गर्ने स्थानमा प्रवेश : (१) मतगणना अधिकृतले मतगणना गर्ने स्थानमा देहायका व्यक्ति बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन :-

(क) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि एकजना,

(ख) समानुपातिक निर्वाचन प्रणाली तर्फ राजनीतिक दलको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि एक जना,

(ग) मतगणनाको काममा खटिएका कर्मचारी,

(घ) आयोगबाट अनुगमन वा अन्य प्रयोजनको लागि खटिएका पदाधिकारी वा कर्मचारी,

(ङ) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(च) सुरक्षाको लागि खटिएका सुरक्षाकर्मी,

(छ) आयोग वा निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्ति ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतगणना स्थलको सुरक्षार्थ खटिएको सुरक्षाकर्मी बाहेक कुनै प्रकारको हतियार साथ लिएको व्यक्ति, लागू पदार्थ वा मादक पदार्थ सेवन

गरेको व्यक्ति वा धूमपान गरिरहेको व्यक्तिलाई मतगणना अधिकृतले मतगणना स्थलमा प्रवेश गर्न दिने छैन ।

(३) मतगणना गर्ने काममा बाधा पुऱ्याउने जुनसुकै व्यक्तिलाई मतगणना अधिकृतले मतगणना गर्ने स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ र त्यस्तो आदेश पालना नगरी अटेर गर्ने व्यक्तिलाई मतगणना अधिकृतको आदेश बमोजिम सुरक्षाकर्मीले त्यस्तो स्थानबाट बाहिर पठाउनेछ ।

१०८. मतगणना लगातार गर्ने : (१) मतगणना अधिकृतले मतगणना प्रारम्भ गरेपछि मतगणना समाप्त नभएसम्म त्यस्तो मतगणनाको काम लगातार गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबू बाहिरको परिस्थिति परी मतगणनाको काम बीचैमा रोक्नु परेमा मतगणना अधिकृतले गणना गरिसकेका मतपत्रहरु, मतगणना अभिलेख, मतगणना गर्न बाँकी रहेका मतपत्रहरु र मतगणना गर्न बाँकी मतपेटिकाहरुको लगत समेत अलग-अलग खाम, थैलो वा बोरामा बन्द गरी आफ्नो लाहाछाप लगाउनु पर्नेछ र त्यस्तो खाम, थैलो वा बोरामा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले समेत आफ्नो लाहाछाप लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रोकिएको मतगणनाको काम मतगणना अधिकृतले यथाशक्य छिटो पुनः प्रारम्भ गर्नु पर्नेछ र मतगणना अधिकृतले यसरी मतगणना पुनः प्रारम्भ हुने सूचना मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई दिई मतगणना गर्ने स्थानमा समेत प्रकाशन गर्नु पर्नेछ ।

१०९. मतगणना पूरा हुनु अघि नै मतपत्र नोक्सान भएमा : (१) मतगणना प्रारम्भ भए पछि मतगणना पूरा हुनुभन्दा पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र वा मतपत्र रहेको मतपेटिका मतगणना अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा, खोलिएमा, नोक्सान गरिएमा, तोडफोड गरिएमा, हराएमा वा दुर्घटनावश नोक्सान भएमा मतगणना अधिकृतले मतगणनाको काम स्थगित गरी त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई दिनु पर्नेछ र निर्वाचन अधिकृतले सोको जानकारी आयोगलाई गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले त्यस्तो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नुपर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन वा उपदफा (२) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतपत्र वा मतपेटिका मतगणना अधिकृतको नियन्त्रणबाट गैर कानूनी रुपमा अन्यत्र लगिएको, खोलिएको, नोक्सान गरिएको, तोडफोड गरिएको, हराएको वा दुर्घटनावश नोक्सान भएको देखिएमा त्यसरी असर परेको मतदान केन्द्रको अलग्गै मतगणना गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मतगणना गर्दा त्यस्तो मतदान केन्द्रको गणना गर्न नसकिएको मतपत्रको कारणले निर्वाचनको परिणाममा असर नपर्ने देखिएमा सोही बमोजिम बाँकी रहेका मतपत्र गणना गरी निर्वाचन परिणाम घोषणा गर्नु पर्नेछ र त्यस्तो मतदान केन्द्रको गणना गर्न नसकिएको मतपत्रको कारणले निर्वाचनको परिणाममा असर पर्ने देखिएमा निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको कार्यबाट असर परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्रहरु अवैध घोषित गरी मतदान रद्द गर्नेछ ।

(५) उपदफा (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा उपदफा (१) बमोजिम

मतपत्र नोक्सान भएकोमा उपदफा (३) बमोजिमको प्रतिवेदनको आधारमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको सम्पूर्ण मतपत्रहरु अवैध घोषित गरी मतदान रद्द गर्नेछ ।

(६) उपदफा (४) वा (५) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान, मिति र समय तोक्नेछ र सोको सूचना मतदान अधिकृतले मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

११०. मतगणना स्थलको अनधिकृत कब्जा : (१) देहायको अवस्थामा मतगणना स्थलको अनधिकृत कब्जा भएको मानिनेछः-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिई मतगणनाको कार्य गर्न नदिएमा वा मतगणना कार्यमा प्रभाव पारेमा,

(ख) कसैले बल प्रयोग गरी, डरत्रास देखाई वा धम्की दिई मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा मतगणना अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका, मतदानको लागि प्रयोग भएको विद्युतीय उपकरण वा मतगणना सम्बन्धी अन्य सामग्री, कागजात खोसेमा, च्यातेमा, नासेमा वा ध्वस्त पारेमा वा अन्य कुनै पनि कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिम मतगणना स्थलको अनधिकृत कब्जा भई मतगणना सम्बन्धी कार्यलाई निरन्तरता दिन नसकिने भएमा मतदान अधिकृतले तत्काल मतदान स्थगित गरी त्यसको प्रतिवेदन निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले आयोगलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले त्यस्तो घटनाको सम्बन्धमा जाँचबुझ गर्नुपर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन वा उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतगणना स्थल उपदफा (१) बमोजिम अनधिकृत तवरले कब्जा भई मतपत्र नोक्सान भएको देखिएमा आयोगले त्यसरी कब्जाबाट असर परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्र रद्द गर्नेछ । यसरी मतपत्र रद्द भएकोमा सम्बन्धित मतदान केन्द्रको मतदान समेत रद्द हुनेछ ।

(५) उपदफा (४) बमोजिम मतदान रद्द भएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने मिति र समय तोक्नेछ र सोको सूचना मतदान अधिकृतले सम्बन्धित मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

१११. मतपत्र बदर हुने : देहायको अवस्थामा मतपत्र बदर हुनेछ :-

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) दफा ९२ को उपदफा (३) बमोजिमको छाप वा चिन्ह बाहेक अन्य छाप, चिन्ह, सहीछाप वा औंठाछाप लगाई मत सङ्केत गरिएको,

(ग) कसलाई मतदान गरेको हो भन्ने स्पष्ट नहुने गरी मत सङ्केत गरेको वा च्यातिएको,

(घ) समानुपातिक निर्वाचन तर्फ राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा र अन्य निर्वाचन तर्फ उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) एकभन्दा बढी उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केत गरिएको,

(च) एकभन्दा बढी उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको,

(छ) उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केत गरी मतपत्रको अन्य भागमा समेत मतसङ्केन गरिएको,

(ज) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(झ) कुनै पनि उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्हमा मत सङ्केत नगरी अन्यत्र मतसङ्केत गरिएको,

(ञ) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ट) पट्याएको मतपत्रभित्र रुपैयाँ, कागज वा अन्य कुनै वस्तु टाँस गरेको वा संलग्न गरेको वा कुनै रुपमा च्यातेको, प्वाल पारेको,

(ठ) मतपेटिकाभन्दा बाहिर राखिएको,

(ड) जाली मतपत्र, वा

(ढ) आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

११२. <u>दोहोऱ्याई मतगणना गर्न सक्ने</u> : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली वा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी नहुँदै कुनै उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गन्ती गरी पाउँ भनी मतगणना अधिकृत समक्ष कारण सहित लिखित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा र दोहोऱ्याई मतगणना गर्नुपर्ने देखिएमा मतगणना अधिकृतले दोहोऱ्याई मतगणना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दोहोऱ्याई मतगणना गर्नु नपर्ने भएमा मतगणना अधिकृतले सोही व्यहोराको निर्णय गरी त्यस्तो स्थानमा उपस्थित रहेका सम्बन्धित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई त्यस्तो निर्णयको सूचना दिनु पर्नेछ ।

११३. <u>मतगणनाको नतिजा निर्वाचन अधिकृत समक्ष पेश गर्ने</u> : मतगणना अधिकृतले मतगणनाको कार्य सम्पन्न भए पछि मतगणनाको नतिजा निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

११४. <u>निर्वाचन अधिकृतले मतगणना गर्ने</u> : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रपति, उपराष्ट्रपति, राष्ट्रिय सभा सदस्य, गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य, जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको निर्वाचनको मतगणना निर्वाचन अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित निर्वाचन बाहेक अन्य निर्वाचनको सन्दर्भमा सम्बन्धित मतदान केन्द्रमा भएको मतगणनाको क्रममा कुनै विवाद आई मतगणना स्थगित गनुपरेमा सो गणना स्थलको सम्पूर्ण मतपत्रहरु मतगणना अधिकृतले निर्वाचन अधिकृतको कार्यालयमा बुझाउनु पर्नेछ र त्यस्तो मतदान केन्द्रको मतगणना निर्वाचन अधिकृतले गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निर्वाचन अधिकृतले मतगणना गर्नुपर्ने अवस्थामा मतगणना अधिकृतको सम्पूर्ण काम निर्वाचन अधिकृतले गर्नु पर्नेछ ।

११५. राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको परिणामको घोषणा : (१) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा सङ्घीय संसदका सदस्य र प्रदेश सभा सदस्यले दिएको मत छुट्टाछुट्टै गणना गरी तोकिए बमोजिम मतगणना तालिका तयार गर्नु पर्नेछ र त्यस्तो मतलाई अनुसूची-१ बमोजिमको मतभारले गुणन गरी प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल सदर मत सङ्ख्या निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उम्मेदवारले प्राप्त गरेको कूल मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको पचास प्रतिशत भन्दा बढी भएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गरी तोकिए बमोजिम निर्वाचन परिणाम प्रकाशन गर्नु पर्नेछ र सोको एक प्रति तुरुन्त आयोगमा पठाउनु पर्नेछ ।

११६. पुनः मतदान गराउने : (१) दफा ११५ को उपदफा (२) बमोजिम कुनै उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको पचास प्रतिशत भन्दा बढी नभएमा निर्वाचन अधिकृतले सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारहरू बीच मतदान हुने गरी मतदानको मिति तोकी पुनः मतदान गराउनेछ ।

(२) उपदफा (१) बमोजिम भएको मतदानमा कुनै उम्मेदवारले प्राप्त गरेको मत कूल मतको पचास प्रतिशतभन्दा बढी भएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम भएको मतदानमा कुनै उम्मेदवारले कूल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त नगरेमा पुनः मतदान हुने गरी निर्वाचन अधिकृतले मतदानको मिति तोकी पुनः मतदान गराउनेछ ।

(४) उपदफा (३) बमोजिम भएको मतदानमा खसेको कूल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचन अधिकृतले निर्वाचित भएको घोषणा गरी निर्वाचन परिणाम प्रकाशन गर्नु पर्नेछ र सोको एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

११७. राष्ट्रिय सभा सदस्यको निर्वाचनको परिणामको घोषणा : (१) राष्ट्रिय सभा सदस्यको निर्वाचनमा अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुखले दिएको मत र प्रदेश सभाका सदस्यले दिएको मत छुट्टाछुट्टै गणना गरी तोकिए बमोजिम मतगणना तालिका तयार गर्नु पर्नेछ र त्यस्तो मतलाई अनुसूची-२ बमोजिमको मतभारले गुणन गरी प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल सदर मत सङ्ख्या निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कायम हुन आएको कूल मतको आधारमा निर्वाचन अधिकृतले सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गरी तोकिए बमोजिम निर्वाचन परिणाम प्रकाशन गर्नु पर्नेछ र सोको एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

११८. प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचन परिणामको घोषणा : प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको कुनै निर्वाचन क्षेत्रमा मतदान भएको सबै मतदान केन्द्रहरुको मतगणनाको कार्य पूरा भई दफा ११२ बमोजिम मतगणनाको नतिजा प्राप्त भए पछि निर्वाचन अधिकृतले सबै मतदान केन्द्रको नतिजा जोडी मतगणनाको तालिका तयार गरी सबैभन्दा बढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गरी तोकिए बमोजिम निर्वाचन परिणाम प्रकाशन गर्नु पर्नेछ र सोको एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

११९. <u>प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचनको परिणामको घोषणा</u> : (१) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको लागि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा निर्वाचन अधिकृतले सो निर्वाचनमा खसेको मत गणना गरी प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कूल सदर मत सङ्ख्याको विवरण तोकिए बमोजिमको तालिकामा खुलाई तुरुन्त आयोगमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सबै निर्वाचन क्षेत्रबाट विवरण प्राप्त गरिसकेपछि आयोगले राजनीतिक दलले प्राप्त गरेको कूल सदर मत सङ्ख्याको अनुपातमा अनुसूची-५ मा उल्लेख भए बमोजिमको मत परिणाम विभाजक सूत्रको आधारमा निर्वाचित हुने सङ्ख्या निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम राजनीतिक दलहरुले प्राप्त गरेको कूल सदर मतलाई भाग गरी राजनीतिक दलले प्राप्त गर्ने सीट सङ्ख्या बाँडफाँड गर्दा कुनै सीटका सम्बन्धमा एकभन्दा बढी राजनीतिक दलको बराबर भागफल हुन आएमा आयोगले सो सीट कुन राजनीतिक दलले प्राप्त गर्ने हो गोला हाली निर्धारण गर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम राजनीतिक दलले प्राप्त गर्ने सीट सङ्ख्या निर्धारण गरेपछि आयोगले त्यस्तो राजनीतिक दलको तर्फबाट प्रतिनिधि सभा सदस्यको निर्वाचनको हकमा सङ्घीय संसदमा र प्रदेश सभा सदस्यको निर्वाचनको हकमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने कूल सदस्य सङ्ख्याको एक तिहाई महिलाको प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणाली तर्फबाट निर्वाचित गर्नुपर्ने महिलाको सङ्ख्या समेत यकिन गरी सम्बन्धित राजनीतिक दललाई जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको जानकारी प्राप्त गरेपछि राजनीतिक दलले सो राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णयबाट निर्वाचित हुने उम्मेदवारको छनौट गरी त्यसरी छनौट भएका उम्मेदवारको सूची आयोगले तोकेको समयभित्र आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम राजनीतिक दलले सूची पेश गर्दा जनसङ्ख्या र सो राजनीतिक दलले प्राप्त गरेको सिट सङ्ख्याको आधारमा प्रतिनिधि सभा सदस्यको निर्वाचनको हकमा अनुसूची-३ मा उल्लेख भए बमोजिम र प्रदेश सभा सदस्यको निर्वाचनको हकमा अनुसूची-४ मा उल्लेख भए बमोजिम समावेशी प्रतिनिधित्व हुने गरी पेश गर्नु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम सूची पेश गर्दा बन्दसूचीमा सम्बन्धित समावेशी समूहको माथिल्लो क्रममा रहेको उम्मेदवारको नाम समावेश नगरी सोही समूहको तल्लो क्रममा रहेको उम्मेदवारको नाम समावेश गरिने छैन ।

तर पिछडिएको क्षेत्र र अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वको लागि त्यस्तो समूहमा सूचीकृत भएका सम्बन्धित समूहका माथिल्लो क्रमको उम्मेदवारको नाम समावेश गर्न सकिनेछ ।

<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचनको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला र प्रदेश सभा सदस्य निर्वाचनको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्रत्येक प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्र सम्झनु पर्छ ।

(८) उपदफा (५) बमोजिम सम्बन्धित राजनीतिक दलले पेश गरेको उम्मेदवारको नामावलीको सूची प्राप्त भएपछि आयोगले सो सूचीमा नाम समावेश भएका उम्मेदवारहरु निर्वाचित भएको घोषणा गर्नेछ र प्रतिनिधि सभा सदस्यको निर्वाचनमा निर्वाचित भएको उम्मेदवारको नाम आयोगले राष्ट्रपति समक्ष र प्रदेश सभा सदस्यको निर्वाचनमा निर्वाचित भएको उम्मेदवारको नाम प्रदेश प्रमुख समक्ष पठाई निर्वाचित उम्मेदवारको सूची नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा प्रतिनिधि सभा सदस्यको हकमा कूल सदर मतको तीन प्रतिशत वा सोभन्दा बढी मत र प्रदेश सभा सदस्यको हकमा कूल सदर मतको एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने राजनीतिक दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुनेछ ।

(१०) उपदफा (२) बमोजिम राजनीतिक दलले प्राप्त गरेको कूल सदर मत गणना गर्दा उपदफा (९) मा उल्लिखित प्रतिशतभन्दा कम मत प्राप्त गर्ने राजनीतिक दलले प्राप्त गरेको मत राजनीतिक दलले प्राप्त गरेको कूल मतमा गणना गरिने छैन ।

१२०. <u>स्थानीय तहका सदस्यको निर्वाचनको परिणामको घोषणा</u> : स्थानीय तहको सदस्यको निर्वाचनमा सम्बन्धित स्थानीय तहको सबै मतदान केन्द्रहरुको मतगणनाको कार्य पूरा भई दफा ११३ बमोजिम मतगणनाको नतिजा प्राप्त भए पछि निर्वाचन अधिकृतले सम्बन्धित सबै मतदान केन्द्रको नतिजा जोडी मतगणनाको तालिका तयार गरी देहाय बमोजिम सबै भन्दा बढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ र सोको एक प्रति तुरुन्त आयोगमा पठाउनु पर्नेछ :-

(क) अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडाध्यक्ष, स्थानीय तहको वडा समितिका महिला वडा सदस्य तथा दलित महिला सदस्य पदमा सबै भन्दा बढी मत ल्याउने एक जना,

(ख) स्थानीय तहको वडा समितिका अन्य वडा सदस्य पदमा सबै भन्दा बढी मत पाउने दुई जना,

(ग) गाउँ कार्यपालिकाको महिला सदस्य पदमा सबै भन्दा बढी मत पाउने चार जना,

(घ) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य पदमा सबै भन्दा बढी मत पाउने दुई जना,

(ङ) नगर कार्यपालिकाको महिला सदस्य पदमा सबै भन्दा बढी मत पाउने पाँच जना,

(च) नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य पदमा सबै भन्दा बढी मत पाउने तीन जना ।

१२१. <u>मत बराबर भएमा गोला हाली निर्णय गर्ने</u> : यस ऐन बमोजिम भएको निर्वाचनमा मतदान भएको सबै मतपत्रको मतगणनाको काम पूरा भइसकेपछि दुई वा दुईभन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा निर्वाचन अधिकृतले बराबर मत प्राप्त गर्ने उम्मेदवारको बीच गोला हाली निर्णय गर्नेछ र सो निर्णय बमोजिम छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरेको मानिनेछ ।

१२२. <u>प्रमाणपत्र दिने</u> : निर्वाचित भएको उम्मेदवारलाई निर्वाचन अधिकृतले तोकिए बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ ।

१२३. <u>प्रतिवेदन पेश गर्ने</u> : निर्वाचन अधिकृतले निर्वाचनको परिणाम प्रकाशन गरिसकेपछि निर्वाचन सम्बन्धी तोकिए बमोजिमका विवरणहरु भएको प्रतिवेदन तयार गरी मुख्य निर्वाचन अधिकृत र आयोग समक्ष पेश गर्नु पर्नेछ र मुख्य निर्वाचन अधिकृतले एकीकृत प्रतिवेदन तयार गरी आयोगमा पठाउनु पर्नेछ ।

१२४. <u>निर्वाचन परिणाम पेश गर्ने</u> : (१) आयोगले देहायको निर्वाचनको परिणाम देहाय बमोजिमको निकायमा पेश गर्नु पर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको तीन दिनभित्र राष्ट्रपतिको कार्यालयमा,

(ख) राष्ट्रिय सभा सदस्यको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको सात दिन भित्र राष्ट्रपति समक्ष,

(ग) प्रतिनिधि सभा सदस्यको निर्वाचन अन्तर्गतको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको पन्ध्र दिनभित्र राष्ट्रपति समक्ष,

(घ) प्रदेश सभा सदस्यको निर्वाचन अन्तर्गतको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको पन्ध्र दिनभित्र प्रदेश प्रमुख समक्ष,

(ङ) स्थानीय तहको सदस्यको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको तीस दिन भित्र सम्बन्धित स्थानीय तह समक्ष ।

१२५. <u>पदावधि गणना</u> : (१) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको पदावधि गणना गर्दा प्रतिनिधि सभा वा प्रदेश सभाको पहिलो बैठक बसेको मितिबाट गणना गरिनेछ ।

(२) स्थानीय तहका सदस्यको पदावधि गणना गर्दा निर्वाचन हुँदाका बखत कायम रहेको स्थानीय तहका सदस्यको पदावधि समाप्त भएको भोली पल्टबाट गणना गरिनेछ ।

## परिच्छेद-८

## <u>उम्मेदवार तथा राजनीतिक दलको प्रतिनिधि</u>

१२६. <u>निर्वाचन प्रतिनिधि</u> : (१) कुनै उम्मेदवारले कुनै मतदातालाई निर्वाचनको लागि आफ्नो निर्वाचन प्रतिनिधि नियुक्त गरेमा सोको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका सम्बन्धमा राजनीतिक दलको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम कारबाही गर्न राजनीतिक दलले तोकिए बमोजिम आफ्नो निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(३) उम्मेदवार वा राजनीतिक दलले निर्वाचन प्रतिनिधिको नियुक्ति जुनसुकै बखत रद्द गरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गरेको लिखित सूचना सम्बन्धित निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(४) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा निर्वाचन प्रतिनिधिले गर्नुपर्ने भनी उल्लेख गरे बमोजिमको काम गर्नु निर्वाचन प्रतिनिधिको कर्तव्य हुनेछ ।

(५) निर्वाचन प्रतिनिधिको योग्यता तथा अन्य काम, कर्तव्य तोकिए बमोजिम हुनेछ ।

१२७. <u>मतदान प्रतिनिधि र मतगणना प्रतिनिधि</u> : (१) उम्मेदवार वा निर्वाचन प्रतिनिधिले प्रत्येक मतदान केन्द्रको लागि तोकिए बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसरी मतदान प्रतिनिधि नियुक्त गरेको लिखित सूचना मतदान अधिकृत र निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणना स्थलमा उपस्थित रहन तोकिए बमोजिम मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसरी मतगणना प्रतिनिधि नियुक्त गरेको लिखित सूचना मतगणना अधिकृतलाई दिनु पर्नेछ ।

(३) मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधिको नियुक्ति उम्मेदवार वा निर्वाचन प्रतिनिधिले जुनसुकै बखत रद्द गरी अर्को मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अर्को मतदान प्रतिनिधि नियुक्त गरिएकोमा मतदान अधिकृतलाई र अर्को मतगणना प्रतिनिधि नियुक्त गरिएकोमा मतगणना अधिकृतलाई सोको जानकारी दिनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान केन्द्रमा नै मतगणना भएको अवस्थामा उम्मेदवारले नियुक्त गरेको एक जना मतदान प्रतिनिधिले नै मतगणना प्रतिनिधिको रुपमा समेत काम गर्नेछ ।

(६) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले गर्नुपर्ने भनी उल्लेख भएका काम गर्नु मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

(७) मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको सङ्ख्या, योग्यता तथा अन्य काम, कर्तव्य तोकिए बमोजिम हुनेछ ।

१२८. काम नरोकिने : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्वाचन सम्बन्धी कामको सन्दर्भमा उम्मेदवार वा कुनै प्रतिनिधि उपस्थिति हुनु पर्ने अवस्थामा त्यस्तो उम्मेदवार वा प्रतिनिधि उपस्थित नरहेमा वा निजहरुमध्ये कसैले गर्नुपर्ने काम नगरेमा सोही कारणले मात्र मतदान वा मतगणनाको काम रोकिने छैन र त्यस्तो काम कानून बमोजिम भएको मानिनेछ ।

## परिच्छेद—९

## विविध

१२९. कुनै पनि उम्मेदवार प्रति समर्थन नभएको भनी मतदान गर्ने : (१) आयोगले कुनै पनि उम्मेदवार प्रति समर्थन छैन भनी मतदाताले मतदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको मतदानमा कूल सदर मत मध्ये कुनै पनि उम्मेदवार प्रति समर्थन नभएको भनी पचास प्रतिशत भन्दा बढी मत परेमा त्यस्तो निर्वाचन रद्द हुनेछ र यसरी निर्वाचन रद्द भएमा पुनः उम्मेदवारको मनोनयन गरी मतदान हुनेछ र त्यस्तो निर्वाचनमा पहिले उम्मेदवार भएका व्यक्ति उम्मेदवार हुन पाउने छैन ।

(३) कुनै पनि उम्मेदवार प्रति समर्थन नभएको भनी मतदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३०. उपनिर्वाचन : देहायको पद देहायको अवधि भन्दा बढी बाँकी छँदै कुनै कारणले रिक्त भएमा त्यस्तो रिक्त पद बाँकी अवधिको लागि आयोगले तोकेको मितिमा उपनिर्वाचन गरी पदपूर्ति गर्नुपर्नेछ :-

(क) राष्ट्रिय सभाको सदस्यको पद एक वर्ष भन्दा बढी,

(ख) प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित सदस्यको पद छ महिनाभन्दा बढी,

(ग) प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित सदस्यको पद छ महिनाभन्दा बढी,

(घ) अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडाध्यक्ष वा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुखको पद एक वर्ष भन्दा बढी ।

१३१. <u>निविदा मतपत्र सम्बन्धी व्यवस्था</u> : (१) कसैले अर्को मतदाताको नामबाट मतपत्र लिइसकेको वा मतदान गरिसकेको र पछिबाट मतदान गर्न आउने व्यक्ति नै वास्तविक मतदाता हो भन्ने कुरा निजले पेश गरेको प्रमाणबाट यकिन भएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई निविदा मतपत्र दिनेछ । त्यस्तो निविदा मतपत्र दिएकोमा सो मतपत्रमा मतदाताले आफ्नो मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र मतपेटिकामा नहाली सो प्रयोजनको लागि राखिएको छुट्टै खाममा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निविदा मतपत्र दिने, राख्ने र तत्सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम मतगणना गर्दा छुट्टै खाममा राखिएका निविदा मतपत्रहरु गणना गरिने छैन । निर्वाचन सम्बन्धी उजुरी पर्न आई सो उजुरीको निर्णय गर्नको लागि आवश्यक पर्ने भनी अदालतले ठहर गरेमा त्यस्तो निविदा मतपत्रहरु समेत गणना गर्नेछ ।

१३२. <u>धरौटी राख्नु पर्ने</u> : (१) देहायको निर्वाचनमा देहाय बमोजिमको रकम धरौटी राख्नु पर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले पच्चीस हजार रुपैयाँ,

(ख) राष्ट्रिय सभा सदस्यको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले बीस हजार रुपैयाँ,

(ग) प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले बीस हजार रुपैयाँ र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारको बन्दसूची पेश गर्ने राजनीतिक दलले एक लाख रुपैयाँ,

(ग) प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले पन्ध्र हजार रुपैयाँ र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारको बन्दसूची पेश गर्ने राजनीतिक दलले एक लाख रुपैयाँ,

(घ) स्थानीय तहको निर्वाचनमा वडा सदस्यको उम्मेदवार हुने व्यक्तिले एक हजार रुपैयाँ, वडा अध्यक्षको उम्मेदवार हुने व्यक्तिले पाँच हजार रुपैयाँ र अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुखको उम्मेदवार हुने व्यक्तिले दश हजार रुपैयाँ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, आर्थिक रुपले विपन्न वा अल्पसङ्ख्यक समुदायको उम्मेदवारको हकमा सो धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "आर्थिक रुपले विपन्न" भन्नाले वार्षिक एक लाख रुपैयाँ भन्दा कम पारिवारिक आय भएको व्यक्ति सम्झनु पर्छ ।

(३) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा एउटै उम्मेदवारको लागि एकभन्दा बढी मनोनयनपत्र दाखिला भएको अवस्थामा एउटा मनोनयनको लागि मात्र धरौटी राखे पुग्नेछ ।

(४) उपदफा (१) बमोजिम राख्नु पर्ने धरौटी रकम उम्मेवार वा राजनीतिक दलले नगदै बुझाउन वा बैङ्कमा नगद धरौटी राखेको रसिद पेश गर्न सक्नेछ ।

१३३. <u>धरौटी जफत हुने</u> : (१) निर्वाचित उम्मेदवार बाहेक जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ ।

(२) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुनै राजनीतिक दलले कम्तीमा एक सीट प्राप्त नगरेमा त्यस्तो राजनीतिक दलले राखेको धरौटी जफत हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम जफत हुने धरौटी बाहेक अन्य उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएको वा नाम फिर्ता लिएका व्यक्तिले राखेको धरौटी सो निर्वाचन परिणाम घोषणा भएको मितिले तीन महिना भित्र सम्बन्धित व्यक्ति वा राजनीतिक दलले फिर्ता लिनु पर्नेछ र सो म्यादभित्र फिर्ता नलिएमा सो धरौटीको रकम सङ्घीय सञ्चित कोषमा जम्मा गरिनेछ ।

१३४. निर्वाचन सम्बन्धी कागजात सुरक्षित राख्ने : (१) निर्वाचन सम्बन्धी कागजात वा विद्युतीय उपकरणबाट मतदान भएकोमा त्यसको अभिलेख मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली हेरी मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरी तोकिएको अधिकारीको जिम्मामा राखिनेछ ।

(२) उपदफा (१) बमोजिमको कागजात वा अभिलेख मध्ये सिलबन्दी मतपत्रको अधकट्टी, मतदानमा प्रयोग गरिएको मतदाता नामावली र सिलबन्दी गरिएको सदर तथा बदर भएको मतपत्रहरु प्रचलित कानून बमोजिम परेको उजुरीको सिलसिलामा अदालतले मात्र खोल्न र हेर्न सक्नेछ । अदालत बाहेक अन्य कुनै अधिकारी वा निकायलाई त्यस्तो सिलबन्दी खाम, थैलो वा बोरा खोली हेर्ने अधिकार हुने छैन ।

(३) उपदफा (२) बमोजिम अदालतले खोली हेरिसकेपछि ती कागजात वा अभिलेख यथारुपमा सिलबन्दी गरी राख्नु पर्नेछ ।

(४) कुनै अदालतले निर्वाचन सम्बन्धी कुनै कागजात वा अभिलेख माग गरेमा त्यस्तो आदेश प्राप्त भएको पन्ध्र दिन भित्र त्यस्तो कागजात वा अभिलेख अदालतलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) यस दफामा उल्लिखित कागजात वा अभिलेख मुद्दा परेकोमा मुद्दाको अन्तिम टुङ्गो लागेको मितिले र मुद्दा नपरेकोमा उजुरी गर्ने म्याद भुक्तान भएको मितिले तीन महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

१३५. गोप्यता भङ्ग गर्न नहुने : (१) निर्वाचन सम्बन्धी काममा संलग्न कुनै पनि कर्मचारी, उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि, मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न, प्रकट गर्न वा प्रकाश गर्न हुँदैन ।

(२) यो ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत चलेको कानूनी कारबाहीमा कुनै पनि साक्षी वा कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी वा कसले कसलाई मत दिएको हो भनी प्रश्न गरिने छैन ।

## भाग - ५

## निर्वाचन आचारसंहिता तथा निर्वाचन खर्च

### परिच्छेद -१

### निर्वाचन आचार संहिता

१३६. निर्वाचन आचारसंहिता : (१) आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न र निर्वाचन परिणामलाई विश्वसनीय बनाउन देहायका निकाय वा व्यक्तिले पालना गर्नुपर्ने आचारसंहिता बनाउन सक्नेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सोका पदाधिकारी,

(ख) सङ्घीय संसद, प्रदेश सभा, गाउँ सभा र नगर सभाका पदाधिकारी तथा सदस्य,

(ग) आयोगका पदाधिकारी, निर्वाचन अधिकृत तथा आयोगका कर्मचारी,

(घ) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,

(ङ) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी,

(च) निर्वाचनको काममा संलग्न कर्मचारी,

(छ) राजनीतिक दल तथा तिनका पदाधिकारी,

(ज) उम्मेदवार, उम्मेदवारको प्रतिनिधि तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति,

(झ) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,

(ञ) आयोगबाट अनुमति प्राप्त गरेका पर्यवेक्षक,

(ट) निजी तथा गैरसरकारी संस्था,

(ठ) आयोगले तोकेका अन्य निकाय, पदाधिकारी वा व्यक्ति ।

(२) उपदफा (१) बमोजिम बनाइने आचारसंहितामा सामान्यतयाः निर्वाचनको स्वच्छता र निष्पक्षतामा प्रभाव पर्ने गरी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले नयाँ नीति, योजना तथा कार्यक्रम घोषणा गर्न, जनशक्ति तथा साधन स्रोतको परिचालन गर्न, कुनै पदमा नियुक्ति, सरुवा वा बढुवा गर्न तथा निर्वाचन प्रचार-प्रसारका लागि सरकारी सञ्चार वा सवारी साधनको प्रयोग गर्न नपाउने विषय समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम आचारसंहिता बनाउँदा आयोगले सम्बन्धित सरोकारवालासँग परामर्श गर्नेछ ।

(४) आयोगले बनाएको आचारसंहिता नेपाल राजपत्रमा प्रकाशन गरिनेछ र त्यस्तो आचारसंहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१३७. <u>आचारसंहिता कार्यान्वयन तथा अनुगमन</u> : (१) दफा १३६ बमोजिम आयोगले बनाएको आचारसंहिता पालना भए नभएको सम्बन्धमा आयोगले आवश्यकता अनुसार संयन्त्र निर्माण गरी जाँचबुझ तथा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ वा अनुगमन गर्दा कसैबाट आचारसंहिता पालना नभएको वा उल्लङ्घन भएको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नका लागि आयोगले सम्बन्धित सरकारी निकाय, राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा अन्य निकायलाई आदेश दिनेछ ।

(३) उपदफा (२) बमोजिम आयोगले दिएको आदेश बमोजिम काम कारबाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले दश लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) कुनै उम्मेदवारले आयोगले बनाएको आचारसंहिताको उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यसको स्पष्ट आधार र कारण खोली आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्नेछ । यसरी उम्मेदवारी रद्द गर्नु अघि सम्बन्धित उम्मेदवारलाई सफाइको उचित मौका दिनु पर्नेछ ।

## परिच्छेद -२

## निर्वाचन खर्च सम्बन्धी व्यवस्था

१३८. निर्वाचन खर्चको हद तोक्ने : (१) आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको क्रममा प्रचार-प्रसार वा अन्य कार्यका लागि गर्न पाउने खर्चको अधिकतम हद तोक्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "निर्वाचनको क्रम" भन्नाले मनोनयनपत्र दर्ता गरेको दिन देखि अन्तिम परिणाम घोषणा भएको दिनसम्म सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अधिकतम हदभन्दा बढी हुने गरी राजनीतिक दल वा उम्मेदवारले निर्वाचन खर्च गर्नु वा गराउनु हुँदैन ।

१३९. बैङ्क खाताबाट खर्च गर्नु पर्ने : (१) उम्मेदवारले निर्वाचनमा खर्च गर्दा दफा ७१ को उपदफा (८) बमोजिम मनोनयनपत्र साथ पेश गरेको बैङ्क खातामा भएको रकमबाट खर्च गर्नु पर्नेछ ।

(२) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले दफा ८३ को उपदफा (११) बमोजिम पेश गरेको बैङ्क खाताबाट खर्च गर्नु पर्नेछ ।

१४०. स्वेच्छिक आर्थिक सहयोग : (१) उम्मेवार वा राजनीतिक दललाई नेपाली नागरिकले स्वेच्छिक आर्थिक सहयोग गर्न सक्नेछ ।

(२) उम्मेदवारले देहायका सरकारी कार्यालय, संस्था वा व्यक्तिबाट आर्थिक सहयोग लिनु हुँदैन :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकाय वा कार्यालय,

(ख) कुनै पनि कम्पनी, सहकारी वा सङ्गठित संस्था,

(ग) विश्वविद्यालय, क्याम्पस, विद्यालय वा प्राज्ञिक वा शैक्षिक संस्था,

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था,

(ङ) विदेशी सरकार, संस्था वा व्यक्ति,

(च) नाम नखुलेको व्यक्ति वा संस्था,

(छ) आयोगले तोकेको अन्य संस्था ।

(३) यस दफा बमोजिम उम्मेदवार वा राजनीतिक दलले कुनै व्यक्तिबाट पच्चीस हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्किङ चेक वा बैङ्किङ ट्रान्सफर मार्फत मात्र गर्नु पर्नेछ ।

(४) उम्मेदवार वा राजनीतिक दलले यस दफा बमोजिम आर्थिक सहयोग प्राप्त गर्दा त्यसको रसिद दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम आर्थिक सहयोग प्रदान गर्दा उम्मेदवार वा राजनीतिक दलबाट कुनै आर्थिक वा व्यक्तिगत फाइदा लिने शर्त गरी प्रदान गर्न र त्यस्तो फाइदा दिने गरी उम्मेदवारले सहयोग प्राप्त गर्नु हुँदैन ।

(६) उम्मेदवार वा राजनीतिक दलले कुनै व्यक्तिबाट पचास हजार रुपैयाँभन्दा बढी सहयोग लिंदा त्यसको स्रोत खुलाउन लगाएर मात्र लिनु पर्नेछ ।

(७) उम्मेदवार वा राजनीतिक दलले एक आर्थिक वर्षमा कुनै एकजना व्यक्तिबाट एक लाख रुपैयाँभन्दा बढी आर्थिक सहयोग लिनु हुँदैन ।

(८) कुनै व्यक्तिले एक आर्थिक वर्षमा एक जना उम्मेदवार वा राजनीतिक दललाई एक आर्थिक वर्षमा एक लाख रुपैयाँभन्दा बढी र विभिन्न उम्मेदवार वा राजनीतिक दललाई गरी जम्मा पाँच लाख रुपैयाँ भन्दा बढी आर्थिक सहयोग दिनु हुँदैन ।

(९) निर्वाचन सम्पन्न हुँदा कुनै उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको लागि प्रयोग गरेको बैङ्क खातामा रकम बाँकी भएमा त्यसरी बाँकी भएको रकम आफुले आर्थिक सहयोग लिएका व्यक्तिहरुलाई समानुपातिक रुपमा फिर्ता गर्नु पर्नेछ ।

१४१. निर्वाचन खर्च उपलब्ध गराउन सक्ने : (१) निर्वाचनमा भाग लिने राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दललाई प्रतिनिधि सभा सदस्यको लागि तत्काल अघि भएको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मतको आधारमा निर्वाचन खर्चको रुपमा तोकिए बमोजिमको रकम नेपाल सरकारले उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित राजनीतिक दलले आम्दानी, खर्च तथा लेखा परीक्षणको प्रतिवेदन नबुझाएसम्म त्यस्तो रकम उपलब्ध गराइने छैन ।

१४२. अनुगमन गर्ने : (१) राजनीतिक दल तथा उम्मेदवारले निर्वाचनको प्रयोजनको लागि यो ऐन बमोजिम खर्च गरे नगरेको सम्बन्धमा आयोग तथा निर्वाचन अधिकृतले अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमनको लागि आयोग तथा निर्वाचन अधिकृतको कार्यालयले तोकिए बमोजिमको अनुगमन संयन्त्र बनाई परिचालन गर्न सक्नेछ ।

(३) निर्वाचन खर्च सम्बन्धमा कुनै राजनीतिक दल वा उम्मेदवारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत खर्च गरेको जानकारी भएमा आयोग वा निर्वाचन आयोगले सुक्ष्म अनुगमनको व्यवस्था मिलाउन सक्नेछ ।

(४) निर्वाचन खर्चको अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४३. सरकारी तथा सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नु नहुने : निर्वाचनका सन्दर्भमा कुनै पनि उम्मेदवार वा राजनीतिक दलले विश्वविद्यालय, विद्यालय, सार्वजनिक सडक, धार्मिक स्थल, अस्पताल लगायतका सरकारी तथा सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नु हुँदैन ।

१४४. निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने : (१) निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने दायित्व भएको राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले तीस दिनभित्र आयोगले तोकेको ढाँचामा आम्दानी र खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा निर्वाचन खर्चको विवरण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको निर्वाचन खर्चको विवरण आयोगले मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउन सक्नेछ ।

## भाग -६

## निर्वाचन सम्बन्धी कसूर तथा सजाय

### परिच्छेद -१

### निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसूर तथा सजाय

१४५. झुट्टा विवरण वा कागजात सहित मनोनयन पत्र पेश गर्न नहुने : (१) कसैले पनि उम्मेदवारी दिँदा झुट्टा विवरण वा कागजात संलग्न गरी मनोनयन पत्र पेश गर्न, गर्न लगाउन वा झुट्टा स्वघोषणा गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो निर्वाचनको परिणाम घोषणा भई सकेकोमा आयोगले त्यस्तो जरिबाना गर्नेछ र त्यस्तो उम्मेदवार निर्वाचित भएको भएमा निजको निर्वाचन स्वतः बदर हुनेछ ।

१४६. निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याउन नहुने : (१) कसैले पनि निर्वाचनमा प्रयोग गरिने वा प्रयोग गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री खोस्न, लुट्न, चोर्न, कब्जामा लिन, खोल्न, नष्ट गर्न वा निर्वाचनमा प्रयोग हुन नदिन कुनै किसिमले रोकावट वा हस्तक्षेप गर्न वा गराउन हुँदैन ।

(२) कसैले पनि मतदातालाई मतदान गर्नबाट वञ्चित गर्ने उद्देश्यले मतदाता परिचयपत्र कब्जा गरी राख्न, बिगार्न वा खरिद गर्न हुँदैन ।

(३) कसैले पनि मतदान अधिकृतको स्वीकृति बिना निर्वाचनमा प्रयोग गरिने वा प्रयोग गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लैजान हुँदैन ।

(४) कसैले पनि निर्वाचनमा संलग्न कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन, हटाउन वा त्यस्तो कागजात च्यात्न वा कुनै किसिमले बिगार्न, नोक्सान गर्न वा नष्ट गर्न वा त्यस्तो कार्य गर्न लगाउन हुँदैन ।

(५) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना र दुई वर्षसम्म कैद हुनेछ ।

(६) उपदफा (२), (३) वा (४) विपरीतको कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना र छ महिनासम्म कैद हुनेछ ।

१४७. मतपत्रको दुरुपयोग गर्न नहुने : (१) कसैले पनि मतपत्रलाई नष्ट गर्न, मतपत्रमा लागेको निर्वाचन अधिकृत वा मतदान अधिकृतको सही वा छाप वा मतपत्रमा अङ्कित कुनै चिन्ह वा सङ्केत मेट्न, केर्न, सच्याउन, किर्ते गर्न, बिगार्न वा नष्ट गर्न वा अन्य कुनै किसिमले मतपत्र नोक्सान वा दुरुपयोग गर्न वा गराउन हुँदैन ।

(२) कसैले पनि नक्कली मतपत्र तयार गर्न वा त्यस्तो मतपत्र ओसारपसार गर्न हुँदैन ।

(३) कसैले पनि मतपत्र खरिद बिक्री गर्न हुँदैन ।

(४) कसैले पनि आधिकारिक छाप वा चिन्ह लागेको मतपत्र मतदान नगरी आफूसँग राख्न वा मतदान केन्द्र बाहिर लैजान हुँदैन ।

(५) उपदफा (१), (२) वा (३) विपरीतको कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद हुनेछ ।

(६) उपदफा (४) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१४८. गैरकानूनी तवरले मतपत्र दिन वा लिन नहुने : (१) निर्वाचन अधिकृत वा मतपत्र जिम्मा लिने कर्मचारीले नगद, जिन्सी, सेवा वा अन्य कुनै प्रकारको लाभ लिई वा नलिई वा लिन मञ्जुर गरी वा नगरी त्यस्तो मतपत्र मतदाता बाहेक अन्य व्यक्तिलाई दिन हुँदैन ।

(२) कसैले पनि कसैलाई नगद, जिन्सी वा सेवा दिई वा दिन मञ्जुर गरी वा कुनै किसिमको लोभ देखाई वा कुनै किसिमको डर, त्रास, धाक वा धम्की दिई वा कुनै किसिमको बल प्रयोग गरी वा नगरी गैरकानूनी तवरले मतदान गर्नको लागि कसैबाट मतपत्र प्राप्त गर्न वा गराउन हुँदैन ।

(३) उपदफा (१) वा (२) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना र दुई वर्षसम्म कैद हुनेछ ।

## परिच्छेद -२

## मतदाता तथा मतदाता नामावली सम्बन्धी कसूर तथा सजाय

१४९. आफ्नो विवरण ढाँट्न नहुने : (१) कसैले आफ्नो नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी मतदाताको रुपमा नाम दर्ता गराउन वा दर्ता गराउनको लागि निवेदन दिन वा त्यसरी ढाँटी विरोधपत्र दिनु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतले एक लाख रुपैयाँसम्म जरिबाना र छ महिनासम्म कैद गर्न सक्नेछ ।

१५०. मतदाता नामावली सच्याउन, बिगार्न, नोक्सान गर्न नहुने : (१) कसैले पनि जानी बुझी मतदाता नामावलीमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन वा त्यस्तो मतदाता नामावली कुनै किसिमले बिगार्न, नोक्सान वा नष्ट गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतले पचास हजार रुपैयाँसम्म जरिवाना र एक महिनासम्म कैद गर्न सक्नेछ ।

१५१. कर्मचारीलाई डर, धम्की, प्रलोभन दिन वा बल प्रयोग गर्न नहुने : (१) कसैले पनि मतदाता नामावली तयार गर्ने कार्यमा खटिएका कर्मचारीलाई कुनै किसिमको डर, धम्की वा प्रलोभन दिन वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालन गर्न वा गराउनबाट रोक्नु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतले पचास हजार रुपैयाँसम्म जरिवाना र एक महिनासम्म कैद गर्न सक्नेछ ।

१५२. गोप्यता भङ्ग गर्न नहुने : (१) कसैले पनि मतदाता वा मतदाता नामावली सम्बन्धी यस ऐन बमोजिम गोप्य राख्नु पर्ने कागजात वा विवरणको गोप्यता भङ्ग गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतले पचास हजार रुपैयाँसम्म जरिवाना र एक महिनासम्म कैद गर्न सक्नेछ ।

१५३. विवरण दुरुपयोग गर्न नहुने : (१) कसैले पनि मतदाता नामावली दर्ता गर्ने प्रयोजनको लागि आयोगले सङ्कलन गरेको मतदाताको नाम, थर, वतन, फोटो र अन्य विवरण अनधिकृत रुपमा प्रकाशन वा वितरण गर्न वा जानिजानि दुरुपयोग गर्न वा यस ऐनमा उल्लिखित प्रयोजनको विपरीत हुने गरी प्रयोग गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतले पचास हजार रुपैयाँसम्म जरिवाना र एक महिनासम्म कैद गर्न सक्नेछ ।

## परिच्छेद -३

## मतदान तथा मतगणना सम्बन्धी कसूर तथा सजाय

१५४. अधिकार बिना मतदान गर्न नहुने : (१) कसैले पनि यो ऐन बमोजिम मत दिन पाउने अधिकार बिना कुनै निर्वाचनमा मतदान गर्न हुँदैन ।

(२) कसैले पनि अर्को मतदाताको नामको मतपत्र बुझिलिन वा अर्काको नामबाट मतदान गर्न हुँदैन ।

(३) उपदफा (१) वा (२) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) विपरीतको कार्य कुनै गैर नेपाली नागरिकले गरेमा पाँच लाख रुपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद हुनेछ ।

१५५. पटक पटक मतदान गर्न नहुने : (१) कसैले पनि एउटै निर्वाचनमा एक भन्दा बढी पटक मतदान गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१५६. मत सङ्केत सार्वजनिक गर्न नहुने : (१) कसैले पनि मतपत्रमा मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र कसैलाई देखाउन, प्रदर्शन गर्न, मत सङ्केत स्थलमा मत सङ्केत नगरी त्यस भन्दा बाहिर गई मत सङ्केत गर्न वा मतदान स्थलको क्षेत्रभित्र आफुले कुन उम्मेदवार वा दललाई मतदान गरेको भन्ने कुरा सार्वजनिक गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (१) विपरीतको कार्य गरी कसैले मतपत्र मतपेटिकामा खसाली नसकेको भए मतदान अधिकृतले त्यस्तो मतपत्रलाई छुट्टै खाममा राखी त्यस्तो खाममा सोही व्यहोरा उल्लेख गरी सीलबन्दी गरी मुचुल्का खडा गरी राख्नु पर्नेछ र त्यस्तो मतपत्र गणना गरिने छैन ।

(४) कसैले पनि कुनै मतदातालाई कुनै उम्मेदवार वा राजनीतिक दललाई मतदान गरेको हो भनी प्रकट गर्न बाध्य गर्नु हुँदैन ।

(५) उपदफा (४) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद हुनेछ ।

१५७. मतदानको प्रक्रिया उल्लङ्घन गर्न नहुने : (१) कसैले पनि मतदान गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आयोगले तोकेको प्रक्रिया उल्लङ्घन गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१५८. मतपत्र बाहेक अन्य वस्तु खसाल्न वा राख्न नहुने : (१) कसैले पनि मतपत्र बाहेक अन्य कुनै वस्तु मतपेटिकाभित्र खसाल्न वा राख्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

तर मतपत्र बिगार्ने वा नष्ट गराउने वस्तु वा पदार्थ खसालेमा वा राखेमा दफा १५९ बमोजिम सजाय हुनेछ ।

१५९. मतदान भएको मतपत्र बिगार्न वा नष्ट गर्न नहुने : (१) कसैले पनि मतदाताले मतदान गरी मतपेटिका भित्र खसालेको मतपत्र बिगार्न वा नष्ट गर्न वा मतपत्र बिगार्ने वा नष्ट गराउने कुनै वस्तु वा पदार्थ

मतपेटिकाभित्र खसाल्न वा राख्न वा विद्युतीय उपकरण वा माध्यमद्वारा मत सङ्केत गरिएको अवस्थामा त्यस्तो मतपत्र वा मत सङ्केतलाई निकाल्न वा त्यस्तो मत सङ्केतलाई प्रभाव पार्न सक्ने गरी कुनै संयन्त्र, उपकरण वा विद्युतीय माध्यम बनाउन वा त्यसको प्रयोग गर्न वा त्यस्तो संयन्त्र वा उपकरण अन्य कसैलाई दिन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना र दुई वर्षसम्म कैद हुनेछ ।

१६०. मतदान गर्न बाधा गर्न नहुने : (१) कसैले पनि मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन गौंडा वा बाटो छेक्न वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृत वा अनुगमनकर्ताले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१६१. मतपत्रमा दस्तखत नगरी मतपत्र दिनु नहुने : (१) मतदान अधिकृत वा मतदानमा खटिएको कर्मचारीले मतदान अधिकृतको दस्तखत नभएको मतपत्र जानी जानी मतदातालाई दिनु हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने मतदान अधिकृत वा मतदानमा खटिएको कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय सजाय हुनेछ ।

१६२. मतगणना स्थलमा अनधिकृत रुपमा प्रवेश गर्न नहुने : (१) उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि वा आयोगबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति मतगणना स्थलमा प्रवेश गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई निर्वाचन अधिकृत वा अनुगमनकर्ताले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१६३. मतगणना सम्बन्धी सामग्री बिगार्न वा नोक्सान गर्न नहुने : (१) कसैले पनि मतगणना भइरहेको अवस्थामा मतपेटिका वा मतपत्र वा निर्वाचन सम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, बिगार्न वा कुनै किसिमले नोक्सान गर्न वा निर्वाचन अधिकृतको अनुमति बिना मतगणना स्थलबाट अन्यत्र लैजान हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना र दुई वर्षसम्म कैद हुनेछ ।

१६४. गलत ढङ्गले मतगणना गर्न नहुने : (१) मतगणना अधिकृत वा मतगणनामा संलग्न कुनै कर्मचारीले कुनै मत सदर मत हो भन्ने विश्वास गर्न सकिने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो मत गणना नगर्न वा कुनै मत सदर मत होईन भनी विश्वास गर्न सकिने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो मत गणना गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने निर्वाचन अधिकृत वा कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम कारबाही हुनेछ ।

१६५. हातहतियार साथमा लिएर हिंड्न वा प्रयोग गर्न नहुने : (१) कुनै पनि व्यक्तिले मतदान केन्द्र वा मतगणना स्थल र त्यसको वरिपरि कुनै प्रकारको विष्फोटक पदार्थ वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिंड्न, प्रदर्शन गर्न, प्रयोग गर्न वा गराउन हुँदैन ।

तर निर्वाचनको सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीले कानून बमोजिम लिन पाउने हातहतियार लिई सुरक्षा प्रदान गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना र तीन वर्षसम्म कैद हुनेछ ।

१६६. शान्ति भङ्ग गर्न नहुने : (१) निर्वाचनको लागि मतदान हुने दिनमा मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र मतदानलाई असर पर्ने गरी त्यसको वरिपरिको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा देहायका कुनै काम गरी शान्ति भङ्ग गर्न वा भय, त्रास सिर्जना गर्न वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गर्न वा गराउन हुँदैन :-

(क) साउण्ड सिस्टम, सर्ट मेसेज सर्भिस (एसएमएस), सामाजिक सञ्जाल वा यस्तै अन्य कुनै साधन प्रयोग गरी,

(ख) बाजा बजाउन, नाचगान गर्न, सार्वजनिक भोज गर्न, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गर्न वा हुलहुज्जत वा होहल्ला गरी ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृत वा अनुगमनकर्ताले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

परिच्छेद -४

<u>बाधा अवरोध पुऱ्याउने, डर त्रास देखाउने वा निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी कसूर तथा सजाय</u>

१६७. <u>बाधा अवरोध पुऱ्याउन वा डर त्रास देखाउन नहुने</u> : (१) कसैले निर्वाचनको सिलसिलामा बाधा अवरोध पुऱ्याउने वा डर त्रास देखाउने गरी देहायका कुनै काम गर्नु हुँदैन :-

(क) कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचनको प्रचार-प्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने उद्देश्यले बाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउने,

(ख) कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने,

(ग) कुनै किसिमको क्षति पुऱ्याउने,

(घ) धाक, धम्की वा डर त्रास देखाउने ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना र तीन वर्षसम्म कैद हुनेछ ।

१६८. <u>प्रभाव पार्न नहुने</u> : (१) निर्वाचनको सिलसिलामा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले देहायका कुनै काम गरी कुनै उम्मेदवार वा मतदाता वा निजहरुमध्ये कसैको सरोकार वा स्वार्थ भएको कुनै व्यक्ति वा निर्वाचन अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीलाई कुनै किसिमको प्रभाव पार्न हुँदैन :-

(क) सामाजिक प्रतिष्ठामा आघात पुऱ्याउने, गालि गलौज गर्ने, सामाजिक बहिष्कार गर्ने वा सामाजिक बहिष्कार गर्न धम्की दिने,

(ख) कुनै किसिमले लोभ लालच देखाउने वा आर्थिक प्रलोभन देखाउने,

(ग) कुनै किसिमको भोजभतेरको आयोजना गर्ने,

(घ) धर्म भकाउने वा प्रतिज्ञा गराउने,

(ङ) सामाजिक सञ्जाल मार्फत अन्य कुनै किसिमले प्रभाव पार्ने ।

(२) निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनको काममा संलग्न कर्मचारी, पदाधिकारी, अनुगमनकर्ता वा सुरक्षाकर्मी वा आयोगले खटाएको पर्यवेक्षक वा सञ्चारकर्मी वा कुनै संस्थाले निर्वाचनको कुनै काम गर्दा कानून बमोजिम कुनै उम्मेदवारलाई आ`नो मत दिन बाहेक निर्वाचनमा कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्न वा गराउन हुँदैन ।

(३) उपदफा (१) वा (२) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना र दुई वर्षसम्म कैद हुनेछ ।

१६९. <u>नगद वा जिन्सी दिन वा लिन नहुने</u> : (१) उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन अवधिभित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्नको लागि वा मतदानको अधिकार प्रयोग गरे वा नगरे बापत कुनै किसिमको उपहार, पुरस्कार, इनाम, दानदातव्य वा बकसको रुपमा नगद वा जिन्सी दिन वा दिन मञ्जुर गर्न वा र मतदाताले पनि त्यस्तो प्रयोजनको लागि त्यस्तो नगद वा जिन्सी लिन वा लिन मञ्जुर गर्न र सो प्रयोजनको लागि आयोजना गरिएको भोजमा सहभागी हुन हुँदैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "निर्वाचन अवधि" भन्नाले निर्वाचन हुने मितिभन्दा एकसय बीस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि सम्झनु पर्छ ।

तर एक सय बीस दिनभन्दा कम अवधि रहने गरी निर्वाचन मिति घोषणा भएमा त्यसरी घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिनेछ ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद हुनेछ ।

## परिच्छेद -५

## निर्वाचन प्रचार-प्रसार सम्बन्धी कसूर तथा सजाय

१७०. प्रचार-प्रसार गर्न नहुने : (१) निर्वाचनको सिलसिलामा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले राजनीतिक दल वा उम्मेदवारको नीति तथा कार्यक्रमका सम्बन्धमा प्रचार-प्रसार गर्दा गराउँदा देहायका कुनै उद्देश्यले प्रचार-प्रसार गर्न वा गराउन हुँदैन :-

(क) नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान तथा जनतामा निहित सार्वभौमसत्तामा आँच पुऱ्याउने वा खलल पार्ने,

(ख) कुनै धर्म, जात जाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुऱ्याउने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना र तीन वर्षसम्म कैद हुनेछ ।

१७१. चरित्र हनन गर्न नहुने : (१) उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचनको प्रचार-प्रसार गर्दा निर्वाचनको नतिजामा प्रभाव पार्नका लागि सामाजिक सञ्जाल वा अन्य कुनै माध्यमबाट अर्को कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको कुनै पनि किसिमले चरित्र हनन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद हुनेछ ।

१७२. निर्वाचनको प्रचार-प्रसारमा गर्न नहुने अन्य कार्य : (१) कसैले पनि निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र रङको सामान्य पर्चा वितरण गर्न बाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छाप्न वा छपाउन वा प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) निर्वाचन सम्बन्धी प्रचार-प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजी भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन हुँदैन ।

(३) उपदफा (१) बमोजिम निर्वाचन सम्बन्धी प्रचार-प्रसारको लागि पर्चा तयार गर्दा मुद्रण गर्ने छापाखानाको तथा मुद्रण गर्न लगाउने राजनीतिक दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख नगरी तयार गर्न वा त्यस्तो सामग्री प्रयोग गर्न हुँदैन ।

(४) निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले स्थानीय प्रशासनले अनुमति दिएको स्थानमा गरिने सभा वा भेलामा बाहेक अन्यत्र साउण्ड सिस्टमको प्रयोग गर्न हुँदैन ।

(५) कसैले पनि मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचार-प्रसार गर्न वा गराउन हुँदैन ।

(६) उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचार-प्रसार गर्न हुँदैन ।

(७) उपदफा (१), (२), (३), (४), (५) वा (६) विपरीतको कार्य गर्नेलाई आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले पचास हजार रुपैयाँसम्म जरिवाना गरी उपदफा (३) वा (४) विपरीत प्रयोग भएको सामग्री जफत गर्नेछ ।

(८) उपदफा (१) वा (२) विपरीत राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरे वा गराएमा उपदफा (७) बमोजिमको अधिकारीले त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जफत गर्नेछ र त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिनेछ ।

(९) उपदफा (८) बमोजिमको आदेश पालना नगर्नेलाई उपदफा (७) बमोजिमको अधिकारीले थप पचास हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थान दुरुस्त बनाउन लागेको खर्च असुल उपर गर्न सक्नेछ ।

१७३. <u>अनुचित ढङ्गले सवारी साधनको प्रयोग गर्न नहुने</u> : (१) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले तोकेको सङ्ख्याभन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन प्रयोग गर्न वा गराउन हुँदैन ।

(३) कुनै पनि राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन प्रचार-प्रसारको सिलसिलामा कुनै सवारी साधनको प्रयोग गरी र्‍याली गर्न वा गराउन हुँदैन ।

(४) उपदफा (१), (२) वा (३) विपरीतको कार्य गर्नेलाई आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(५) उपदफा (१) वा (२) विपरीत राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले सवारी साधन प्रयोग गरेकोमा उपदफा (४) बमोजिम जरिबाना गर्ने अधिकारीले त्यस्तो सवारी साधन निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्मको लागि कब्जामा लिनेछ र उपदफा (२) बमोजिमको सवारी साधन प्रयोग भएकोमा त्यस्तो सवारी साधन प्रयोग गर्न दिने अधिकारीलाई विभागीय कारबाही हुनेछ ।

१७४. <u>सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न नहुने</u> : (१) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेका व्यक्ति वा अन्य कुनै व्यक्तिले दफा १४३ विपरीत सरकारी तथा सार्वजनिक सम्पत्ति तथा कर्मचारीको प्रयोग गर्न वा गराउन हुँदैन ।

तर स्थानीय प्रशासनले अनुमति दिएको सार्वजनिक चौरमा कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्नेलाई निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न वा गराउनबाट रोक्न आदेश दिई त्यस्तो कार्य गर्ने राजनीतिक दल, उम्मेदवार वा व्यक्तिलाई कारबाहीको लागि आयोगमा लेखी पठाउनेछ ।

(३) उपदफा (१) विपरीतको कार्य गर्ने राजनीतिक दल, उम्मेदवार वा व्यक्तिलाई आयोगले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) उपदफा (१) मा उल्लिखित सम्पत्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्थाको रहेछ भने त्यस्तो सम्पति प्रयोग गर्न दिने अधिकारीलाई विभागीय कारबाही हुनेछ ।

## परिच्छेद-६

## निर्वाचन प्रचार-प्रसारको आय-व्यय सम्बन्धी कसूर तथा सजाय

१७५. अन्य खाताबाट खर्च गर्नु नहुने : उम्मेदवार वा राजनीतिक दलले निर्वाचन प्रचार-प्रसारमा खर्च गर्दा दफा ७१ को उपदफा (८) वा ८३ को उपदफा (११) मा उल्लिखित बैङ्क खाताबाट खर्च नगरी अन्यत्रबाट खर्च गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) विपरीत खर्च गरे गराएमा आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गरी त्यस्तो व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१७६. आर्थिक सहयोग लिन नहुने : (१) राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार-प्रसारमा दफा १४० विपरीत हुने गरी आर्थिक सहयोग लिन हुँदैन ।

(२) उपदफा (१) विपरीत आर्थिक सहयोग लिने राजनीतिक दल, उम्मेदवार वा व्यक्ति र त्यस्तो आर्थिक सहयोग दिने पदाधिकारी, कर्मचारी वा व्यक्तिलाई आयोगले पाँच लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (१) विपरीत आर्थिक सहयोग दिने सरकारी वा सार्वजनिक निकायको सम्बन्धित अधिकारीलाई विभागीय कारबाही समेत हुनेछ ।

(४) कसैले उपदफा (१) बमोजिमका निकायबाट आर्थिक सहयोग लिएमा आयोगले समय तोकी त्यस्तो रकम आयोगमा दाखिला गर्न आदेश दिनेछ र त्यस्तो रकम आयोगमा दाखिला नगर्ने राजनीतिक दल, उम्मेदवार वा व्यक्तिबाट आयोगले त्यस्तो रकम सरकारी बाँकी सरह असूल उपर गरी त्यस्तो राजनीतिक दल, उम्मेदवार वा व्यक्तिलाई सोही बराबरको रकम जरिबाना गर्नेछ ।

१७७. अन्य व्यक्तिबाट खर्च गराउन नहुने : (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारमा खर्च गर्दा अन्य व्यक्तिबाट खर्च गर्न वा गराउन हुँदैन ।

तर आफ्नो निर्वाचन प्रतिनिधि मार्फत खर्च गर्न बाधा पर्ने छैन ।

(२) कसैले पनि सम्बन्धित राजनीतिक दल वा उम्मेदवारको स्वीकृति बिना त्यस्तो दल वा उम्मेदवारको तर्फबाट खर्च गर्नु हुँदैन ।

(३) उपदफा (१) विपरीतको कार्य गर्नेलाई आयोग वा निर्वाचन अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) उपदफा (२) विपरीतको कार्य गर्नेलाई आयोग वा निर्वाचन अधिकृतले बिगो बमोजिम वा दुई लाख रुपैयाँ मध्ये जुन बढी हुन्छ सो बराबरको जरिबाना गर्न सक्नेछ ।

१७८. <u>आयोगले तोकेको हदभन्दा बढी खर्च गर्न नहुने</u> : (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारमा दफा १३८ बमोजिम तोकिएको निर्वाचन खर्चको हद भन्दा बढी खर्च गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्नेलाई आयोगले त्यसरी भएको बढी खर्च बराबरको रकम जरिबाना गर्न सक्नेछ ।

१७९. <u>निषेधित कार्यको लागि आर्थिक सहयोग लिन वा खर्च गर्न नहुने</u> : (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसार अभियानमा यस ऐन वा निर्वाचन आचारसंहिताले निषेध गरेको काम कारबाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिन वा त्यस्तो काम कारबाहीको लागि खर्च गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम भएको जरिबाना तीस दिनसम्म नबुझाउने उम्मेदवारलाई आयोगले तत्कालै लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्नेछ ।

१८०. <u>निर्वाचन प्रचार-प्रसारमा भएको आम्दानी र खर्चको विवरण बुझाउनु पर्ने</u> : (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारमा भएको आम्दानी र खर्चको विवरण आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आम्दानी र खर्चको विवरण राजनीतिक दल वा उम्मेदवारले सम्बन्धित सबैको जानकारीको लागि आयोगले तोके बमोजिम सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै राजनीतिक दल वा उम्मेदवारले निर्वाचन खर्चको विवरण पेश नगरेमा वा त्यसरी पेश भएको विवरणमा लेखापरीक्षण हुँदा लेखापरीक्षकको प्रतिवेदनको आधारमा अस्वाभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल हुने गरी वा गैरकानूनी प्रयोजनका लागि गैरकानूनी तवरले खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको खर्च बराबरको रकम वा दश लाख रुपैयाँ मध्ये जुन बढी हुन्छ सो बराबरको रकम जरिबाना गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम भएको जरिबाना छ महिनासम्म नबुझाउने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले तत्कालै लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन रोक लगाउन वा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम विवरण सार्वजनिक नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले एक लाख रुपैयाँसम्म जरिबा गरी मनासिब समय तोकी त्यस्तो विवरण सार्वजनिक गर्न आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको समयभित्र त्यस्तो विवरण सार्वजनिक नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले पटकै पिच्छे एक लाख रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

(७) उपदफा (५) वा (६) बमोजिम निर्वाचन खर्च वा जरिबाना नबुझाउने उम्मेदवार निर्वाचित भएको भएमा निजले त्यस्तो विवरण नबुझाएसम्म निर्वाचित भएको पदको पदीय हैसियतमा काम गर्न र त्यस्तो पदको सुविधा समेत लिन पाउने छैन ।

१८१. <u>उम्मेदवारी रद्द हुने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १७६, १७७, १७८, १७९ वा १८० बमोजिम सजाय भएको उम्मेदवारको उम्मेदवारी रद्द हुनेछ र त्यस्तो उम्मेदवार निर्वाचित भई सकेको भए निजको निर्वाचन स्वतः बदर हुनेछ ।

## परिच्छेद-७

## <u>अन्य कसूर तथा सजाय</u>

१८२. <u>गलत लिखतलाई मान्यता दिन नहुने</u> : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीले कुनै लिखत, कागजात, अभिलेख वा विवरण झुट्टा हो भन्ने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो लिखत, कागजात वा अभिलेखलाई कानून बमोजिमको प्रयोजनका लागि मान्यता दिन हुँदैन ।

(२) उपदफा (१) विपरीत कार्य गर्ने निर्वाचन अधिकृत, मतदान अधिकृत वा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१८३. <u>पदीय जिम्मेवारीबाट पन्छिन नहुने</u> : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मी वा आयोगबाट खटाइएको अनुगमनकर्ता आफ्नो पदीय जिम्मेवारीबाट पन्छिन हुँदैन ।

(२) उपदफा (१) विपरीत कार्य गर्ने निर्वाचन अधिकृत, मतदान अधिकृत, कर्मचारी वा सुरक्षाकर्मीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम कारबाही हुनेछ ।

१८४. <u>मतदानको गोपनीयता भङ्ग गर्न नहुने</u> : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मी, अनुगमनकर्ता वा आयोगले निर्वाचनमा खटाएको पर्यवेक्षक वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा मतदाता वा अन्य व्यक्तिले कुनै मतदाताले मत दिएको वा नदिएको वा कुनै उम्मेदवारलाई मत दिएको वा कसले कति मत पाएको वा मतपत्रमा मतदाता चिनिने गरी कुनै पनि किसिमको सङ्केत वा चिन्ह रहेको वा अन्य कुनै कुराहरु कसैलाई भनी, लेखी वा कुनै किसिमले प्रकाशन गरी प्रकट गर्न वा गराउन हुँदैन ।

तर निर्वाचन अधिकृत वा निजबाट अधिकारप्राप्त अधिकारीले मतगणनाको सिलसिलामा उम्मेदवारहरुले पाएको मतसङ्ख्या सार्वजनिक रुपमा जानकारी गराउन वा त्यस्तो जानकारीको आधारमा बोल्न, लेख्न वा प्रकाशन गर्न यस दफाले कुनै बाधा पुर्‍याएको मानिने छैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने निर्वाचन अधिकृतलाई आयोगले र अन्य व्यक्तिलाई आयोग, निर्वाचन अधिकृत वा मतदान अधिकृतले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) वा (२) विपरीतको कार्य निर्वाचन अधिकृत, मतदान अधिकृत, कर्मचारी वा सुरक्षाकर्मीले गरेमा निजलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम कारबाही हुनेछ ।

१८५. <u>निर्वाचनमा प्रतिकूल असर पर्ने अन्य कार्य गर्न नहुने</u> : (१) कसैले पनि यस ऐनमा उल्लिखित कार्यका अतिरिक्त निर्वाचन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्ने अन्य कुनै किसिमको कार्य गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्नेलाई आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ता पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१८६. <u>उद्योग, मद्दत वा दुरुत्साहन गर्न नहुने</u> : (१) कसैले पनि यस ऐन विपरीतको कार्य गर्ने उद्योग गर्न वा त्यस्तो कसूर गर्न मद्दत वा दुरुत्साहन गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीतको कार्य गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

## परिच्छेद-८

## जरिबाना तथा विभागीय कारबाहीको प्रक्रिया

१८७. जरिबाना गर्ने : (१) यस ऐन बमोजिम आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले जरिबाना गर्दा कसूरको गम्भिरताको आधारमा तोकिएको कार्यविधि अपनाई तत्काल जरिबाना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरेको जरिबाना वापतको रकम सम्बन्धित व्यक्तिले बुझाएपछि तत्काल त्यसको रसिद दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिबाना गर्ने अधिकारीले गरेको जरिबाना उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम जरिबाना नबुझाउने व्यक्तिलाई जरिबाना गर्ने अधिकारीले जरिबानाको रकम बापत प्रचलित सङ्घीय कानून बमोजिम कैद गर्न सम्बन्धित प्रहरी कार्यालयमा बुझाइ दिनु पर्नेछ ।

(५) यस ऐन बमोजिम कुनै अधिकारीले एउटै कसूरमा कुनै व्यक्तिलाई एकपटक जरिबाना गरिसकेपछि सोही कसूर बापत अन्य अधिकारीले पुनः जरिबाना गर्न सक्ने छैन ।

(६) यस दफा बमोजिम जरिबाना गर्ने अधिकारीले कुनै व्यक्तिलाई जरिबाना गर्दा त्यस्तो व्यक्तिले गरेको कसूर तथा निजलाई गरिएको जरिबाना सम्बन्धी विवरण सर्वसाधारणको जानकारीको लागि सञ्चार माध्यमबाट तत्काल सार्वजनिक गर्नु पर्नेछ ।

१८८. विभागीय वा अन्य कारबाही : (१) यस ऐन बमोजिम विभागीय कारबाही गर्नुपर्ने कर्मचारी वा सुरक्षाकर्मीलाई आयोग आफैंले विभागीय कारबाही गर्न वा अख्तियारवाला समक्ष विभागीय कारबाहीको लागि लेखी पठाउन सक्नेछ र विभागीय कारबाही नहुने पदाधिकारीको हकमा प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम कारबाही भएको वा कारबाहीको लागि सिफारिस भएको व्यक्तिलाई आयोगले निर्वाचन सम्बन्धी काम कारबाही गर्नबाट तत्काल रोक लगाउनेछ ।

(३) उपदफा (१) बमोजिम कारबाहीको लागि सिफारिस भई आएमा अख्तियारवालाले त्यस्तो व्यक्तिलाई तीन महिनाभित्र कारबाही गरी त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारबाही गरी त्यसको जानकारी आयोगलाई नगराउने अख्तियारवालालाई विभागीय कारबाही गर्न आयोगले नेपाल सरकारलाई लेखी पठाउनु पर्नेछ र यसरी लेखी पठाएको व्यहोरा सबैको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद-९

## अनुसन्धान, मुद्दाको कारबाही तथा किनारा गर्ने प्रक्रिया

१८९. पक्राउ गर्ने प्रक्रिया : (१) आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले मतदान, मतगणना वा निर्वाचनको अन्य कुनै कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग गर्ने वा मद्दत गर्ने वा

त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र त्यस्तो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ ।

(२) यस ऐन विपरीतको कुनै काम गर्ने व्यक्तिलाई वा उपदफा (१) बमोजिम आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले दिएको आदेश नमान्ने व्यक्तिलाई तत्काल पक्राउ गर्नुपर्ने भएमा आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले सम्बन्धित सुरक्षाकर्मीलाई आदेश दिन सक्नेछ । निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले यसरी पक्राउको आदेश दिँदा त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले दिएको आदेश सम्बन्धित सुरक्षाकर्मीले पालना गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिएको आदेश पालना नगर्ने सुरक्षाकर्मीलाई विभागीय कारबाही हुनेछ ।

(५) उपदफा (२) बमोजिम भएको गिरफ्तारी र उपदफा (४) बमोजिम गरिएको विभागीय कारबाहीको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

१९०. मुद्दाको कारबाही तथा किनारा : (१) दफा १४६ को उपदफा (५) र (६), दफा १४७ को उपदफा (५), दफा १४८ को उपदफा (३), दफा १५४ को उपदफा (४), दफा १५६ को उपदफा (५), दफा १५९ को उपदफा (२), दफा १६३ को उपदफा (२), दफा १६५ को उपदफा (२), दफा १६७ को उपदफा (२), दफा १६८ को उपदफा (३), दफा १६९ को उपदफा (२), दफा १७० को उपदफा (२) वा दफा १७१ को उपदफा (२) बमोजिम सजाय हुने कसूर तथा त्यस्तो कसूरको उद्योग, मद्दत वा दुरुत्साहन सम्बन्धी मुद्दाको कारबाही तथा किनारा जिल्ला अदालतले गर्नेछ ।

१९१. नेपाल सरकार वादी हुने : दफा १९० मा उल्लिखित कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्धा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा परेको मानिनेछ ।

१९२. मुद्दाको कार्यविधि : यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

१९३. प्रचलित कानून बमोजिम सजाय हुन सक्ने : यस ऐन बमोजिम कसूर ठहरिने कुनै काम कारबाही अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर बापत कानून बमोजिम कारबाही र सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-१०

## निर्वाचन बदर सम्बन्धी व्यवस्था

१९४. निर्वाचन बदर गर्न उजुर दिन सक्ने : (१) सम्बन्धित उम्मेदवारले देहायका कुनै आधारमा निर्वाचन बदर गरी पाउँ भनी निर्वाचन अधिकृतले निर्वाचन परिणाम प्रकाशन गरेको पैंतीस दिन भित्र उपदफा (२) बमोजिमको अदालतमा उजुरी दिन सक्नेछ :-

(क) निर्वाचनमा भाग-६ अन्तर्गतको परिच्छेद-१, २, ३, ४, ५, ६ र ७ विपरीतको कार्य भएकोले निर्वाचन निष्पक्ष नभएको,

(ख) निर्वाचनमा कुनै व्यक्तिले उम्मेदवार हुनको लागि दिएको मनोनयनपत्र सदर हुनु पर्नेमा सदर नभएको वा बदर वा खारेज हुनु पर्नेमा बदर वा खारेज नभएकोले त्यस्तो निर्वाचनको नतिजामा फरक परेको ।

(२) उपदफा (१) बमोजिम उजुरी दिँदा देहायको अदालत समक्ष दिनु पर्नेछ :-

(क) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा सर्वोच्च अदालत समक्ष,

(ख) सङ्घीय संसद सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धमा सर्वोच्च अदालतको संवैधानिक इजलास समक्ष,

(ग) खण्ड (क) र (ख) मा उल्लेख गरिए बाहेकका यस ऐन बमोजिम हुने अन्य निर्वाचन सम्बन्धमा सम्बन्धित प्रदेशको उच्च अदालत ।

(३) उपदफा (१) बमोजिम दिएको उजुरी प्रमाणित भएमा उपदफा (२) बमोजिमको अदालतले निर्वाचित उम्मेदवारको निर्वाचन बदर गर्नेछ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुरा प्रमाणित भएमा त्यस्तो निर्वाचन बदर हुने छैन :-

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको कुनै काम कारबाही निर्वाचित उम्मेदवार वा निजको प्रतिनिधिको जानकारी वा अनुमति बिना भएको वा निजले निर्वाचनमा त्यस्तो काम कारबाही हुन नदिने प्रयत्न गरेको, वा

(ख) उपदफा (१) को खण्ड (क) मा उल्लेख भएको कुनै काम कारबाहीबाट निर्वाचनको परिणाममा वास्तविक रुपमा असर नपरेको ।

१९५. <u>दोहोऱ्याई मतगणना हुन सक्ने</u> : (१) कुनै निर्वाचनमा सम्बन्धित उम्मेदवारले देहायका आधारमा मत परिणाम फरक परेकोले मतगणना कार्य बदर गरी पाउँ भनी उजुर गर्नुपर्ने कारण सिर्जना भएको मितिले पन्ध्र दिनभित्र दफा १९४ को उपदफा (२) बमोजिमको अदालत समक्ष उजुरी दिन सक्नेछ :-

(क) आफूले बढी मत प्राप्त गरेको भए तापनि अर्को उम्मेदवारले गैरकानूनी तरीकाले बढी मत प्राप्त गरी निर्वाचित भएको,

(ख) बदर हुने मतपत्र बदर नगरेको वा कानून बमोजिम सदर हुने मतपत्र सदर नगरेको,

(ग) कानून बमोजिम मतगणना गर्नुपर्नेमा त्यस बमोजिम नगरी मतगणना गरेको ।

(२) उपदफा (१) बमोजिम दिएको उजुरीमा उल्लेख गरेका विषय पुष्टी हुने मनासिब आधार भएमा अदालतले आधार र कारण खुलाई त्यस्तो मतगणना कार्य बदर गरी दोहोऱ्याई मतगणना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मतगणना गर्दा उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा सम्बन्धित सबै उम्मेदवारले पाएको मत गणना गर्नु पर्नेछ ।

तर मतगणनाको रीतपूर्वक जानकारी दिएकोमा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मतगणना गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम मतगणना गर्दा उजुरवाला उम्मेदवार वा अन्य कुनै उम्मेदवारले बढी मत पाएको प्रमाणित भई त्यसको कारणले निर्वाचन परिणाम फरक पर्ने देखिएमा निर्वाचित उम्मेदवारको निर्वाचन परिणाम बदर हुनेछ र अदालतले बढी मत पाउने उम्मेदवार निर्वाचित भएको निर्णय गर्नेछ ।

१९६. <u>मत बराबर भएमा गोला हाली निर्णय गर्ने</u> : दफा १९५ बमोजिम मतगणना गर्दा दुई वा दुईभन्दा बढी उम्मेदवारहरुले पाएको मत सङ्ख्या बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा अदालतले मत बराबर पाउने उम्मेदवारहरु बीच गोला हाली निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय बमोजिम छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरी निर्वाचित भएको मानिनेछ ।

१९७. <u>मतदान गरेको विषयमा नसोधिने</u> : यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत चलेको कुनै मुद्दा मामिला वा कानूनी कारबाहीमा कुनै पनि साक्षी वा अन्य कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी सोधिने छैन ।

१९८. <u>धरौटी राख्नु पर्ने</u> : (१) दफा १९४ वा १९५ बमोजिम उजुरी दिँदा पच्चीस हजार रुपैयाँ धरौटी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी झुट्टा ठहरेमा त्यस्तो धरौटी जफत हुनेछ ।

१९९. <u>प्रमाण नलाग्ने</u> : यस ऐन बमोजिमको मुद्दाको कारबाहीको सिलसिलामा अदालतले सोधेको कुनै प्रश्नको सम्बन्धमा कुनै साक्षीले दिएको जवाफ निजको विरुद्धमा चलेको कुनै मुद्दामा प्रमाण लाग्ने छैन र त्यस्तो जवाफलाई प्रमाणको रुपमा पेश गर्न पाइने छैन ।

२००. <u>उजुरी फिर्ता लिन सक्ने</u> : उजुरवालाले दफा १९४ वा १९५ बमोजिम दिएको उजुरी अदालतको अनुमतिले फिर्ता लिन सक्नेछ ।

तर कुनै अनुचित लाभको लागि उजुरी फिर्ता लिन निवेदन दिएको हो भन्ने लागेमा अदालतले त्यस्तो उजुरी फिर्ता लिन अनुमति दिने छैन ।

## भाग -७

## <u>विविध</u>

२०१. <u>सुरक्षा प्रबन्ध गर्न लेखी पठाउन सक्ने</u> : (१) आयोगले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारलाई लेखी पठाउन सक्नेछ ।

(२) आयोगबाट उपदफा (१) बमोजिम आयोगबाट लेखी आएमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले प्रभावकारी सुरक्षा प्रबन्ध मिलाई सुरक्षा योजनाका बारेमा आयोगलाई जानकारी गराउनु पर्नेछ ।

२०२. <u>अनुगमन गर्ने वा गराउने</u> : (१) आयोगले आयोगका पदाधिकारी वा कर्मचारी वा नेपाल सरकारका कर्मचारी वा प्रदेश सरकारका कर्मचारी वा विशेषज्ञ सहितका टोली गठन गरी निर्वाचन प्रचार-प्रसार, निर्वाचनसँग सम्बन्धित मतदान, मतगणना वा अन्य काम कारबाहीको अनुगमन गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले टोली गठन गर्दा अनुगमन गर्ने निर्वाचन क्षेत्र, अनुगमन गर्दा अपनाउनु पर्ने कार्यविधि र त्यस्ता टोलीले अनुगमनको काम सम्पन्न गर्नुपर्ने समय समेत निर्धारण गर्नु पर्नेछ ।

२०३. <u>पर्यवेक्षण गर्न पाउने</u> : (१) निर्वाचनमा पर्यवेक्षण गर्न चाहने कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले आयोगको अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरेका व्यक्ति वा संस्थाले आयोगले पर्यवेक्षणका निमित्त तोके बमोजिमको कार्यविधि पूरा गरी पर्यवेक्षण गर्न पाउनेछ ।

(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरेका व्यक्ति वा संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको तीस दिन भित्र त्यसको प्रतिवेदन आयोगमा बुझाउनु पर्नेछ ।

(४) यस दफा बमोजिम पर्यवेक्षणका लागि अनुमति प्राप्त गरेका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले पर्यवेक्षण गर्दा आयोगले बनाएको आचारसंहिता पालना गर्नु पर्नेछ ।

(५) निर्वाचनमा पर्यवेक्षण गर्न अनुमति प्राप्त गरेका व्यक्ति वा संस्थाले उपदफा (२) बमोजिमको कार्यविधि पालना नगरी पर्यवेक्षण गरेमा वा उपदफा (४) बमोजिम आचारसंहिता पालना नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई निर्वाचनमा पर्यवेक्षण गर्न दिइएको अनुमतिपत्र आयोगले रद्द गर्नेछ ।

२०४. विवाद निरुपण गर्ने : निर्वाचनको मिति घोषणा भए पछि उत्पन्न हुने निर्वाचन सम्बन्धी विवाद आयोगले निरुपण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवाद निरुपण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०५. निर्वाचन रद्द गर्न सक्ने : (१) कसैले धाक, धम्की, डर वा त्रास देखाई वा अन्य कुनै किसिमले अनुचित प्रभावमा पारी कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्रमा निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुर्‍याउने काम गरेको छ भनी आयोगमा उजुरी परेमा वा त्यस्तो कुराको जानकारी आयोगलाई प्राप्त भएमा आयोगले कुनै आयुक्त, सचिव वा आयोगबाट अधिकार प्रदान गरिएको अन्य कुनै अधिकारीबाट त्यस सम्बन्धमा तत्काल जाँचबुझ गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले गराएको जाँचबुझको प्रतिवेदनबाट निर्वाचनको कुनै काम स्वतन्त्र र निष्पक्ष नभएको कुरामा आयोग विश्वस्त भएमा त्यस्तो कुरा खुलाई त्यस्तो निर्वाचन क्षेत्रको निर्वाचन वा त्यस्तो निर्वाचन क्षेत्रको कुनै वा सबै मतदान केन्द्रको मतदानको काम रद्द गर्न सक्नेछ ।

२०६. आदेश जारी गर्ने : (१) आयोगले संविधान तथा यस ऐन बमोजिम निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने प्रयोजनका लागि आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश पालना गर्नु देहायका निकाय, संस्था, सङ्गठन वा व्यक्तिहरुको कर्तव्य हुनेछ :-

(क) सरकारी वा अर्धसरकारी निकाय वा संस्था,

(ख) निजी क्षेत्र वा गैरसरकारी संस्था,

(ग) राजनीतिक दल तथा त्यसका पदाधिकारी,

(घ) मतदाता,

(ङ) उम्मेदवार र निजका प्रतिनिधि,

(च) निर्वाचनको प्रचार-प्रसार तथा अनुगमनमा संलग्न व्यक्तिहरु,

(छ) आयोगले समय-समयमा तोकेको संस्था वा व्यक्ति ।

(३) आयोगले निर्वाचन सञ्चालनको लागि निर्वाचनको काममा खटिएका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिम आयोगले जारी गरेको आदेश र निर्देशन पालना गर्नु नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारी कार्यालय तथा निकाय, सरकारी, अर्धसरकारी तथा गैरसरकारी संस्था तथा निकाय, राजनीतिक दल, उम्मेदवार, निजको प्रतिनिधि, निर्वाचन सम्बन्धी काम कारबाहीको प्रचार-प्रसार गर्ने व्यक्ति तथा निर्वाचनको काममा खटिएका कर्मचारी समेतको कर्तव्य हुनेछ ।

(५) यस दफा बमोजिम आयोगले जारी गरेको आदेश उल्लङ्घन गर्ने राजनीतिक दल, उम्मेदवार तथा अन्य सरोकारवाला निकाय, संस्था, सङ्गठन वा व्यक्तिलाई आयोगले पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२०७. मद्दत लिन सकिने : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत वा आयोगले निर्वाचनको काममा खटाएको अनुगमन टोली, पर्यवेक्षक वा अन्य कुनै अधिकृतले निर्वाचनको कामको सिलसिलामा कुनै पनि सरकारी वा सुरक्षा निकायको मद्दत लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मद्दत मागिएमा आवश्यक मद्दत पुर्‍याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२०८. कारबाही गर्न सक्ने : कुनै निर्वाचन अधिकृतले संविधान, यो ऐन तथा आयोगले दिएको निर्देशन विपरीत कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतको नियुक्ति बदर गरी अर्को निर्वाचन अधिकृत नियुक्त गर्न वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

२०९. अधिकार प्रत्यायोजन : आयोगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त कुनै अधिकार शर्त तोकी वा नतोकी प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा कुनै राजपत्राङ्कित अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१०. नियम बनाउन सक्ने : आयोगले यो ऐन कार्यान्वयन गर्नको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

२११. निर्देशिका वा कार्यविधि बनाउन सक्ने : आयोगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ र त्यस्तो निर्देशिका वा कार्यविधि सार्वजनिक गर्नु पर्नेछ ।

२१२. खारेजी तथा बचाउ : (१) देहायका ऐन खारेज गरिएका छन् :-

(क) राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५,

(ख) राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४,

(ग) प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४,

(घ) प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४,

(ङ) स्थानीय तह निर्वाचन ऐन, २०७३,

(च) मतदाता नामावली ऐन, २०७३,

(छ) निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ ।

(२) उपदफा (१) बमोजिमका ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ४४ को उपदफा (३) र दफा १११ को उपदफा (१) सँग सम्बन्धित)

<u>राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको प्रयोजनको लागि सङ्घीय संसद र प्रदेश सभाका सदस्यको मतभार</u>

१. सङ्घीय संसदका सदस्यको मतभार :-

$$\frac{\text{कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार)}}{\text{सङ्घीय संसदका सदस्यको कूल सङ्ख्या}} \div \text{१०००}$$

उदाहरणार्थ : संवत् २०६८ को जनगणना अनुसारको कूल जनसङ्ख्याको आधारमा

$$\frac{\text{२,६४,९४,५०४}}{\text{३३४}} \div \text{१०००}$$

कायम हुने मतभार : ७९

२. प्रदेश सभाका सदस्यको मतभार :-

$$\frac{\text{कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसा}}{\text{प्रदेश सभा सदस्यको कूल सङ्ख्या}} \div \text{१०००}$$

उदाहरणार्थ : संवत् २०६८ को जनगणना अनुसारको कूल जनसङ्ख्याको आधारमा

$$\frac{\text{२,६४,९४,५०४}}{\text{५५०}} \div \text{१०००}$$

कायम हुने मतभार : ४८

## अनुसूची-२
(दफा ४९ को उपदफा (३) र दफा ११७ को उपदफा (१) सँग सम्बन्धित)

### राष्ट्रिय सभा सदस्य निर्वाचनको प्रयोजनको लागि प्रदेश सभाका सदस्य र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको मतभार

१. प्रदेश सभाका सदस्यको मतभार :-

$$\frac{\text{कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार)}}{\text{प्रदेश सभा सदस्यको कूल सङ्ख्या}} \div १०००$$

उदाहरणार्थ : संवत् २०६८ सालको जनगणना अनुसारको कूल जनसङ्ख्याको आधारमा

$$\frac{२,६४,९४,५०४}{५५०} \div १०००$$

कायम हुने मतभार : ४८

२. गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको मतभार :-

$$\frac{\text{कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार)}}{\text{जम्मा गाउँपालिका र नगरपालिकाको सङ्ख्या} \times २} \div १०००$$

उदाहरणार्थ : संवत् २०६८ सालको जनगणना अनुसारको कूल जनसङ्ख्या र हाल कायम रहेको गाउँपालिका र नगरपालिकाको सङ्ख्याको आधारमा

$$\frac{२,६४,९४,५०४}{७५३\times२} \div १०००$$

कायम हुने मतभार : १८

अनुसूची -३

(दफा ८३ को उपदफा (५) र दफा ११९ को उपदफा (६) सँग सम्बन्धित)

प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली तर्फ उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार

| क्र.सं. | प्रतिनिधित्व हुने समूह | | प्रतिशत |
|---|---|---|---|
| १. | दलित | | १३.८ |
| २. | आदिवासी जनजाति | | २८.७ |
| ३. | खस आर्य | | ३१.२ |
| ४. | मधेशी | | १५.३ |
| ५. | थारु | | ६.६ |
| ६. | मुस्लिम | | ४.४ |

द्रष्टव्य : **दलले उम्मेदवारको बन्दसूची पेश गर्दा पिछडिएका क्षेत्रबाट ...... प्रतिशत र अपाङ्गता भएका व्यक्तिहरुबाट ...... प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।**

## अनुसूची -४

(दफा ८३ को उपदफा (५) र दफा ११९ को उपदफा (६) सँग सम्बन्धित)

**प्रदेश सभा सदस्यको निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली तर्फ उम्मेदवारको बन्दसूची‌को लागि समावेशी आधार**

१. **प्रदेश नं. १ को लागि** :

| | |
|---|---|
| (क) दलित | १०.०६ प्रतिशत |
| (ख) आदिवासी जनजाति | ४६.७९ प्रतिशत |
| (ग) खस आर्य | २७.८४ प्रतिशत |
| (घ) मधेशी | ७.५७ प्रतिशत |
| (ङ) थारु | ४.१५ प्रतिशत |
| (च) मुस्लिम | ३.५९ प्रतिशत |

द्रष्टव्य : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट १७.५३ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएका क्षेत्रबाट ०.४४ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

२. **मधेश प्रदेशको लागि** :

| | |
|---|---|
| (क) दलित | १७.२९ प्रतिशत |
| (ख) आदिवासी जनजाति | ६.६१ प्रतिशत |
| (ग) खस आर्य | ४.८९ प्रतिशत |
| (घ) मधेशी | ५४.३६ प्रतिशत |
| (ङ) थारु | ५.२७ प्रतिशत |
| (च) मुस्लिम | ११.५८ प्रतिशत |

द्रष्टव्य : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट २५.१७ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट २.११ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

३. **बागमती प्रदेशको लागि** :

| | |
|---|---|
| (क) दलित | ५.८४ प्रतिशत |
| (ख) आदिवासी जनजाति | ५३.१७ प्रतिशत |
| (ग) खस आर्य | ३७.०९ प्रतिशत |

(घ) मधेशी १.५७ प्रतिशत

(ङ) थारु १.६६ प्रतिशत

(च) मुस्लिम ०.६७ प्रतिशत

<u>द्रष्टव्य</u> : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट ७.७७ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट १.०० प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

४. **<u>गण्डकी प्रदेशको लागि</u>** :

(क) दलित १७.४४ प्रतिशत

(ख) आदिवासी जनजाति ४२.३७ प्रतिशत

(ग) खस आर्य ३७.२४ प्रतिशत

(घ) मधेशी ०.५२ प्रतिशत

(ङ) थारु १.७२ प्रतिशत

(च) मुस्लिम ०.७१ प्रतिशत

<u>द्रष्टव्य</u> : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट ६.०२ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट ०.०८ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

५. **<u>लुम्बिनी प्रदेशको लागि</u>** :

(क) दलित १५.११ प्रतिशत

(ख) आदिवासी जनजाति १९.५८ प्रतिशत

(ग) खस आर्य २८.८४ प्रतिशत

(घ) मधेशी १४.३५ प्रतिशत

(ङ) थारु १५.१८ प्रतिशत

(च) मुस्लिम ६.९४ प्रतिशत

<u>द्रष्टव्य</u> : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट ८.४७ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट १.१७ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

६. **<u>करणाली प्रदेशको लागि</u>** :

(क) दलित २३.२५ प्रतिशत

(ख) आदिवासी जनजाति १३.६३ प्रतिशत

(ग) खस आर्य ६२.२ प्रतिशत

(घ) मधेशी ०.२४ प्रतिशत

(ङ) थारु ०.५ प्रतिशत

(च) मुस्लिम ०.१८ प्रतिशत

द्रष्टव्य : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट १.४७ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट ३२.४ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

७. **सुदुर पश्चिम प्रदेशको लागि** :

| | |
|---|---|
| (क) दलित | १७.२९ प्रतिशत |
| (ख) आदिवासी जनजाति | ३.६१ प्रतिशत |
| (ग) खस आर्य | ६०.०२ प्रतिशत |
| (घ) मधेशी | १.६४ प्रतिशत |
| (ङ) थारु | १७.२१ प्रतिशत |
| (च) मुस्लिम | ०.२३ प्रतिशत |

द्रष्टव्य : दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट २.३७ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट १२.७८ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

अनुसूची - ५

(दफा ११९ को उपदफा (२) सँग सम्बन्धित)

## प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्राप्त मतको मत परिणाम विभाजक सूत्र

मत परिणाम विभाजक सूत्र अनुसार प्रत्येक राजनीतिक दलको लागि खसेको मतलाई भाग गर्ने पद्धतिले श्रृङ्खलाबद्ध रुपमा भाग गरिनेछ । यस अनुसार प्रत्येक राजनीतिक दलले प्राप्त गरेको मत परिणामलाई धेरै भाजकहरुले भाग गरिन्छ । (उदाहरण : १, ३, ५, ७, ९ आदि) त्यसरी भाग प्राप्त हुने नतिजालाई राजनीतिक दलको भागफल (क्योसेन्ट) भनिन्छ । भागफल प्राप्त भएपछि सीट सङ्ख्याहरु ठूलो भागफलबाट सानोलाई बाँडफाँड गर्दै सीट नसकिंदासम्म बाँडफाँट गरिनेछ । यसरी बाँडफाँड गर्दा कुनै राजनीतिक दलले जतिसुकै मत प्राप्त गरेको भए तापनि त्यस्तो राजनीतिक दलले बन्दसूचीमा सूचीकृत गरेको उम्मेदवार सङ्ख्यामा सीमित रही त्यस्तो राजनीतिक दलले प्राप्त गर्ने सीटको बाँडफाँड गरिनेछ ।